सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ भदौ २०८०, शुक्रबार (15 Sep 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १५५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सुन तस्करीमा अधुरो अनुसन्धान

विमानस्थलको सेटिङ खोतल्न सिआइबी असफल



प्रहरीले सकेन सुन तस्कर र कर्मचारीबीचको सम्बन्ध स्थापित गर्न


सुन किन्नेहरू पत्ता लागेनन्

दुई महिना थुनेपछि निर्दोष रहेको निष्कर्ष

पृष्ठ ३

किम-पुटिन

भेटको अर्थ



मस्कोसँगको सम्बन्ध विस्तारलाई किमले आफ्नो वर्षौंदेखि भोगिरहेको एक्लोपनलाई पार लगाउने एक विकल्पको रूपमा हेरेका छन् । उत्तर कोरियाली नेताहरूले लामो समयदेखि विश्व नेताहरूसँगको आमने-सामने भेटघाटलाई देशभित्र अन्तर्राष्ट्रिय महत्त्वको परिघटनाका रूपमा प्रस्तुत गर्ने गरेका छन् ।

पृष्ठ ७

विद्युत् व्यापार, प्रसारण र वितरण निजी क्षेत्रलाई खुला, तर उत्पादनमै कडाइ



लाइसेन्स अवधि १० वर्ष घटाइयो, निजी क्षेत्र आफैंले पहिचान गरेर आयोजना बनाउन नपाउने

पृष्ठ ९

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

राष्ट्रिय ध्वजावाहक दुई न्यारोबडी २० महिनामा २२० दिन ग्राउन्डेड

जहाज नउड्दा निगमले गुमायो झन्डै साढे दुई अर्ब आम्दानी, इन्जिन मर्मत र भाडाको इन्जिनमा पनि डेढ अर्ब खर्च

नवीन अर्याल/नयाँ पत्रिका

पछिल्ला २० महिनामा नेपाल वायुसेवा निगम (नेवानि)का दुईवटा न्यारोबडी एयरबस-३२० जहाज दुई सय २० दिन ग्राउन्डेड भएका छन् । यसबाट निगमलाई तीन अर्ब ८३ करोड रुपैयाँ नोक्सानी भएको छ ।


न्यारोबडी ९एन-एकेडब्लू 'सगरमाथा'ले कतारको दोहा विमानस्थलमा ग्राउन्डेड हुँदा ७५ दिन र फेरि काठमाडौंमा ग्राउन्डेड हुँदा ६२ दिन व्यावसायिक उडान गर्न पाएन । अर्को न्यारोबडी ९एन-एकेएक्स 'लुम्बिनी' पनि गत ३१ असार (१६ जुलाई)देखि त्रिभुवन विमानस्थलमा ग्राउन्डेड छ । इन्जिनमा समस्या आएर थन्किएको बिहीबार ६१ दिन पुग्दासमेत जहाज कहिलेबाट उड्ने हो अझै टुंगो छैन ।

यसबाहेक पनि छोटो समयका लागि पटक-पटक गरेर दुवै जहाज २२ दिन ग्राउन्डेड भएका थिए । ०८० असारको अन्तिम साता दुईवटै न्यारोबडी एकसाथ ग्राउन्डेड हुँदा निगमको अन्तर्राष्ट्रिय उडान अस्तव्यस्त बनेको थियो । त्रिभुवन विमानस्थलमा बोर्डिङ पास लिइसकेका यात्रुसमेत उड्न नपाएपछि निगमको केन्द्रीय कार्यालय न्युरोडमा पुगेर विरोध जनाएका थिए

निगमसँग दुई सय ७४ सिट क्षमताका दुईवटा वाइडबडी र एक सय ५८ सिट क्षमताका दुईवटा न्यारोबडी जहाज छन् । चारवटै जहाजबाट फागुन र चैतमा तीन अर्ब १५ करोड ६५ लाख आम्दानी गरेको थियो । दुईवटा वाइडबडीलाई तीनवटा न्यारोबडीसरह मानेर हिसाब निकाल्दा पनि एक न्यारोबडीले दैनिक सरदर एक करोड पाँच लाख आम्दानी गर्ने देखिन्छ । यस हिसाबले न्यारोबडी जहाज दुई सय २० दिन ग्राउन्डेड हुँदा दैनिक एक करोड पाँच लाखका दरले दुई अर्ब ३१ करोडभन्दा बढी आम्दानी गुमाउनुपरेको

» पृष्ठ ११ मा क्रमशः

■ ६१ दिनदेखि काठमाडौंमा ग्राउन्डेड ९एन-एकेएक्स कहिले उड्छ अझै टुंगो छैन



गत ३१ असार (१६ जुलाई)मा अर्को न्यारोबडी एकेएक्स पनि ग्राउन्डेड भयो, जुन अहिलेसम्म थन्किएकै छ । हालै मात्र इजरायलको आइएआईलाई इन्जिन मर्मतको जिम्मा दिने तथा सोही कम्पनीसँग भाडाको इन्जिन पनि लिने सम्झौता भएको छ । ग्राउन्डेड भएको बिहीबार ६१ दिन पुगेको जहाजले व्यावसायिक उडान कहिले गर्छ अझै टुंगो छैन ।

इन्जिन मर्मत र भाडाका लागि कम्पनी छनोट भइसकेको छ, चाँडै उड्छ



● **रमेश पौडेल**, प्रवक्ता, नेपाल एयरलाइन्स

इन्जिन मर्मत तथा भाडामा लिनका लागि कम्पनी छनोट भएर सम्झौता भइसकेको छ । अहिले हामीले कम्पनीसँग मेन्टेनेन्स स्लट कुरेर बसेका छौं । त्यो कन्फर्म भइसकेको छैन । विश्वमै जहाज मर्मत गर्ने एमआरओ थोरै छन् । त्यही भएर जहाज मर्मतका लागि स्लट पाउन समय लाग्छ । त्यहाँ क्यु लाग्नुपर्छ । स्लट नपाएर ढिलाइ भएको हो । अबको चार-पाँच दिनमा जहाज इजरायल जान्छ । बिग्रिएको इन्जिन मर्मत गर्न दिएर भाडाको इन्जिन राखेर उडान सुरु गर्छौं । इन्जिन फेर्न अर्को चार-पाँच दिन लाग्ला । सेप्टेम्बर पहिलो सातामै जहाज उडाउने भनिए पनि स्लट नपाउँदा समस्या आएको हो ।

एकेडब्लू जहाज दोहा र काठमाडौंमा १३७ दिन ग्राउन्डेड हुँदा एक अर्ब ४४ करोड आम्दानी गुम्यो

१३ पुस ०७८ मा कतारको दोहामा अवतरणपछि पार्किङतर्फ लैजाँदा न्यारोबडी ९एन-एकेडब्लूमा समस्या आएपछि बायाँ इन्जिन मर्मत गर्नुपर्ने देखियो । जहाज ग्राउन्डेड भएको डेढ महिनापछि मात्र एओजी बेसिसमा एमआरओ छनोट प्रक्रिया अगाडि बढाइयो । ३ मार्च २०२२ मा इजरायली कम्पनी एमटियूसँग ९० दिनका लागि प्रतिदिन दुई हजार डलर, प्रतिसाइकल २३९ डलर र प्रतिघन्टा २७६ डलर भाडा तिरेर इन्जिन लिने तय भयो । त्यतिन्जेलसम्म जहाज ६९ दिन ग्राउन्डेड भइसकेको थियो, भाडाको इन्जिन राखेर १२ मार्च २०२२ मा व्यावसायिक उडान थाल्दा ७५ दिन पुग्यो । यसबाट निगमको करिब ७९ करोड आम्दानी गुम्यो । भाडाको इन्जिन राखेर उडिरहेको सो जहाज ३० जुलाई २०२२ फेरि काठमाडौंमा ग्राउन्डेड भयो । बोरोस्कोप गर्दा जहाजको दायाँ इन्जिन मर्मत गर्नुपर्ने देखियो, ५३ दिनसम्म ग्राउन्डेड भयो । आइएआईले इन्जिन मर्मत गरेपछि २२ सेप्टेम्बर २०२२ मा बल्ल जहाज इन्जिन फेर्नका लागि इजरायल गयो । इन्जिन फेरेर ६२ दिनपछि मात्रै व्यावसायिक उडानमा आउँदा निगमले करिब ६५ करोडभन्दा बढी आम्दानी गुमायो ।

९० दिनका लागि भाडामा ल्याएको इन्जिन ५४३ दिनपछि मात्रै फिर्ता, ३४ करोड ८६ लाख खर्च

एकेडब्लू दोहामा ग्राउन्डेड भएपछि निगमले इजरायली कम्पनी एमटियूसँग ९० दिनका लागि इन्जिन भाडामा लिएको थियो । एमटियूअन्तर्गतकै कम्पनी 'इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)' लाई इन्जिन मर्मतको जिम्मा पनि दिइयो । तीन महिनामा इन्जिन मर्मत गरिदिनुपर्नेमा उसले नौ महिना लगाइदियो । त्यतिन्जेलसम्म दायाँ इन्जिन बिग्रेर सोही जहाज फेरि काठमाडौंमा ग्राउन्डेड भएको ५० दिन नाघिसकेको थियो । भाडाको इन्जिन झुन्ड्याएर एकेडब्लू जहाज ५३ दिनसम्म विमानस्थलमा थन्कियो । इजरायलमा मर्मत गरिएको इन्जिन जडान गरेर व्यावसायिक उडान थाल्दा ६२ दिन पुगिसकेको थियो । दायाँतर्फको इन्जिन जर्मनीको लुफ्थान्सा कम्पनीलाई मर्मत गर्ने जिम्मा दिइयो । मर्मत गरिएको बायाँ इन्जिन जडान गर्दा दायाँ इन्जिन इजरायलमै छाडिएको थियो । त्यहाँबाट जर्मनी पठाउनै तीन महिना ढिलो गरियो । लुफ्थान्साले पनि समयमै इन्जिन मर्मत गरेर दिएन । ८ अगस्ट २०२३ मा मात्रै दियो । ३० अगस्ट मात्रै भाडाको इन्जिनको सम्झौता खारेज गरियो । यसरी ५४३ दिन राख्दा इन्जिनको भाडाबापत मात्रै ३४ करोड ८६ लाख तिर्नुपऱ्यो ।

इन्जिन मर्मतमा एक अर्ब १६ करोड खर्च

आइएआईले एकेडब्लूको बायाँ इन्जिन मर्मतको साढे ४२ लाख डलरको बिल दिएको थियो । बिल चुस्त नभएको भन्दै विरोध भएपछि छानबिन गर्न समिति गठन गरियो । एक महिनाको समय पाएको पाँच सदस्यीय समितिले 'रकम ठीक हो' भनेर पाँच महिनामा प्रतिवेदन दियो । पछि ४० लाख डलरको बिल स्वीकृत गरेर भुक्तानी गरियो । त्यस्तै, दायाँ इन्जिन मर्मत गर्न लुफ्थान्सालाई ४७ लाख डलर लागत अनुमान गरी हस्तान्तर गरिएको थियो । जुन २०२३ सम्म इन्जिन मर्मत गरेर दिनुपर्ने सर्त थियो । तर, उसले पनि समयमै दिएन । उसको बिल निगमले गोप्य नै राखेको छ ।

■ कान्तिको इमर्जेन्सीमा बालिका मृत्युबारे छानबिन समितिको प्रतिवेदन

बिरामी हेर्दाहेर्दै आधा घन्टा गायब भएका थिए डाक्टर

शिवहरि घिमिरे/नयाँ पत्रिका

कान्ति बाल अस्पतालको इमर्जेन्सी वार्डमा पालो कुर्दाकुर्दै उपचार नपाएर मकवानपुरकी पाँच वर्षीया बालिका रेजिशा गोपालीको मृत्यु हुनुमा चिकित्सकको समेत गम्भीर लापरबाही देखिएको छ । बालिकाका आफन्तले पटक-पटक अनुनय गर्दा पनि सेक्युरिटी गार्डले पालोमा राखेको, तर सोही समयमा चिकित्सक भने आधा घन्टा इमर्जेन्सी कक्षबाटै गायब भएको छानबिनबाट पुष्टि भएको हो ।

अस्पतालको लापरबाहीका कारण १८ भदौमा बालिकाको मृत्यु भएको खबर २१ भदौमा नयाँ पत्रिकाले प्रकाशित गरेपछि सोही दिन डा. प्रकाश जोशीको संयोजकत्वमा नर्सिङ अधिकृत अजिता सिलवाल र शाखा अधिकृत डम्बरु दाहाल सदस्य रहेको छानबिन समिति गठन भएको थियो । उक्त समितिले स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई प्रतिवेदन बुझाएको छ ।

'एक डाक्टर बिरामी हेर्दाहेर्दै बाहिर निस्किएर आधा

» पृष्ठ ११ मा क्रमशः

लापरबाही गर्नेमाथि कारबाही गर्छु

मोहनबहादुर बस्नेत, स्वास्थ्यमन्त्री



घटना हुँदा म इजिप्टमा थिएँ, खबर थाहा पाएपछि तत्काल फोन गरेर छानबिनका लागि निर्देशन दिएको थिएँ । अहिले छानबिन प्रतिवेदन आइसकेको छ । एक चिकित्सक र एक सेक्युरिटी गार्डले लापरबाही गरेको देखिएको छ । एक डाक्टर बिरामी हेर्दाहेर्दै बाहिर निस्किएर आधा घन्टा हराउनुभएको र बिरामी (रेजिशा)का आफन्त धेरैपटक भित्र-बाहिर गरेको देखिएको प्रतिवेदनमा उल्लेख छ । बिरामीका आफन्त बच्चाको उपचार गरिदिन छटपटाएको देख्दादेख्दै चिकित्सक भने उपचार नै छाडेर गायब हुनु हदैसम्मको लापरबाही हो । त्यस्तो, लापरबाही गर्नेमाथि प्रतिवेदनका आधारमा कारबाही गर्छु ।

■ सर्वोच्चको परमादेश

थप सन्धि सम्झौता गरेर भए पनि खुला सिमाना व्यवस्थापन तथा नियमन गर्नू

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले थप सन्धि सम्झौता गरेर भए पनि आपसी समानता, सम्मान र पारस्परिक हित एवं चासोका आधारमा खुला सिमाना व्यवस्थापन तथा नियमन गर्न सरकारका नाममा परमादेश दिएको छ । सर्वोच्चले नेपाल र भारतबीचको सीमाका विषयमा चार विषय उठान गर्दै सीमा क्षेत्र नियमन गर्न परमादेश दिएको हो । नेपाल र भारतबीच झन्डै एक हजार आठ सय किलोमिटर सिमाना जोडिएको छ, कतिपय ठाउँमा समस्या छन् ।

वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीका साथै सीमाविज्ञ बुद्धिनारायण श्रेष्ठसमेत ६ जनाले दायर गरेको रिटमाथि दुई वर्षअघि सर्वोच्चले फैसला सुनाएको थियो । तर, संयुक्त इजलासबाट भएको फैसलाको पूर्णपाठ भने हालै मात्रै सार्वजनिक भएको हो । जसमा सामाजिक-सांस्कृतिक सम्बन्ध, परम्परा वा अन्य कुनै कारण देखाएर अवैध गतिविधि नियन्त्रणको जिम्मेवारीबाट राज्य पन्छिन नमिल्ने

» पृष्ठ ११ मा क्रमशः



- सामाजिक-सांस्कृतिक सम्बन्ध, परम्परा वा अन्य कुनै कारण देखाएर अवैध गतिविधि नियन्त्रणको जिम्मेवारीबाट राज्य पन्छिन नमिल्ने
- दुई देशबीचको सिमाना भूगोलको बाँडफाँट मात्र नभई अन्य विविध आयामबाट पनि हेरिनुपर्ने र सीमा सुरक्षित हुनुपर्ने इजलासको निष्कर्ष
- आफ्नो देशको सीमा निर्धारण गर्ने र सीमाबाट हुने आवतजावत तथा अन्य गतिविधिलाई नियमन र व्यवस्थित गरी समग्र देश र नागरिकको जिउधन तथा सार्वजनिक सुरक्षा कायम गर्नुपर्ने सरकारको दायित्व
- दुवै देशबीच दौत्य सम्बन्ध अझ सुदृढ र प्रगाढ पार्न पनि आपसी वार्ता, विश्वास, समझदारी र समन्वयमा सीमासम्बन्धी विवाद समाधान गरिनुपर्ने, नेपाल-भारत उच्चस्तरीय विज्ञ सीमा कूटनीतिक मिसन परिचालन गरी सहज वातावरण सिर्जना गर्नुपर्ने
- खुला सीमाको प्रभावकारी व्यवस्थापनका निम्ति ड्रोन, सिसिटिभीजस्ता प्रविधिको प्रयोग गर्न आदेश, आधिकारिक परिचयपत्र देखाई र अभिलेख राखेर मात्र सीमा वारपार गर्न-गराउन फैसला
- नक्कली नोटको धन्दा, अपराध गरी अर्को मुलुकमा लुक्ने प्रवृत्ति, चेलीबेटी बेचबिखन, लागुऔषधजस्ता विषय नेपालका लागि चुनौतीका विषय

जहाँ आफ्नै गाउँ जान भारतको अनुमति लिनुपर्छ

दार्चुला व्याँस गाउँपालिका- १ का छाँगरू र तिंकर गाउँ नेपालबाट उपेक्षित, भारतबाट अपहेलित

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

आफ्नै गाउँ जान पनि भारतीय अनुमति लिएर हिँड्नुपर्ने ठाउँ हुन्- दार्चुलाको व्याँस गाउँपालिका- १ का दुईवटा बस्ती छाँगरू र तिंकर । सदरमुकाम खलंगाबाट एक सय ३० किलोमिटर टाढाका यी गाउँ पुग्न नेपालकै भूमि भएर गोरेटो बाटोसमेत छैन । पञ्चायतकालीन गोरेटो बाटोसमेत प्रयोग गर्न नसकिने गरी भत्के-बिग्रेको छ ।

'सशस्त्र द्वन्द्वअघि व्याँसको तिंकरसम्म नेपालकै भूमि भएर स्थानीय आवतजावत गर्न पाइन्थ्यो । गणतन्त्रपछि यो क्षेत्रमा निर्माण गरिएका गोरेटा बाटा पनि बिग्रेर गए,' स्थानीय जितबहादुर बोहोराले भने, 'सरकारले हिँड्न मिल्ने बाटोसमेत बनाइदिएको छैन, त्यही भएर हामी भारतीय बाटो भएर हिँड्छौं । चामल, नुन, तेल पनि भारतीय बजारबाट किन्नुपर्छ ।' व्याँसमा उत्पादन हुने अन्नले ६ महिना पुग्दैन ।

बरु यहाँका बासिन्दा दार्चुला सदरमुकाम खलंगाबाट नेपाल-भारत जोड्ने झोलुंगे पुल पार गरेर दार्चुला पुग्छन् । भारतको सडक हुँदै पाँच घन्टाको गाडीको यात्रामा सीतापुल पुगेर त्यहाँबाट हिँडेर जाँदा एक दिनमै छाँगरू, तिंकर पुगिन्छ । त्यसका लागि भारतीय प्रशासनले जारी गरेको बहुयात्रा अनुमतिपत्र आवश्यक हुन्छ । नेपालकै भूमि भएर खलंगाबाट

» पृष्ठ ११ मा क्रमशः



व्याँस गाउँपालिका -१ को तिंकर गाउँ

छाँगरू र तिंकर जाने नेपालतर्फको बाटो



नेपालतिर गोरेटो बाटोसमेत छैन । पञ्चायतकालमा निर्माण गरिएको गोरेटो बाटो ठाउँठाउँमा अवरुद्ध छ । अधिकांश ठाउँमा भारतले सडक निर्माण गर्ने क्रममा अवरुद्ध भएको हो । दुई वर्षअघि सुदूरपश्चिम प्रदेश सरकारले पाँच करोड खर्च गरेर नेपाली सेनामार्फत निर्माण गरिएको गोरेटो बाटोसमेत भत्किएको छ ।

प्रधानमन्त्री भोलि न्युयोर्क जाँदै

त्यतैबाट चीन भ्रमण गर्ने

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड शनिबार संयुक्त राष्ट्रसंघीय महासभामा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्ने भएका छन् । महासभाको ७८औं सत्रमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री न्युयोर्क जान लागेको परराष्ट्र मन्त्रालयले बिहीबार जारी विज्ञप्तिमा जनाएको छ । प्रधानमन्त्री प्रचण्ड त्यहाँबाट ५ असोजमा चीन भ्रमणमा जाने पनि तय भएको छ ।



प्रधानमन्त्री प्रचण्डले ४ असोजमा महासभालाई सम्बोधन गर्ने कार्यक्रम छ । तीन वर्षपछि नेपालबाट महासभामा प्रधानमन्त्रीस्तरमा सहभागिता हुन लागेको हो । गत वर्ष परराष्ट्रसचिव भरतराज पौड्यालले सम्बोधन गरेका थिए भने त्योभन्दा अघिल्लो वर्ष तत्कालीन परराष्ट्रमन्त्री डा. नारायण खड्काले महासभालाई सम्बोधन गरेका थिए ।

प्रधानमन्त्री प्रचण्ड महासभामा सहभागी हुने प्रतिनिधिमण्डलका प्रमुखहरूको सम्मानमा अमेरिकी राष्ट्रपति जो बाइडेनद्वारा आयोजित स्वागत समारोहमा पनि सहभागी हुने कार्यक्रम छ । यो कार्यक्रम २ असोजका लागि तय भएको छ । यद्यपि, स्वागत समारोहमा अमेरिकी राष्ट्रपति बाइडेनसँग द्विपक्षीय

» पृष्ठ ११ मा क्रमशः

■ यातायात प्राधिकरणको कार्यक्षेत्रभित्रका विषयमा निर्णय गर्नुअघि समन्वय गरिने

एक ट्राफिकको जिम्मामा १६ सय सवारी व्यवस्थापन



● **बालेन्द्र साह**, मेयर, काठमाडौं महानगरपालिका

काठमाडौं उपत्यका सार्वजनिक यातायात परिषद्ले आफ्नो क्षेत्रभित्रको काम थालिसकेको छ। यसअघि नेपाल सरकार, प्रदेश सरकार वा यातायात क्षेत्रको नियमन, व्यवस्थापन गर्ने कार्यालयहरूले सञ्चालन गरेका वा निर्णय गरेका कामलाई सार्वजनिक लाभ र दिगोपनाको विश्लेषण गरेर नियमित सञ्चालन गरिनेछ।



● **चिरिबाबु महर्जन**, मेयर, ललितपुर महानगरपालिका

यातायात क्षेत्रको व्यवस्थापन गर्ने काममा दोहोरोपना छ। प्राधिकरण र परिषद्ले यस्ता दोहोरोपनालाई हटाउनुपर्छ।



● **सुनील प्रजापति**, मेयर, भक्तपुर नगरपालिका

परिषद्लाई गतिशील बनाउन पूर्वतयारीलाई बलियो बनाउनुपर्छ।

नयाँ पत्रिका

काठमाडौं उपत्यका सार्वजनिक यातायात परिषद्ले सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको कार्यक्षेत्रमा पर्ने यातायात व्यवस्थापनसँग सम्बन्धित कुनै निर्णय गर्नुअघि समन्वयका लागि अनुरोध गर्ने निर्णय गरेको छ। परिषद्का अध्यक्ष एवं काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन)को अध्यक्षतामा बिहीबार सम्पन्न पहिलो बैठकले यस्तो निर्णय गरेको हो।

मेयर साहले परिषद्ले आफ्नो क्षेत्रभित्रको काम थालिसकेको जानकारी पनि दिए। 'यसअघि नेपाल सरकार, प्रदेश सरकार वा यातायात क्षेत्रको नियमन, व्यवस्थापन गर्ने कार्यालयहरूले सञ्चालन गरेका वा निर्णय गरेका कामलाई सार्वजनिक लाभ र दिगोपनाको विश्लेषण गरेर नियमित सञ्चालन गरिनेछ। विगतमा भएका निर्णय कार्यान्वयन र नतिजालाई कार्यक्रम सञ्चालनको आधार बनाउन सकिन्छ,' साहले भने, 'ऐनले प्रदान गरेका अधिकारमध्ये ९० प्रतिशत काम पालिकाहरूले नियमित प्रक्रियाबाटै सञ्चालन गर्न सक्नेछन्। यसका लागि थप बजेट चाहिँदैन। यसमा अधिकारभन्दा पनि कर्तव्यको कुरा आउँछ। धेरै काम पालिका आफैँले सञ्चालन गर्न सक्ने खालका छन्।'

बैठकले प्राधिकरणको कोष सञ्चालन सम्बन्धमा छलफल



गर्दै सरकारले यातायात व्यवस्थापनका लागि यसअघि गर्दै आएको खर्च कोषमा जम्मा हुने प्रणाली विकास गर्न सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ। सरकारले बनाउने प्राधिकरणको नियमावलीका व्यवस्थामाथि प्राधिकरणका तर्फबाट सुझाव पेस गर्ने जनाइएको छ। प्राधिकरणका काम, कर्तव्य र अधिकारका विषयमा छलफल गर्दै, स्रोत-साधन र सामर्थ्यका आधारमा तत्काल गर्न सकिने कामका विषयमा सम्बद्ध पक्षसँग छलफल गरेर आगामी बैठकमा कार्ययोजना पेस गर्नेसमेत निर्णय भएको छ। बैठकमा ललितपुर महानगरपालिकाका मेयर एवं परिषद्का उपाध्यक्ष चिरिबाबु महर्जनले यातायात क्षेत्रको व्यवस्थापन गर्ने काममा दोहोरोपना भएको बताए। 'प्राधिकरण र परिषद्ले यस्ता दोहोरोपनालाई हटाउनुपर्छ। भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापतिले, परिषद्लाई गतिशील बनाउन पूर्वतयारीलाई बलियो बनाउनुपर्ने बताए।

■ एकजना ट्राफिकले १.८७ किलोमिटर सडक हेर्दै

बैठकमा उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले एकजना ट्राफिक प्रहरीले १.८७ किलोमिटर सडक क्षेत्रमा करिब एक हजार ६ सय ४८ वटा सवारीसाधन व्यवस्थापन गर्नुपरिरहेको उल्लेख गरे। सवारी व्यवस्थापनका लागि एक हजार एक सय १३ दरबन्दी छन्। यो जनशक्तिले नपुगेर काजमा प्रहरी थप गरेर एक हजार सात सय ८८ जना परिचालित भइरहेको उनले बताए।

सवारीसाधन व्यवस्थापनका लागि मुख्य सडकमा रिक्सा, इ-रिक्सा, ठेला, पावर ट्रेलर सञ्चालनमा रोक लगाइएको छ। उपत्यका भित्रिने टिपरहरूलाई बिहान पाँच बजेदेखि बेलुकी नौ बजेसम्म निषेध गरिएको छ। बिहान आठ बजेदेखि बेलुकी आठ बजेसम्म ट्रक र मिनीट्रकलाई चक्रपथभित्र प्रवेशमा रोक लगाइएको छ। भट्टका अनुसार आर्थिक वर्ष ०७८/७९ मा पाँच लाख चार हजार पाँच सय ९७ जनालाई, आव ०७९/८० मा आठ लाख ९५ हजार ६१ जनालाई कारबाही गरिएको छ। चालू आर्थिक वर्षको यस अवधिमा एक लाख १७ हजार चार सय ६८ जनालाई कारबाही गरिएको छ। यातायातविज्ञ सागर पन्तले संगठन संरचना बलियो र सक्षम जनशक्तिको व्यवस्थापन हुनुपर्ने बताए। 'हाम्रा सन्दर्भमा अन्तर्राष्ट्रियस्तरबाट आएका विज्ञले गरेका अध्ययनहरूको सान्दर्भिकता बुझ्न र विश्लेषण गर्न सक्ने जनशक्ति भए मात्र प्रणालीमा सुधार गर्न सकिन्छ। अन्य क्षेत्रको अनुभवका आधारमा तयार पारिएका अध्ययन प्रतिवेदनका सुझाव यहाँको सन्दर्भमा उपयुक्त नहुन सक्छन्,' उनले भने।

औषधीको दर रेट (मूल्य सूची) प्रकाशन सम्बन्धमा

यस क्युरेक्स फर्मास्युटिकल्स प्रा.लि.बाट उत्पादित औषधीहरुको निम्नानुसारको बजार दररेट तथा बिक्रि मूल्य निर्धारण गरिएको र दररेट राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि यी औषधीहरु कुनै संस्था वा सरकार अन्तर्गत का कार्यालयले खरिद गर्नु परेमा यस कम्पनिका आधिकारिक बिक्रेता श्री मुक्तिनाथ मेडिको फर्मा मु.अ. कर नं. ६१०५४९४८१ भएका महालक्ष्मी नगरपालिका वडा नं.-५, टिकाथली सँग खरिद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

CUREX PHARMACEUTICAL'S PRODUCT RATE LIST (FY:2080-2081)

S.N	Product Name	MRP	Sales Rate
1	Acyclovir 200 mg Tab	10	9.75
2	Acyclovir 400 mg Tab	20	18
3	acyclovir 5g Cream	80	75
4	Albendazole 400mg	10	9.75
5	Albendazole Susp	18	16
6	Alprazolam 0.25mg Tab	1.7	1.6
7	alprazolam 0.50 mg Tab	3.4	3.2
8	Amitriptyline 10 mg Tab	3	2.4
9	Amitriptyline 25mg Tab	4	3.8
10	Amlodipine +Losartan pottasium L 27.5mg	6	5.8
11	Amlodipine +Losartan pottasium L 55mg	12	11.5
12	Amlodipine 10 mg Tab	8	7.8
13	Amlodipine 5 mg Tab	5	4.8
14	Amlodine 2.5 mg Tab	2.3	2.15
15	Amoxycillin+Cloxacillin 500 mg cap	12	11
16	Amoxycillin+Cloxacillin Dry syrup	120	105
17	Amoxycillin+Cloxacillin kid tab	7	6.8
18	Amoxycillin 125 mg DT	3.5	3
19	Amoxycillin 250 mg DT	6	5
20	Amoxycillin 500 mg Cap	8	7.8
21	Amoxycillin 60ml Syrup	125	90
22	Amoxycillin 90ml Dry syrup	110	905
23	Ampicilln+Cloxacillin 500 mg cap	12	11.5
24	Anticold Susp	60	45
25	Antacid Gel	110	100
26	Antacid Tab	3	2.85
27	Anticold Tab	3	2.8
28	Atenolol 100mg Tab	6	5.5
29	Atenolol 25mg Tab	2.2	2
30	Atenolol 50mg Tab	4	3.85
31	Atrovastatin 10 mg	10.78	10
32	Atrovastatin 20 mg	20.6	20
33	Atrovastatin 5 mg	6.75	6.5
34	Azithromycin 100mg Susp	110	100
35	Azithromycin 200mg Susp	160	145
36	Azithromycin 250mg Tab	17.45	17
37	azithromycin 500mg Tab	30	28.75
38	Benzoic acid+Salicyclic Acid 30g Oint.	90	82
39	Calamine 100ml Lotion	110	100
40	Calamine 30ml Lotion	60	48
41	Calcium 500 mg Tab	7	6.5
42	Calcium Susp	100	90
43	Cefixime 100 mg Tab	16	14
44	Cefixime 200 mg Tab	20	18.5
45	Cefixime 400mg Tab	50	42
46	Cefixime 60ml Syrup	180	160
47	Cefpodoxime 100mg Tab	12	10.5
48	Cefpodoxime 200mg Tab	15	13.5
49	Cefpodoxime 60ml Syrup	170	160
50	Cetrizine HCL 10mgTab	4	3.8
51	Cetrizine HCL 10mg Susp	60	53
52	Chlormphenicol 500 Cap	14	13
53	Chloramphenicol Syrup	100	90
54	Chlorpheniramine Mleate 4 mg Tab	1.5	1.42
55	Chlorazoxane 250mg& Paracetamol Tabs 500mg	6	5.5
56	Chlorzoxazone 500&paracetamol Tabs 500 mg	8.8	8
57	Ciprofloxacin 250mg Tab	6	5.85
58	Ciprofloxacin 500mg Tab	8	7.85
59	Clotrimazole Cream 15g tube	70	65
60	Clotrimazole Pressary tab	14	11
61	Clotrimazole Vaginal Gel	80	70
62	Cloxacillin Sodium 250mg Tab	6	5.5
63	Cloxacillin Sodium 500mg	13	12.5
64	Cloxacillin Sodium Dry syrup	130	123
65	Diclofenac 30gm Gel	100	90
66	Diclofenac 50mg tab	4	3.85
67	Diclofenac Mouth Wash 100ml	110	105
68	Domperidone 10mg tab	5	4.8
69	Domperdone Susp	50	45
70	Esomeprazole 20mg	5	4.85
71	Esomeprazole 40mg	10	9.5
72	Ferrous Salt+Folic Acid (Iron) Tab	3	2.85
73	Fexofenadine 120	11	10.5
74	Fexofenadine 180	16	14.5
75	Fexofenadine Susp	150	135
76	Fluconazole 150mg Cap	25	23
77	Folic Acid 5mg tab	2.25	2
78	Frusemide 40 mg Tab	1.5	1.4
79	Gamma Benzene Hexachloride 100ml	100	89
80	Glimpiride 1mg Tab	5.3	5.2
81	Hand Sanitizer Gel 100ml	75	70
82	Hand Sanitizer Gel 200ml	140	125
83	Hand Sanitizer gel 5Ltr.	3500	3300
84	Hand Sanitizer Gel 500 ml	300	280
85	Hand Sanitizer Liquid 100ml	70	65
86	Hand Sanitizer Liquid 200ml	125	110
87	Hand Sanitizer Liquid 5Ltr	3500	3300
88	Hand Sanitizer Liquid 500ml	250	245
89	Hyoscine Butyl Bromide 10mg Tab	16	12
90	Hyoscine Butyl Bromide 20mg Tab	28	26.5
91	Ibuprofen 200mg Tab	2	1.9
92	Ibuprofen 400mg Tab	4	3.85
93	Iron(III) hydroxide polymatose & Folic Acid Tab IP	8	7.8
94	Iron(III) hydroxide polymatose Syrup IP	140	130
95	Iron Cap	4.5	4.35
96	Iron Syrup 200ml	120	110
97	Itraconazole Tab	40	35
98	Levocertrizine Susp	65	60
99	Levocertrizine Tab	6	5.75
100	Losartan Potassium 25 Tab	4.41	4.3
101	Losartan Potassium 50 Tab	7.6	7.5
102	Metfromine 500mg Tab	2	1.9
103	Metronidazole 200mg Tab	2	1.92
104	Metronidazole 400 mg Tab	4	3.8
105	Metronidazole 60 ml Susp	60	55
106	Multivatimine Cap	4	3.8
107	Niemesulide Gel	90	85
108	Nimesulide Tab	3	2.92
109	Ofloxacin 100mg	5.5	5.4
110	Ofloxacin 200mg	7	6.8
111	Ofloxacin 400mg	8	7.82
112	Ofloxacin Susp	90	85
113	Omeparazole 20mg	6	5.85
114	Ondasteron 4mg	7	6.65
115	Ondasteron 8mg	10	9.5
116	Ondasteron Susp	70	65
117	ORS	10	9.5
118	Pantaparazole 40mg tab	8	7.82
119	Paracetamol 125 60ml Susp	30	28.5
120	Paracetamol 500mg Tab	2.5	0.88
121	Paracetamol Drop	30	28.5
122	Paracetamol +Caffein Tablets 525mg	2.5	2.4
123	Paracetamol +Ibuprofen Susp	30	28
124	Paracetamol +Ibuprofen Tab	2	1.9
125	Povidine Iodine 10% 100ml	170	165
126	Povidine Iodine 10% 30ml	70	65
127	Povidine Iodine 10% 450ml	450	435
128	Povidine Iodine 10% 60ml	100	90
129	Povidine Iodine 5% 100ml	100	90
130	Povidine Iodine 5% 15g Oint.	50	45
131	Povidine Iodine 5% 30ml	45	40
132	Povidine Iodine 5% 450ml	390	380
133	Povin Gargle 100ml	100	90
134	Povin Gargle 60ml	60	55
135	Pregabalin 150mg	34.5	34
136	Pregabalin 75mg	16.5	16
137	Pregabalin-75,Methylcobalamine 1500	33	30
138	Pregabillin-75,Methylcobalamine 750	22	20
139	Ranitidine HCL150mg Tab	3	2.85
140	Ranitidine HCL 300mg Tab	8	7.8
141	Rusovastaine 10mg	11	10
142	Rusovastaine 20mg	17	16
143	Salbutamol 4mg tab	2	1.92
144	Salbutamol 100ml Syrup	85	80
145	Silver Sulphadiazine Cream 30gm	90	82
146	Sulpha+Trimeh 120mg Tab	3	2.85
147	Sulpha+Trimeh 480mg Tab	4	3.82
148	Sulpha+Trimeh 960mg Tab	6	5.9
149	Sulpha+Trimeh Susp.	70	65
150	Tinidazole 1000mg Tab	11	10.5
151	Tinidazole 500mg Tab	5	4.9
152	Vitamine B-complex 100ml Syrup	90	85
153	Vitamin B-complex 200ml Syrup	150	140
154	Vitamin B Complex Tab	5	4.85
155	Vitamin B complex with Zinc Cap	6	5.9
156	Vitamin C	6	5.9
157	Zinc 20mg tab	5	4.8
158	Metfromin Hydrocloride 850 mg Tab	3.5	3.4
159	Navi Malam 3gm Oint.	30	28
160	Navi Malam 5gm Oint.	35	33
161	Betamethasone+ Gentamycin Ointment	60	55

■ बुबाको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गर्नेको भिड



भाद्रकृष्ण औंसीका दिन बिहीबार काठमाडौं उपत्यकाको उत्तर-पूर्वमा रहेको गोकर्णेश्वर महादेव मन्दिरपरिसरमा जम्मा भएका भक्तजनको भिड। मन्दिरपरिसरमा रहेको बागमती नदीमा स्नानपछि बुबा नहुनेहरूले यस दिन बुबाको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिदा दिने परम्परा रहेको छ।

तस्बिर : अमुल थापा/नयाँ पत्रिका

काठमाडौं महानगरका मेयर साह 'टाइम म्यागेजिन'को १०० उदयीमान सूचीमा

काठमाडौं/ काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह विश्वप्रसिद्ध टाइम म्यागेजिनले प्रकाशन गरेको एक सय प्रभावशाली व्यक्तित्वको सूचीमा परेका छन्। ०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित उनलाई सो पत्रिकाको अनलाइन संस्करणले एक सय उदयीमान नेतृत्वको सूचीमा समेटेको हो। स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर ३३ वर्षीय साहले यथास्थितिमा मतदाताको भावनालाई सामाजिक सञ्जाल टिकटक, ट्विटर र इन्स्टाग्राम प्रयोग गर्दै आफ्नो पक्षमा पार्न सफल भएको पत्रिकाले उल्लेख गरेको छ।

गोरखा भूकम्पले तहसनहस गरेको काठमाडौंमा मेयर साहले फोहोरको राम्रो विसर्जन र सरसफाइ, सुरक्षित पिउने पानीको व्यवस्था, सफा सडक र सहरी विकासका साथसाथै सांस्कृतिक सम्पदाको संरक्षणलगायत सरल प्रतिबद्धता र अभियान गरेर निर्वाचनमा सफल भएको पत्रिकामा जनाइएको छ। साथै, फोहोरको वर्गीकरण गर्न प्रारम्भ गरेको तथा फोहोर व्यवस्थापनका लागि सम्झौतामा हस्ताक्षर गरेको समेत उल्लेख छ। उनले सहरका गैरकानुनी भवन भत्काउँदा तथा व्यवस्थापन गर्दा सहरी गरिबमा प्रभाव परेको र आलोचना भएकोसमेत जनाइएको छ। पत्रिकाले विभिन्न क्षेत्रमा एक सय उदयीमान व्यक्तित्वको सूची प्रकाशन गरेको छ। - रासस

'गोदावरी पर्यावरणका हिसाबले देशकै नमुना ठाउँ हो'

ललितपुर/ संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले ललितपुरको गोदावरी क्षेत्र पर्यावरणका हिसाबले देशकै नमुना भएको बताउनुभएको छ। गोदावरी नगरपालिका-३ कार्यालयले आयोजना गरेको बृहत् सरसफाइ कार्यक्रममा सहभागी हुँदै उनले विश्वमा नपाइने जडीबुटी तथा वनस्पति पाइने भएकाले सबैलाई यहाँ घुम्न र अवलोकन गर्न आग्रह गरे।

'गोदावरी पर्यावरण क्षेत्रका हिसाबले देशकै नमुना ठाउँ हो,' मन्त्री किराँतीले भने, 'जडीबुटी र वनस्पतिले भरिपूर्ण गोदावरी क्षेत्रमा सबै अवलोकनका लागि आउनुपर्ने देखिन्छ।' यो क्षेत्र पर्यटनका लागि पनि देशकै नमुना भएकाले सुन्दर बनाउनुपर्नेमा उनले जोड दिए। मन्त्री किराँतीले पछिल्लो समय डेंगु र स्क्रब टाइफसको सङ्क्रमण बढ्दै गएकाले पनि सरसफाइमा विशेष ध्यान दिनुपर्ने बताए।

कार्यक्रममा वडाध्यक्ष सानोराज घिमिरेले वडा नम्बर ३ मा मात्र नभएर हरेक क्षेत्रमा फोहोरको उचित व्यवस्थापन गरी टोललाई सफा राख्नुपर्ने धारणा राखे। कार्यक्रममा मन्त्री, जनप्रतिनिधि, सरसफाइ अभियानकर्ता, स्थानीय, कर्मचारी, व्यावसायिक र प्रहरीको सहभागिता थियो।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
कल्याण महाशाखा,नक्साल, काठमाडौं

सिलबन्दी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित : मिति २०८०/०५/२५ गते)

प्रहरी कल्याण कोषद्वारा नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौंमा चमेना गृह संचालन गर्न र प्रहरी कल्याण कोषद्वारा भृकुटीमण्डपमा संचालित सपिङ कम्प्लेक्समा रहेको कोठा संख्या ४ र सटर संख्या १ मा दरभाउपत्रको माध्यमद्वारा विभिन्न फर्म/कम्पनीहरुलाई प्रतिस्पर्धाद्वारा सञ्चालन गर्न दिन सिलबन्दी प्रस्ताव पेश गर्न सूचना प्रकाशित गरिएको छ, आवेदन फाराम तथा अन्य सर्तहरुसँग सम्बन्धित विस्तृत विवरण नेपाल प्रहरीको website : www.nepalpolice.gov.np मा राखिएको छ, इच्छुक योग्य फर्म/कम्पनीलाई यो सूचना प्रकाशित मितिले १५ दिन भित्र प्रस्तावपत्र खरिद गरी नियमानुसार यस कार्यालयमा पेश गर्न हुन आह्वान गरिन्छ।

■ सुन तस्करीमा अधुरो अनुसन्धान

विमानस्थलको सेटिङ खोतल्न सिआइबी असफल

सकेन सुन तस्कर र कर्मचारीबीचको सम्बन्ध स्थापित गर्न

नवराज मैनाली/नयाँ पत्रिका

हवाई कार्गोमार्फत हङकङबाट नेपालमा सुन तस्करी गर्ने गिरोह र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयबीचको सेटिङ खोतल्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी) असफल भएको छ। यद्यपि, भन्सार कर्मचारीले अप्रत्यक्ष रूपमा सुन तस्करीमा सघाएको भन्दै सिआइबीले केही कर्मचारीविरुद्ध भने मुद्दा दायर गर्न सिफारिस गरेको छ।

बुधबार जिल्ला सरकारी वकिल कार्यालयमा बुझाएको प्रतिवेदनमा सिआइबीले चिनियाँ नेतृत्वको समुहले पटक-पटक गरी तीन सय ६२ किलो सात सय १६ ग्राम सुन ल्याएको दाबी छ। जसमा भन्सार जाँचपासमा संलग्न केही कर्मचारीले सघाएको भन्दै प्रहरीले पक्राउ पनि गरेको छ। तर, सुन तस्कर र कर्मचारीबीचको सम्बन्ध स्थापित गर्न प्रहरीले सकेको छैन।

सुन छुटाउन सुन तस्करहरूले भन्सार एजेन्ट खटाएको र उनीहरूमार्फत नै कर्मचारीलाई प्रभावमा पारेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन्। कर्मचारी र भन्सार एजेन्ट सुन छुटाउनकै लागि भएको कुराकानी तथा लेनदेनजस्ता प्रमाण प्रहरीको अनुसन्धान प्रतिवेदनमा छैन।

हालसम्मको अनुसन्धानमा विमानस्थलका अन्य निकायसँगको सेटिङ पनि नदेखिएको र यस विषयमा थप अनुसन्धान भइरहेको सिआइबीका अधिकारीको दाबी छ। सिआइबीले भन्सारका आठजना कर्मचारीलाई पक्राउ गरेकोमा उनीहरूमध्ये पाँचजनालाई भने मुद्दा चलाउन सिफारिस गरेको छ।

■ सुन किन्नेहरू पत्ता लागेनन्

नेपाल प्रहरीका ४२ जना दक्ष अधिकृतहरू अनुसन्धानमा खटिए पनि तस्करीको सुनका खरिदकर्ता भने पत्ता लागेका छैनन्। साथै, उनीहरूलाई संरक्षण गरेका आशंका गरेका व्यक्तिमाथि पनि अनुसन्धान फितलो भएको छ। सुन तस्करीमा मिल्ने नेपाली व्यवसायी पनि पत्ता लागेका छैनन्।

चिनियाँ गिरोहसँग मिलेर तस्करीको सुन खरिद-बिक्री गर्नेमध्ये रुपन्देहीमा सुमन खरेल र बाराका शिव सर्राफलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूबीच सात किलो सुन मात्र खरिद-बिक्री भएको छ। सर्राफले सुन भारतमा बिक्री गर्ने गरेको दाबी छ। तस्करीको आधारसो सुन नेपालकै सुन पसलमा बिक्री हुने गरेको सूचना पाए पनि सुन पसलेहरू पक्राउ परेका छैनन्। अर्कोतर्फ यसअघि तस्करी भएको सुन पनि प्रहरीले बरामद गर्न सकेन।

अर्कोतर्फ, सुन तस्करीका लागि सहजकर्ता नेपाल बस्दै आएका चिनियाँ मूलका बेल्जियमका नागरिक दावा



धेरै अनुसन्धान बाँकी नै छन्

■ **किरण बज्राचार्य**, निर्देशक, सिआइबी



अनुसन्धानको हदम्यादका कारण अहिले हामीले रेडी ट्रेडमार्फत तस्करी भएको सुनको मात्र मुद्दा प्रक्रिया अघि बढाएका छौं। चिनियाँ समूहले अन्य पाँचवटा कम्पनीमार्फत पनि सुन ल्याएको देखिन्छ। त्यसमा विस्तृत अनुसन्धान गरी पूरक अभियोग लैजान्छौं। विश्वका ठूला माफिया समूहकै शैलीमा संगठित रूपमा सुन तस्करी भएको छ। अपराधमा चिनियाँ मात्र होइन, ताइवान, मकाउमा रहेका व्यक्तिहरूको समेत संलग्नता देखिएको छ। चेक ब्रेक हुने गरी अत्याधुनिक प्रविधिको प्रयोग गरी अपराध गरेकाले अनुसन्धानमा समय लाग्छ। विस्तृत अनुसन्धान बाँकी नै छ। अन्य देशसँग पनि समन्वय गरी अनुसन्धान गरिरहेका छौं। तस्कर समूहसँग सम्पर्क देखिएका व्यक्तिहरूमाथि गहिराइमै पुगेर छानबिन हुन्छ।

छिरिङसँग निकटता रहेका व्यक्तिहरूमाथि पनि सूक्ष्म अनुसन्धान हुन सकेको देखिन्न। पहुँचवाला शंकित व्यक्तिहरूले पुरानो मोबाइल लुकाएर नयाँ मोबाइल डिजिटल जाँचमा पठाएकाले पनि धेरै कुरा खुल्न सकेको स्रोत बताउँछ। तर, कतिपयलाई भने च्याटकै भरमा पनि प्रतिवादी बनाउन सिफारिस गरिएको छ।

दावासँग निकटता देखिएका अछामका जीवन चलाउनेलाई गत २३ भदौमा सिआइबीले बोलाएर बयान कागज गराएको थियो। तर, त्यो बयान कागज हटाएर बुधबार मात्र पक्राउ पूर्जी जारी गराई उनलाई प्रतिवादी बनाइएको छ। यस्तै दावासँग सुनकै विषयमा कुराकानी गर्ने अन्य धेरैजनामाथि भने दोस्रो चरणमा अनुसन्धान हुने बताइएको छ। जसकारण अनुसन्धान फितलो हुन पुगेको छ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले अहिले अभियोजन भएपछि पनि अनुसन्धान जारी रहेन बताएकी छिन्। सरकारी वकिल कार्यालयले भने प्रहरी अनुसन्धान प्रतिवेदनका आधारमा आइतबार जिल्ला अदालतमा मुद्दा दायरको तयारी गरेको छ। प्रहरीले भन्सार ऐन २०६४, संगठित अपराध निवारण ऐन २०७० र नेपाल राष्ट्र बैंक ऐनअनुसारको कसुरमा अभियोजनको माग गरिएको छ। सुन तस्करीको लेनदेन क्रिप्टोमार्फत भएकाले नेपाल राष्ट्र बैंक आकर्षित भएको हो। सिआइबीले ५० जनालाई प्रतिवादी बनाउन सिफारिस गरेको छ।

तीन सय दुई किलो सुन तस्करी हुँदा भन्सार जाँचपासमा संलग्न अन्य ३६ जना कर्मचारीसँग पनि प्रहरीले सोधपुछ गरेको थियो। उनीहरूलाई पनि प्रतिवादी बनाउने तयारीमा रहेको प्रहरी भन्सार कर्मचारीको आन्दोलनले पछि हटेको छ। तीन सय ६२ केजीकै मागदाबी लिए पनि बरामद भएको ६० केजी सुन जाँचपासमा संलग्नलाई मात्र प्रतिवादी बनाउन सिफारिस गरिएको छ। संयोग कस्तो भने प्रहरीले उनीहरूलाई मुद्दा चलाउन नपर्ने भनेर सिफारिस गरेलगत्तै भन्सार कर्मचारीले आन्दोलन फिर्ता लिएका छन्।

अनुसन्धानका नाममा प्रहरीले फसाउन खोजेको भन्दै गत आइतबारदेखि भन्सार कर्मचारीले सामूहिक राजीनामा दिनेदेखि भन्सार जाँचपास रोक्नेसम्मका चेतावनी दिएका थिए। दबाबकै भरमा कर्मचारीमाथिको मुद्दा प्रक्रिया रोकिएको सिआइबी स्रोत बताउँछ। प्रहरीले सेटिङको प्रमाण नभेटेपनि पटक-पटक सुन तस्करी हुँदा पनि भन्सार कर्मचारीले थाहा नपाउनु भने आश्चर्यजनक छ। 'भन्सार एजेन्टमार्फत भन्सारका कर्मचारीले केही लाभ लिएको त देखिन्छ,' अनुसन्धानमा आबद्ध सिआइबीका एक अधिकारी भन्छन्, 'तर, त्यो पैसा सुन पास गराएबापतकै हो भनेर पुष्टि गर्न सकेका छैनौं। तर, भन्सार कर्मचारी निर्दोष छन् भन्ने अवस्था पनि छैन।' प्रहरीले सुन तस्करीमा पहिलो चरणको अनुसन्धान सकेर बुधबार मात्र जिल्ला सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको छ।

■ दुई महिना थुनेपछि निर्दोष

सुन तस्करी गिरोहलाई सघाएको आरोपमा पक्राउ परेका केही व्यक्ति करिब दुई महिना थुनामा बसेपछि निर्दोष देखिएका छन्। तर, अझै उनीहरू छुटेका छैनन्। सिआइबीले अनुसन्धान गरेकामध्ये ट्र्याक्सीचालक अशोक लामासहित सातजनालाई थुनामा राख्न नपर्ने रायसहितको अनुसन्धान प्रतिवेदन प्रहरीले सरकारी वकिललाई दिएको छ। ट्र्याक्सीचालक लामासहित कार्गो सञ्चालक राजन श्रेष्ठ, चिनियाँ भाषा अनुवादक नरेश तामाङ, भन्सार एजेन्ट रुक्मिना सुब्बा तथा भन्सारका कर्मचारीहरू पुष्पा जोशी, कमल परियार र श्रीधर टन्डनलाई मुद्दा चलाउन नपर्ने निष्कर्ष छ।

ट्र्याक्सीचालक लामा २ साउनदेखि नै पक्राउ परेका हुन्। चिनियाँलाई सटर खोजिदिने नरेश तामाङ ३ साउनदेखि थुनामा छन्। कार्गो व्यवसायी श्रेष्ठ पनि थुनामा परेको ५० दिन भइसकेको छ। भन्सार एजेन्ट सुब्बालाई भने स्वास्थ्य अवस्थाका कारण थुनामुक्त गरिएको थियो। अन्य तीनजना भन्सार कर्मचारी भने गत साता मात्र पक्राउ परेका हुन्।

प्रहरीको विशिष्टीकृत अनुसन्धान निकायले यसरी आशंकाकै भरमा दुई महिनासम्म थुनामा राखेर अहिले निर्दोष भनेर सिफारिस गर्नु गलत भएको प्रहरीकै अधिकारी बताउँछन्। नेपाल प्रहरीका प्रवक्ता डिआइजी कुबेर कडायत अनुसन्धानको क्रममा कोही व्यक्ति निर्दोष देखिएमा अनुसन्धान अधिकृतले जिम्मामा लगाएर थुनामुक्त गर्न सक्ने बताउँछन्। तर, सुन तस्करी घटनाको अनुसन्धान प्रतिवेदनबारे आफूलाई विस्तृत जानकारी नभएको बताउँछन्। अपराध अनुसन्धानका क्रममा पहिला 'थुन्ने अनि मात्र सुन्ने' प्रहरी नीति सुधार नहुँदा धेरै निर्दोष व्यक्तिहरू फस्ने गरेका छन्।

■ गुल्मीमा आत्महत्या विकराल समस्या बन्दै

पाँच वर्षमा तीन सय ८५ जनाले गुमाए ज्यान

गुल्मीमा **टोपलाल अर्याल**

गुल्मीको मुसिकोट नगरपालिका-१ का वडाध्यक्ष मोहन घिमिरेले २ भदौमा सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखेर आत्महत्या गरे। रुरु क्षेत्र गाउँपालिका- ६ की पूर्वशिक्षिका ५५ वर्षीया पम्फाकुमारी दंगाल पछाईले आफूले व्यवहार सम्हाल्न नसकेको सुसाइड नोट लेखेर ६ भदौमा आत्महत्या गरिन्। घिमिरे र पछाईसँगै १ भदौयता १० जनाले आत्महत्या गरिसकेका छन्। जसमा ६ पुरुष, तीन महिला र एक बालिका छन्।

जिल्लामा आत्महत्याको अवस्था निकै विकराल बन्दै गएको छ। जिल्लामा सबै उमेर समूह, वर्ग र जातका मान्छेहरू जीवन फालिरहेका छन्। जिल्ला प्रहरी कार्यालय गुल्मीको पाँचवर्षे तथ्यांक हेर्दा तीन सय ८५ जनाले आत्महत्या गरेको देखिन्छ। आर्थिक वर्ष ०७५/७६ मा ५५, ०७६/७७ मा ८०, ०७७/७८ मा ९८, ०७८/७९ मा ७१ र ०७९/०८० मा ८१ जनाले आत्महत्या गरेका छन्। सबैभन्दा धेरैले झुन्डिएर तथा केहीले विष सेवन र पानीमा हाम फालेर आत्महत्या गर्ने गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक किरण सापकोटाले जानकारी दिए।

■ प्रहरीले बनायो आत्महत्या न्यूनीकरण कार्ययोजना

आत्महत्याको संख्या बढ्दै गएपछि जिल्ला प्रहरी कार्यालय गुल्मीले आत्महत्या न्यूनीकरण कार्ययोजना ०८० निर्माण गरेको छ। जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक नवीनकिशोर प्रधानले गुल्मी देशभरमै १५औं र लुम्बिनी प्रदेशमा पाल्पा र अर्घाखाँचीपछि तेस्रो स्थानमा आत्महत्या हुने जिल्ला भएकाले कार्ययोजना निर्माण गरेर अभियान सञ्चालन गर्न थालिएको बताए। उनले जिल्ला, पालिका र वडास्तरीय आत्महत्या रोकथाम तथा नियन्त्रण कार्यदल निर्माण गरिएको जानकारी दिए। कार्यदलमा प्रहरी, स्वास्थ्यकर्मी, महिला स्वास्थ्यस्वयंसेविका र आर्युवेद नागरिक आरोग्य गरेर एक हजार आठ सय ४१ जना छन्। प्रहरीले प्रत्येक पालिकामा एक सय ५४ र वडा तहमा २० जना परिचालन गर्न सकिने गरेर कार्ययोजना निर्माण गरेको छ। कार्यदलले अभिमुखीकरण, सबै तह र संघ-संस्थासँग समन्वयात्मक गर्ने, विद्यार्थी, सञ्चारकर्मी र समुदायलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने साथै उपचार र पुनर्स्थापनाको काम गर्ने एसपी प्रधानले जानकारी दिए।

■ कार्ययोजना कार्यान्वयनमा आशंका

जिल्लाका विभिन्न समयमा सञ्चालन भएका सेलिब्रेटी अभियान र योजनाको पूर्णता पाएका छैनन्। आत्महत्या न्यूनीकरणको अभ्यास र योजना तीन वर्ष पहिले पनि नभएको होइन। पछि पूर्ण कार्यान्वयन हुन सकेन। अहिले गुल्मी प्रहरीले निर्माण गरेको आत्महत्या न्यूनीकरण कार्ययोजना धेरै हदसम्म समस्या समाधानको नजिक छ। तर, कार्यान्वयनमा चुनौती देखिन्छ। कार्ययोजनामा देखाइएको कार्यदल, जनशक्ति, र संघसंस्थाहरूले समयमै काम गरे असम्भव छैन। नागरिक समाजका संयोजक पदमप्रसाद पाण्डेयले उपलब्धिभन्दा पहिले कार्ययोजना कार्यान्वयनमै आशंका व्यक्त गरे। उनले आत्महत्या विकराल बन्दै गएकाले अभियान कुनै कार्यालय प्रमुखका लागि भन्दा पनि जिल्लाका लागि हुनुपर्नेमा जोड दिए। रेसुंगा बहुमुखी क्याम्पसका उपप्रध्यापक गुणनिधि शर्माले आत्महत्यासँग आर्थिक तथा सामाजिक कारण बढी भएकाले समस्या पहिचान प्रमुख कुरा भएको बताए। उनले एकै किसिमको कारणबाट मात्रै मान्छेले आत्महत्या नगरेकाले लक्षित समूह र समस्या पहिचानसहितको कार्ययोजना बन्नुपर्नेमा जोड दिए।

■ सामाजिक सञ्जालमा श्रेष्ठबारे भ्रमपूर्ण पोस्ट राख्ने रेग्मी पक्राउ

कास्की/ पूर्वसांसद डा. ढाकाकुमार श्रेष्ठबारे सामाजिक सञ्जालमार्फत भ्रमित कुरा लेखी पोस्ट गर्नेलाई प्रहरीले बिहीबार पक्राउ गरेको छ। पक्राउ पर्नेमा स्याङ्जा आँधीखोला गाउँपालिका- ५ ठुलीबराहा बस्ने वर्ष ३५ का सूर्यबहादुर रेग्मी रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए। रेग्मीले २२ भदौमा फेसबुकमा 'राष्ट्रिय स्वतन्त्र पार्टीका निवर्तमान सांसद डा. ढाकाकुमार श्रेष्ठलाई अज्ञात समूहले उनकै निवासअगाडि धारिलो हतियार प्रयोग गरी घाइते बनाएको र उनलाई उपचारका लागि मणिपाल शिक्षण अस्पताल लगिएको, अवस्था चिन्ताजनक रहेको डाक्टरबाट जानकारी, थप समाचार आउन बाँकी' भनी पोस्ट गरेका थिए।

श्रेष्ठले आफ्नाबारे भ्रमित कुरा लेखी समाजमा अराजकता, आत्मसम्मानमाथि आघात पुऱ्याउने गरी भ्रम फैलाउने र जीउज्यानको सुरक्षामा समेत असर गर्ने खालको झुटा एवं अनर्गल प्रचार गर्ने रेग्मीलाई कारबाही गर्न प्रहरीकहाँ उजुरी दिएका थिए। उनको उजुरीपछि अनुसन्धानमा खटिएको कास्की प्रहरीको टोलीले रेग्मीलाई बिहीबार पक्राउ गरेको हो।

■ मोटरसाइकल दुर्घटनामा एकको मृत्यु, तीनजना घाइते

सर्लाही/ सर्लाहीको बागमतीमा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। तीनजना घाइते भएका छन्। बिहीबार बागमती नगरपालिका- ८, गाजलीचोकमा भएको दुर्घटनामा ५० वर्षीय गणेश कार्कीको मृत्यु भएको हो। दुर्घटनामा परी गम्भीर घाइते कार्कीको उपचारको क्रममा सरस्वती अस्पताल हरिवनमा मृत्यु भएको प्रहरीले जनाएको छ। कार्की सवार बा.३०प ९४०७ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको ना.५९प ५१७७ नम्बरको मोटरसाइकलआपसमा ठोक्किएको थियो। दुर्घटनामा घाइते भएका तीनजनाको हरिवनस्थित नमुना अस्पतालमा उपचार भइरहेको छ।

घाइते हुनेमा हरिवन नगरपालिका-१ का मुकेशकुमार साह, उनकी श्रीमती शान्ताकुमारी साह र तीन वर्षकी छोरी प्रियाकुमारी रहेको प्रहरीले जनाएको छ। घाइतेमध्ये बालिका प्रियाको टाउकोमा चोट लागेको र अवस्था गम्भीर छ। सोल्टीतर्फ आउँदै गरेका कार्कीले चलाएको मोटरसाइकल र रौतहटको समनपुर जाँदै गरेको साह सवार मोटरसाइकल दुर्घटनामा परेको थियो।

■ अस्पतालभित्रै पसेर चिकित्सकमाथि कुटपिट प्रकरण

चारजना पक्राउ, चिकित्सक थापाले हेटौँडा छाडे

चिकित्सकमाथि आक्रमण गर्नेलाई कारबाही हुन्छ : प्रधानमन्त्री



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चिकित्सकमाथि आक्रमण गर्नेलाई कानुनी कारबाही गर्ने प्रतिबद्धता जनाएका छन्। बिहीबार नेपाल चिकित्सक संघको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्रीले दोषीमाथि कारबाही हुने प्रतिबद्धता जनाएका हुन्। संघका उपाध्यक्ष डा. प्रकाश बुढाथोकीले बिहीबार प्रधानमन्त्री प्रचण्डलाई घटनाबारे जानकारी गराएका थिए। ज्ञापनपत्रमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी पहिलो संशोधन ऐन २०७९ अनुसार कानुनी कारबाही गर्न माग गरिएको छ।



हेटौँडास्थित सञ्चो अस्पतालमा सुरक्षा दिँदै प्रहरी।

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौँडामा बुधबार चिकित्सकमाथि भएको कुटपिटमा संलग्न रहेको अभियोगमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ। हेटौँडा उपमहानगरपालिका-१ मा रहेको सञ्चो अस्पतालका चिकित्सकद्वय डा. विकास थापा र डा. प्रशान्त बिडारीमाथि कुटपिटमा संलग्न रहेका चारजनालाई प्रहरीले बिहीबार दिउँसो पक्राउ गरेको हो। मकवानपुर प्रहरी प्रवक्ता एवं डिएसपी लक्ष्मी भण्डारीका अनुसार पक्राउ पर्नेमा हेटौँडा उपमहानगरपालिका-१२ की रमा प्रधान, अमित प्रधान, रमिता प्रधान र अनुप प्रधान छन्। घटनामा संलग्न अन्यको पनि खोजीकार्य भइरहेको उनले जानकारी दिए।

बुधबार बिहान हेटौँडा-१ मा रहेको सञ्चो अस्पतालका दुईजना चिकित्सकमाथि आठ-दशजनाको समूहले अस्पतालभित्र प्रवेश गरेर कुटपिट गरेका थिए। उनीहरूले सञ्चो अस्पतालमा बिरामी हेरेर फर्किने क्रममा हेटौँडा अस्पतालमा कार्यरत एनेस्थेसिया विभागका डा. बिडारी र डा.थापामाथि कुटपिट गरेका थिए। कुटपिटबाट चिकित्सकद्वयको अनुहार र आँखामा चोट लागेको छ। प्रहरीका अनुसार गत २५ साउन डेंगुबाट मृत्यु भएका हेटौँडा-१२ का राजेश प्रधानकी श्रीमती रमा, छोरा अमित, छोरी रमिता, भतिज अनुपलगायतले कुटपिट गरेका हुन्।

एक महिनाअघि डेंगुका कारण मृत्यु भएका प्रधानको उपचारमा चिकित्सकले लापरबाही गरेको आफन्तको आरोप छ। उपचारमा लापरबाही गरेको भन्दै एक महिनापछि आफन्तले चिकित्सकमाथि हातपात गरेका हुन्। हेटौँडा- १२ पदमपोखरीका ४१ वर्षीय प्रधानको चितवनको नयाँ मेडिकल कलेजमा उपचारका क्रममा २५ साउनमा मृत्यु भएको थियो। त्यसअघि प्रधानलाई उपचारका लागि सञ्चो अस्पतालमा भर्ना गरिएको थियो। सञ्चो अस्पतालमा उपचार हुन नसक्ने चिकित्सकको सुझावपछि प्रधानलाई चितवन पुऱ्याइएको थियो। भरतपुर पुऱ्याइएको भोलिपल्ट उनको मृत्यु भएको थियो।

■ प्रहरीकहाँ उजुरी दिने चिकित्सकलाई काट्ने धम्की

सांघातिक आक्रमणमा परेका जनरल फिजिसियन डा. विकास थापाले जिल्ला छाडेका हुन्। उनी बिहीबार बिहान परिवारसहित काठमाडौं गएका छन्। कुटपिटबाट घाइते भएका थापा थप उपचारका लागि भन्दै हेटौँडा अस्पतालबाट रिफर लिएर काठमाडौं गएका हुन्। सञ्चो अस्पतालको स्थापनाकालदेखि नै प्रमुख डाक्टरका रूपमा कार्यरत उनले तत्काल नियमित काममा फर्कने अवस्था नरहेको बताउँदै परिवारसँगको सल्लाहपछि मात्रै निर्णय लिने जानकारी दिए। डा. प्रशान्त बिडारीले प्रहरीकै अगाडि ज्यान मार्ने धम्की दिएपछि आफूले कुटपिट गर्नेविरुद्ध उजुरी दिन नसकेको बताएका छन्। उनले जिल्ल्ला प्रहरी कार्यालयभित्र छलफल भइरहेका समयमा समेत केही व्यक्तिहरूले आफूलाई काट्ने धम्की दिएको बताए। 'एसपीकै अगाडि जजसले प्रहरीमा उजुरी दिन्छ ती सबैलाई काट्छौं भनेर धम्क्याए। तर प्रहरीले केही गर्न सकेन। यस्तो परिस्थितिमा ज्यान नै बाजी राखेर त उजुरी दिनुभएन नि,' उनले भने।

मकवानपुरका प्रहरी प्रमुख सीताराम रिजालले जिल्ला प्रहरी कार्यालयमा बाहिर हल्ला चलेको जस्तो मिलाउन दबाब दिएको, प्रहरीले उजुरी दर्ता गर्न नमानेको भन्ने केही पनि नभएको दाबी गरे। 'बुधबार भएको घटनामा संलग्नलाई पक्राउ गरेका छौं। उनीहरूमाथि कारबाही हुन्छ। हामीले डाक्टरसाबहरूलाई जाहेरी दिनुस भनेका थियौं। उहाँहरूले समयमै जाहेरी नदिँदा एक दिन ढिला भएको हो। प्रहरीले आफ्नो काम गर्छ, त्यसमा शंका छैन,' उनले भने।

थियो। भरतपुर पुऱ्याइएको भोलिपल्ट उनको मृत्यु भएको थियो।

बिहीबार हेटौँडा अस्पतालमा भएको छलफलमा चिकित्सक, स्वास्थ्यकर्मी र अस्पताल सञ्चालकहरूले मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, प्रहरी प्रमुख सीताराम रिजालसहितलाई घटनामा संलग्न भएकालाई तत्काल पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाउन दबाब दिएका थिए। चिकित्सकमाथि कुटपिट गर्नेलाई पक्राउ नगरेको भन्दै चौतर्फी आलोचना भएपछि प्रहरीले बिहीबार सक्रियता देखाएको थियो। बुधबार दिनभर जिल्ला प्रहरी कार्यालयमा दुई पक्षबीच दबाबमा सहमतिको प्रयास भएको भन्दै विरोधसमेत भएको थियो। बिहीबार बिहान चिकित्सकहरूले घटनामा संलग्नलाई पक्राउ गरी तत्काल कारबाही नगरे शुक्रबारबाट जिल्लामा रहेका सम्पूर्ण स्वास्थ्य संस्थामा आकस्मिकबाहेकका सेवा बन्द गर्ने चेतावनी दिएका थिए। यस्तै, हेटौँडा अस्पताललगायतका सम्पूर्ण स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले सम्बन्धित ठाउँमा राजीनामा बुझाएको र काममा नफर्कने चेतावनीसमेत दिएका थिए।

चिकित्सक कुटपिटको घटनामा संलग्न दोषीलाई कारबाहीको माग गर्दै नेपाल चिकित्सक संघले मकवानपुर प्रहरीकहाँ जाहेरी दिएको छ। संघका केन्द्रीय अध्यक्ष डा. अनिलविक्रम कार्कीले प्रहरीमा जाहेरी दिएका हुन्। तर, उनको उजुरी बिहीबार साँझसम्म दर्ता भएको छैन। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख एवं एसपी सीताराम रिजालले चिकित्सक संघका केन्द्रीय अध्यक्ष कार्कीले घटनामा संलग्नविरुद्ध जाहेरी दिएको पुष्टि गरे। उनले बिहीबार बिदाका कारण जाहेरी दर्ता हुन नसकेको दावी गर्दै शुक्रबार जाहेरी दर्ता गर्ने बताए। रिजालले मकवानपुरमा क्रियाशील स्वास्थ्य क्षेत्रमा संलग्न विभिन्न संघसंस्थाले पनि घटनामा संलग्नलाई कारबाहीको माग गर्दै उजुरी दिएको जानकारी दिए। उनका अनुसार नेपाल चिकित्सक संघ मकवानपुरको नेतृत्वमा औषधि व्यवसायी संघ, राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ, नेपाल स्वास्थ्यकर्मी संघलगायत १२ वटा जिल्लास्तरीय संघसंस्थाले उजुरी दिएका हुन्।

कार्यविभाजनप्रति एकीकृत समाजवादीमा असन्तुष्टि

नयाँ पत्रिका

मन्त्रीबाट हटेपछि पार्टीले जिम्मेवारी नदिएको गुनासो गर्दै आएकी एकीकृत समाजवादीकी सचिव रामकुमारी झाँक्रीले प्रवासको जिम्मेवारी पाएकी छिन्। उनले प्रवास विशेष प्रदेशको पार्टी कामको संयोजन तथा युरोप, अमेरिका र ल्याटिन अमेरिकाको इन्चार्जको जिम्मेवारी पाएकी छिन्। तर, यसमा झाँक्री खुसी छैनन्।

स्रोतका अनुसार महासचिव घनश्याम भुसालले के जिम्मेवारी लिने भनेर झाँक्रीलाई सोधेका थिए। झाँक्रीले पार्टीले मूल्यांकन गरेर जिम्मेवारी देओस् भनेकी थिइन्। तर, भूमिका खुम्च्याउने र युवा नेतृत्वप्रति अविश्वास पैदा हुने गरी जिम्मेवारी तोकिएको भन्दै झाँक्री निराश भएकी छिन्। झाँक्रीले नयाँ पत्रिकासँग भनिन्, 'प्रवासमा काम गरिरहनुभएका साथीहरूलाई काम गर्न दिनुपर्छ। श्रीजी (स्थायी कमिटी सदस्य श्रीप्रसाद साह)को कार्यक्षेत्र किन खोसियो, मलाई के उद्देश्यले यो जिम्मेवारी दिइयो थाहा छैन। यो जिम्मेवारी म लिन सक्दिनँ।'

स्रोतका अनुसार झाँक्रीले मोर्चा संगठन वा लुम्बिनी प्रदेशको जिम्मेवारी चाहेकी थिइन्। युवा संघको जिम्मेवारी लिन पनि उनी तयार थिइन्। तर, पार्टीले टेक्ने जमिन नै नदिएको उनको बुझाइ छ। यसअघि प्रवास संयोजनको जिम्मेवारी स्थायी कमिटी सदस्य श्रीप्रसाद साहले सम्हालेका थिए। साहलाई हाल एसिया, अस्ट्रेलिया र अफ्रिकाको इन्चार्जको जिम्मेवारी दिइएको छ। जिम्मेवारी खुम्च्याइएकोमा साह पनि सन्तुष्ट छैनन्। छलफल, विचार, विमर्श गरेर जिम्मेवारी तोकिँदा राम्रो हुने उनले बताए। यद्यपि, साहले नेतालाई जिम्मेवारी दिने क्रममा तलमाथि हुने बताए।

केन्द्रीय सदस्य अशोक थापाले भारत प्रवास इन्चार्जको जिम्मेवारी पाएका छन्। केन्द्रीय कमिटी र सचिवालय बैठकका निर्णय सर्कुलर गर्दै एकीकृत समाजवादीले नेताहरूको कार्यविभाजनबारे जानकारी दिएको हो। यसअघि जिम्मेवारी नतोकेको भन्दै केन्द्रीय कमिटी बैठकमै झाँक्रीले असन्तुष्टि पोखेकी थिएन्। केन्द्रीय कमिटीमा पदाधिकारीले बोल्ने कार्यसूची नभएपछि सदस्यहरूले धारणा स्पष्ट गर्न माग गरेपछि झाँक्रीले सम्बोधन गरेकी थिइन्। त्यसपछि सम्मानित नेता झलनाथ खनालले पदाधिकारीलाई मात्रै नभई सबै नेता तथा कार्यकर्तालाई जिम्मेवारी दिएर फिल्डमा खटाउनुपर्ने बताएका थिए। जवाफ दिने क्रममा अध्यक्ष माधवकुमार नेपालले

प्रवासमा काम गरिरहनुभएका साथीहरूलाई काम गर्न दिनुपर्छ। श्रीजी (स्थायी कमिटी सदस्य श्रीप्रसाद साह)को कार्यक्षेत्र किन खोसियो, मलाई के उद्देश्यले यो जिम्मेवारी दिइयो थाहा छैन। यो जिम्मेवारी म लिन सक्दिनँ।

सबै नेतालाई जिम्मेवारी दिने र जिम्मेवारी कत्तिको पूरा गरियो भन्ने पनि हेनुपर्ने बताएका थिए। उनले सर्कुलरमा नेता तथा कार्यकर्ताको जिम्मेवारी तोकिएको बताएका थिए।

■ यस्तो छ कार्यविभाजन

एकीकृत समाजवादीले संघीय निर्वाचन क्षेत्रसम्म केन्द्रीय कमिटीका सदस्यलाई इन्चार्ज बनाएर कार्यविभाजन गरेको छ। अध्यक्ष माधवकुमार नेपालले पार्टी कामको नेतृत्व गर्ने र महासचिव घनश्याम भुसालले समग्र सांगठनिक कामको अनुगमन र मोर्चा संगठनका कामको विशेष अनुगमन गर्ने जिम्मेवारी पाएका छन्। संगठन विभाग प्रमुखको जिम्मेवारी उपाध्यक्ष बेदुराम भुसालले पाएका छन्।

Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure
Local Infrastructure Development Project Office
Itahari, Koshi Povince

Invitation for Bids

Publication Date : 2080/05/29

1. Local Infrastructure Development Project Office (LIDPO), Itahari invites electronic bids only from Nepalese eligible bidders for the Construction and Upgrading of Road works of ***LIDPOITH/NCB/W/2080-081/01,LIDPOITH/NCB/W/2080-081/02,LIDPOITH/NCB/W/2080-081/03, LIDPOITH/NCB/W/2080-081/04,LIDPOITH/NCB/W/2080-081/05,LIDPOITH/NCB/W/ 2080-081/06 and LIDPOITH/NCB/W/2080-081/07*** under National Competitive Bidding procedures. Eligible Bidders may obtain all further information at LIDPO, Itahari or may visit PPMO's website http://www.bolpatra.gov.np/egp.
2. Bidders may download the bidding documents for e-submission from PPMO's Website http://www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall be held at LIDPO, Itahari on **2080/06/ 17** at 11:00 AM.
4. Electronic bids must be submitted through PPMO website on or before 12:00 on **2080/06/29**. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on **2080/06/29** at LIDPO, Itahari.

Manahari Rural Municipality
Office of Rural Municipal Executive
Rajaiya, Makwanpur
Bagmati Province, Nepal

Invitation for Bids

First Date of Publication: 2080/05/29

Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur invites *electronic bids* for the following works under National Competitive Biddings (NCB).

S. N.	Contract Identification No.	Works Description	Estimated Cost (Inclusive 13% VAT & PS) NRs.	Bid Security Amount (NRs)	Bid Document Cost (NRs.) (Nonrefundable)
1.	UGR/NCB/ MAN-02/080-81	Upgrading of Road at ward no-2 Manahari	1,75,79,806.63	4,05,000.00	3,000.00

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur.

CHIEF ADMINISTRATIVE OFFICER

Government of Nepal
Armed Police Force, Nepal Headquarters,
Procurement Division, Kathmandu, Nepal

Invitation for Bids

(IFB No: APF/NCB/G/**03/2080/081**)
Date of publication: 29th **Bhadra, 2080**

1. Armed Police Force, Nepal Headquarters (APFN HQ), Procurement Division electronic bids from eligible bidders for the procurement of below mentioned Goods under National competitive bidding Single Stage Two Envelope procedures specified in Public Procurement Act and Regulation.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of APFN HQ, Procurement Division, Kathmandu, Tel 01-5249005, e-mail apfprocurement@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below mention respective Coloum.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Rastriya Banijya Bank,Thamel Branch
   Name of Office: Armed Police Force, Nepal Headquarters Office Code no. 314053507
   Revenue Account no.: 1000100200010000 *Rajaswa* (Revenue) *Shirshak* no :14229
5. Pre-bid meeting shall be held at Armed Police Force, Nepal Headquarters (APFN HQ), Procurement Division, Halchowk, Kathmandu,Nepal at 13:00 hrs.19th Aswin, 2080.
6. Electronic bids must be submitted to the office of The Armed Police Force, Nepal Headquarters Procurement Division through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before **12:00** hrs. on 30th Aswin, 2080. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** hrs. on 30th Aswin, 2080, at the office of Armed Police Force, Nepal Headquarters (APFN HQ), Procurement Division. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum below mentioned respective coloum. Which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contracts are as follows:

S. N.	Contract ID No.	Name of Procurement	Bid security Amount and Minimum Validity date	Bid Document Fee NRs.
1.	APF/NCB/G/03/ 2080/081/01	Office Stationery Items	NRs.4,90,000/- Date:2080/11/01	NRs 5,000/-
2.	APF/NCB/G/03/ 2080/081/02	Miscellaneous Items	NRs.1,65,000/- Date:2080/11/01	NRs 3,000/-
3.	APF/NCB/G/03/ 2080/081/03	Printing Items	NRs.75,000/- Date:2080/11/01	NRs 3,000/-
4.	APF/NCB/G/03/ 2080/081/04	Communications Items	NRs.2,25,000/- Date:2080/11/01	NRs 3,000/-
5.	APF/NCB/G/03/ 2080/081/05	Armourer Items	NRs.45,000/- Date:2080/11/01	NRs 3,000/-
6.	APF/NCB/G/03/ 2080/081/06	Maintenance Items	NRs.2,25,000/- Date:2080/11/01	NRs 3,000/-
7.	APF/NCB/G/03/ 2080/081/07	Vehicle Spare Parts	NRs.3,00,000/- Date:2080/11/01	NRs 3,000/-

● नेम्वाङलाई सम्झँदै संसद्‌ले भन्यो-

संविधान निर्माण र सदन सञ्चालनमा नेतृत्वदायी भूमिका थियो



कमलराज भट्ट /नयाँ पत्रिका

संघीय संसद्‌ले संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङले संसदीय व्यवस्थामा पुऱ्याएको योगदानको स्मरण गर्दै उनको निधनमा शोक प्रस्ताव पारित गरेको छ। प्रतिनिधिसभा र राष्ट्रिय सभाको बिहीबारको बैठकले नेम्वाङले पुनर्स्थापित संसद्, संविधान निर्माणलगायत महत्त्वपूर्ण घडीमा निर्वाह गरेको भूमिका सम्झना गर्दै श्रद्धाञ्जली दिएको हो। नेम्वाङको मंगलबार बिहान हृदयाघातबाट निधन भएको थियो।

सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले सदनमा प्रस्तुत गरेको शोक प्रस्तावमा नेम्वाङको निधनले सिंगो मुलुक स्तब्ध बनेको उल्लेख छ। 'दुई दशकयताका लोकतन्त्र र गणतन्त्रका लागि भएका हरेक आन्दोलनमा सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्नुभएका, संविधानसभामार्फत नेपालको संविधान निर्माण गर्न अहं र नेतृत्वदायी भूमिका खेल्नुभएका मृदुभाषी, सरल, सहज र समन्वयकारी व्यक्तित्वका धनी नेम्वाङको अप्रत्याशित निधनबाट मुलुकलाई अपूरणीय क्षति पुगेको छ,' सिंगो संसद्‌ले एकमतले पारित गरेको शोक प्रस्तावमा भनिएको छ।

नेम्वाङ एमालेबाट ०४८ र ०५२ मा राष्ट्रिय सभा सदस्य र ०५६ मा प्रतिनिधिसभा सदस्य, ०६३ को पुनर्स्थापित प्रतिनिधिसभा र व्यवस्थापिका-संसद् सदस्य, ०६४ र ०७० को संविधानसभा सदस्य, ०७४ र ०७९ मा प्रतिनिधिसभा सदस्य रहेको स्मरण गर्दै प्रस्तावमा ०६४ र ०७० मा संविधानसभा अध्यक्ष र पुनर्स्थापित प्रतिनिधिसभा, व्यवस्थापिका-संसद् र संविधासभा अवधिभरको व्यवस्थापिका-संसद्‌को सभामुखमा चारपटक निर्वाचित भई निर्णायक र प्रेरक भूमिका निर्वाह गरेको उल्लेख छ। पूर्वकानुन, न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासनमन्त्रीसमेत भएका नेम्वाङ ०५६ मा सार्वजनिक लेखा समितिको सभापतिसमेत भएको उल्लेख गर्दै शोक प्रस्तावमा नेपालको वर्तमान संसद् र संसदीय राजनीतिमा समन्वयकारी भूमिका खेल्ने कार्यमा महत्त्वपूर्ण भूमिका रहेको स्मरण सदनले गरेको छ।

सांसदको सम्झनामा नेम्वाङ

काग्रेस सांसद प्रदीप पौडेल संविधान निर्माणका क्रममा समन्वय गरेर समाधान दिएको सम्झन्छन्। 'सबैले रुचाएको, विश्वास गरेको, समन्वय गर्न सक्ने क्षमता भएको एउटा सदस्य अब संसद्‌मा हुनुहुन्न। अपूरणीय क्षति भएको महसुस भएको छ,' उनले भने। नेपालको राजनीतिमा आगो बाल्ने होइन निभाउने, सबैलाई मिलाएर अघि बढ्ने र लोकतान्त्रिक मूल्य-मान्यताप्रति सधैं निष्ठापूर्वक चट्टानी अडान राख्ने एउटा नेताको अवसान भएको पौडेलको धारणा छ। एकीकृत समाजवादीका सांसद राजेन्द्र पाण्डेले संविधान निर्माण र संसद् चलाउने सवालमा नेम्वाङको शालीन व्यवहार र सबै पक्षलाई मिलाएर लैजाने स्वभाव रहेको सुनाए। 'त्यस्तो खालको स्वभाव सधैंभरि त्यस्तै मान्छे, नेता फेला पर्दैन,' पाण्डेले भने।

एमाले सचेतक महेश बर्तौलाले संसद्‌ले एक कुशल अभिभावक गुमाएको बताए। 'हामीले अभिभावक गुमाएका छौं। उहाँ हाम्रो मार्गदर्शक हुनुहुन्थ्यो। कतिपय मुद्दामा सहजीकरण गर्नुहुन्थ्यो,' उनले भने। माओवादी सचिव देवेन्द्र पौडेलले पछिल्लो संविधान र प्रणाली ल्याउन ल्याउन नेम्वाङले महत्त्वपूर्ण भूमिका खेलेको बताए। 'सरल, सहज हुनुहुन्थ्यो। संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध हुनुहुन्थ्यो। अब जनताकेन्द्रित समाजवादमा जानुपर्छ, वामपन्थी आन्दोलन एकैठाउँमा राख्नुपर्छ भन्नेमा दृढ हुनुहुन्थ्यो,' उनले भने।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारले नेपाली राजनीतिमा सहमति, समन्वय तथा सबै पार्टी मिलेर राष्ट्रिय मुद्दामा एक ठाउँमा बसेर काम गर्नुपर्छ भन्ने थोरै नेतामध्ये एक नम्बरमा नेम्वाङ पर्ने बताए। 'मैले उहाँको समितिमा बसेर काम गरेको छु। धेरै कुरा सिकेको छु। उहाँको अभाव महसुस भरहेको छ,' उनले भने।

नेम्वाङ यसरी भए सभामुख

प्रतिनिधिसभा सदस्य राजेन्द्र पाण्डेका अनुसार कम्युनिस्ट आन्दोलन र संसदीय राजनीतिमा सुवास नेम्वाङले आफ्नो भूमिका, परिस्थिति र सक्रियताले फड्को मारेका थिए। ०३५ मा मालेभित्र कानुनी क्षेत्रको अध्ययन भएको मान्छेको अभाव हुँदा ल क्याम्पसबाट बिएल गरेका नेम्वाङले जिम्मेवारी पाएका थिए। उनका अनुसार ०४८ मा संसद्‌भित्र कानुन अध्ययन गरेका मान्छे थोरै थिए। ०५१ मा एमालेको पहिलोपटक सरकार बन्दा नेम्वाङ कानुन राज्यमन्त्री भएका थिए। राज्यमन्त्रीले न्यायपरिषद्‌मा भाग लिन नपाउने भएपछि केही दिनमै फुल मन्त्री भए। ०५६ को निर्वाचनपछि प्रतिनिधिसभामा तारानाथ रानाभाट सभामुख र चित्रलेखा यादव उपसभामुख थिए। तत्कालीन राजाले विघटन गरेको प्रतिनिधिसभा ०६३ मा पुनर्स्थापना भयो। 'तारानाथ रानाभाटले दरबारको समर्थन गर्नुभयो, त्यसकारण उहाँलाई सभामुखबाटै हटाउने निर्णय भयो। अब चित्रलेखालाई सभामुख बनाउनुपर्ने थियो। सबै तयारै थिए। तर, त्यतिखेर संसद्‌मा एक दिन चित्रलेखाले गल्ती गर्नुभयो। बोल्न नहुने कुरा बोल्नुभयो। बोल्नै नहुने वक्तव्य दिएपछि उहाँलाई सभामुख बन्न दिइएन,' उनले सम्झए, 'त्यसपछि नयाँ पात्रको खोजी हुँदा कानुन पढेको, बुझेको भनेर सुवास नेम्वाङलाई सभामुख बनाइयो। उहाँ आफ्नो भूमिकामा खरो उत्रिएपछि दोहोरिरहनुभयो।'

नेम्वाङको अन्त्येष्टि



काठमाडौं/ संविधानसभा अध्यक्ष नेम्वाङको बिहीबार पशुपति आर्यघाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ। नेम्वाङको पार्थिव शरीरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय झन्डा तथा एमाले अध्यक्ष केपी ओलीले पार्टीको झन्डा ओढाई अन्तिम श्रद्धाञ्जली दिए। नेम्वाङको पार्थिव शरीरमा छोराहरू मिङ्सो नेम्वाङ र सुहाङ नेम्वाङले दागबत्ती दिएका थिए। हिन्दू र लिम्बू परम्पराअनुसार नेम्बाङको अन्त्येष्टि गरिएको हो। नेम्वाङप्रति सम्मान प्रकट गर्दै नेपाली सेनाको एक टुकडीले अन्तिम सलामी अर्पण गरेको थियो।

आर्यघाटमा अन्तिम श्रद्धाञ्जली दिन काग्रेस सभापति शेरबहादुर देउवा, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, मन्त्री, सांसद, विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू, मुख्यसचिव, संसद् सचिवालयका महासचिवसहित उच्चपदस्थ कर्मचारी, सुरक्षा निकायका अधिकारीहरू, सामाजिक क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरू, परिवारका सदस्य तथा आफन्तजन, ठूलो संख्यामा पार्टीका नेता-कार्यकर्ताहरू र सर्वसाधारण उपस्थित थिए। अन्त्येष्टिअघि बालुवाटारस्थित निवासबाट सुरु भएको शवयात्रा त्रिवि शिक्षण अस्पताल, महाराजगन्ज, धुम्बाराही, चाबहिल, गौशाला हुँदै पशुपति आर्यघाट पुगेको थियो। एमालेले २ असोजमा पार्टी केन्द्रीय कार्यालय च्यासलमा नेम्वाङको स्मृतिमा शोकसभा आयोजना गर्दै छ।

Bagchaur Municipality
Office Of The Municipal Executive
Bagchaur, Salyan

Invitation for E-Bids

Contract No: BM-SAL-WORKS-NCB-02-2080/81
Date of publication: 15-09-2023

1. Bagchaur Municipality invites electronic bids from Registered Nepalese eligible bidders for the following work.

S. N.	Contract no.	Description and location of work	Estimated Amount (Without VAT, Contingencies and Provisional Sum)	Bid Security Amount	Price of Bid Document.
1.	BM-SAL-WORKS-NCB-02-2080/81	Construction of Birthing Center at Sibaratha	55,97,781.00	1,60,000.00	3,000.00


2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. For further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank, Tharmare, Salyan
   Name of Office: Bagchaur Municipality, Bagchaur, Salyan
   Rajaswa (revenue) Account no. : 23704010000009
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00 on 16 Oct 2023. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 16 Oct 2023 at the office of Bagchaur Municipality, Bagchaur, Salyan.
6. Bids must be valid for a period of 90 days and must be accompanied by a scanned copy of the bid security in pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   Name of the Bank : Global IME Bank, Tharmare , Salyan
   Name of Office: Bagchaur Municipality, Bagchaur, Salyan
   Dharauti khata No. : 23704010000004
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non-responsive.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

Chief Administrative Officer



मिसन रानीगन्जमा अक्षय

अक्षय कुमार आगामी फिल्म 'मिसन रानीगन्ज : द ग्रेट भारत रेस्क्यु'मा देखिँदै छन् । यस फिल्ममा भिएफएक्सको अत्यधिक प्रयोग हुनेछ । निर्माण पक्षले झन्डै १३ सय भिएफएक्स सट्स प्रयोग गर्दै छ । विगत साढे दुई महिनादेखि निर्माताहरूले धेरै कम्पनीलाई भिएफएक्स र कम्प्युटर ग्राफिक्सको काम गराइरहेका छन् ।



वेलकम-३ बाट नाना बाहिर

२० डिसेम्बर २०२४ मा रिलिज हुने वेलकम-३ मा अक्षय कुमार, सञ्जय दत्त, सुनील सेट्टीलगायत धेरै स्टार कलाकारको अभिनय छ । तर, नाना पाटेकर छैनन् । यसअघि वेलकमका अधिल्ला दुई सिक्वेलमा उनी थिए । 'सायद निर्माताहरूलाई म बुढो भएँ भन्ने लाग्यो,' वेलकम सिरिजबाट बाहिरिनुको कारण सोध्दा उनले ठट्टा गर्दै भने ।

तिजमा देखिनुस् सुन्दर र स्टाइलिस



कमला श्रेष्ठ
सौन्दर्यविद्
सियाम ब्युटी सैलुन, कुपन्डोल

पहिले तिज महिलाहरूका लागि माइती जाने बहाना थियो । माइती जाँदा शृंगारिएर जाने चलन थियो । तिजका लागि जगेर्ना गरेर गहना तथा पहिरन लगाउने चलन हुन्थ्यो । माइती जानका लागि नयाँ लुगा र गहना किन्ने चलन थियो ।

अहिले गहना र पहिरन फेर्नका लागि चाडबाड वा तिज कुर्नुपर्दैन । तिज मनाउने तरिका पनि बदलिएको छ । सहरी क्षेत्रमा तिज आउनुभन्दा धेरै समयअघिदेखि नै यसको माहोल बन्छ । विशेषगरी, खानपान र फेसनमा महिलाले ध्यान दिन्छन् । दर खाने र रातो पहिरनमा सजिएर हिँड्ने महिलाको भिड देखिन थालेको छ । तिजमा महिलाका लागि सबैभन्दा महत्त्वपूर्ण पाटो पहिरन र सुहाउँदो मेकअप हो । त्यसैले तिजमा अरू वेलाभन्दा विशेष शृंगार गरिन्छ । शिरदेखि पाउसम्म शृंगार गर्ने चलन छ । तिजमा महिलालाई कस्तो पहिरन सुहाउँछ त ?



पहिरन : विवाहित वा गृहिणी महिलाका लागि रातो पहिरन उपयुक्त हुन्छ । विवाहित महिलालाई साडी उपयुक्त हुन्छ । अहिले कुर्थी तथा पाइजामा पनि राम्रो डिजाइनका पाइन्छन् । हेभी खालको छनोट नगर्ने, हल्का खालको छनोट गर्नुपर्छ । गर्मी नहुने खालको लगाउँदा राम्रो हुन्छ । विवाहित महिलाका लागि धागोको चुल्ठो बनाएर सिन्दुर, टीका, पोते लगाउँदा सुन्दर देखिन्छ ।

टिनएजरलाई यस्तो ड्रेसअप

टिनएजरले लाइट ड्रेस लगाउँछन्, उनीहरूले लाइट मेकअप गर्छन् । अविवाहित वा टिनएजरले गाउन लगाउँदा पनि हुन्छ । सर्ट, कुर्ती, पाइजामा लगाउँदा हुन्छ । लेहेंगा लगाउँदा पनि हुन्छ । पहिरन पनि क्यारी गर्न सक्ने खालको छनोट गर्दा राम्रो हुन्छ । टिनएजरलाई हेभी मेकअप सुहाउँदैन । धागो चुल्ठी बाटेर हिँड्नुपर्छ भन्ने छैन । नाचगान गर्न सजिलो हुने खालको सजिलो पहिरन लगाउँदा राम्रो हुन्छ । टिनएजरका लागि लाइट गहनाहरू पाइन्छन् । टिनएजर वा अविवाहितलाई पहिरनमा लाइट मेकअप गर्दा मात्रै पनि सुहाउँछ । राम्रो देखिन्छ । अविवाहितले धागो लगाएर जुरो नबनाउँदा हुन्छ । हेभी नगर्ने कर्ली बनाउन पनि सकिन्छ, स्ट्रेट पनि गर्न सक्नुहुन्छ ।



गहना : धेरै भड्किलो खालको गहना लगाइराख्नुपर्दैन । लाइट खालको गहना लगाउँदा हुन्छ । विवाहितका लागि घाँटीमा पोते अनिवार्य लगाउँदा राम्रो हुन्छ । हेभी लगाउनुपर्दैन । पोतेले पनि सुन्दरता थप्छ, अरू गहना आवश्यक पर्दैन ।

कपाल : हेयर स्टाइल पहिरनसँग मिल्ने खालको बनाउँदा आकर्षक देखिन्छ । साडीमा विभिन्न स्टाइलका जुरो बनाउन सकिन्छ । जुरो नबनाउँदा पनि विभिन्न स्टाइलमा बाटेर बीचमा फूलको थुंगा राख्न सकिन्छ । कपाललाई समेटेर धागो लगाएर बनायो भने सजिलो हुन्छ । जसले नाच्न पनि सजिलो बनाउँछ । त्यति गर्मी महसुस हुँदैन । तर पनि कतिपयलाई विभिन्न डिजाइन बनाउन मन लाग्छ । कर्ली बनाउन मन लाग्छ, जुरो बनाउने साथै जुरोको माथि धागोका फुर्काहरूको डिजाइन निकालेर बनाउने साथै फूल राखेर पनि शृंगार गर्न सकिन्छ ।





मेकअप : तिजमा व्रत बस्ने, मठमन्दिर जाने तथा नाचगान गर्ने हुँदा मेकअप छिटै बिग्रिने डर हुन्छ । पानी र पसिनाका कारण मेकअप लतपतिन सक्छ । त्यसैले हेभी मेकअप नगरेकै राम्रो हुन्छ । गर्मी भएकाले धेरै पसिना आउने हुन्छ । वाटरप्रुफ मेकअप गर्नुपर्छ । पाउडर, फाउन्डेसन अनिवार्य लगाउनुपर्छ । त्यसैगरी, ब्रन्जिङ गर्नुपर्ने हुन्छ, यसलाई ब्लसन पनि भनिन्छ । म्याट लिपस्टिक प्रयोग गर्नुपर्छ । सकेसम्म गाजल नलगाएकै राम्रो, किनकि यसलाई पसिनाले पगाल्छ । आइस्याडो प्रयोग गर्दा राम्रो हुन्छ । वाटरप्रुफ लाइनर लगाउनुपर्छ । वाटरप्रुफ मस्कारा लगाउँदा हुन्छ । आँखाको मेकअप झन् विशेष हुन्छ । त्यासेसहरू पनि लगाउने । पसिना आउँदा भने त्यासेसको प्रयोग नगर्दा पनि हुन्छ । कम्तीमा चार-पाँच घन्टा अडिने गरी मेकअप गर्नुपर्छ ।



जुत्ता : तिजमा नाच्दा लडेको पनि देखिन्छ । त्यसैले जुत्ताको चयनमा पनि ध्यान दिनुपर्छ । पेन्सिल हिल लगाउनु राम्रो हुँदैन । ब्लक हिल लगाउनुपर्छ । फ्ल्याट तथा ओपन जुत्ता आरामदायी हुन्छन् । हिल भएका जुत्ता सकेसम्म नलगाउनु राम्रो हुन्छ ।

घ्युकुमारीको जुसका फाइदा



- घ्युकुमारीको जुस नियमित पिउँदा शरीरमा इनर्जी बढ्छ । घ्युकुमारीको जुसमा कैयौं पोषण तत्त्व, भिटामिन र मिनरल हुन्छन् । जसले शरीरको सिस्टममा सुधार ल्याउने गर्छ र ऊर्जा बढाउँछ । यस्तो जुस पिउँदा शरीरको प्रतिरक्षा क्षमता पनि बढेर जान्छ । यसका लागि घ्युकुमारीको पात काटी त्यसलाई खुर्किएर तीनदेखि चार चम्चा निकाली त्यसको जुस तयार पार्नुस् ।
- यसमा भएको एन्टिइन्फ्लेमेटरीले पेटको रोगलाई हटाउन सहयोग गर्छ । यसको नियमित सेवन गर्दा कब्जियतको समस्याबाट पनि बच्न सकिन्छ ।
- घ्युकुमारीको जुसको सेवनले छालामा पनि निखार ल्याउने गर्छ । यसको नियमित सेवनले छालालाई लामो समयसम्म जीवित र चमकदार राख्ने गर्छ । यसले छालाका विभिन्न समस्या, रिंकल्स, दाग, धब्बा, आँखाको कालो घेराजस्ता समस्या हटाउन भूमिका खेल्छ । यसले कपालमा पनि चमक ल्याउने गर्छ ।
- शरीरमा भएका कैयौं विषालु तत्त्वले शरीरमा नकारात्मक प्रभाव पार्छ । जसका लागि शरीरलाई डिटाक्सको जरुरी हुन्छ । घ्युकुमारीको जुसमा राम्रो डिटाक्सिफिकेसन गुण हुन्छ ।

रिँगटा किन लाग्छ ?



डा. रोशन झा
जनरल फिजिसियन
सशस्त्र प्रहरी अस्पताल

जब दिमागमा नियमित मात्रामा रगत सञ्चालन हुन सक्दैन, त्यति बेला रिँगटा लागेको जस्तो महसुस हुन्छ । रिँगटा लाग्नुका केही कारण यस्ता छन् :

- कानमा शरीरलाई सन्तुलनमा राख्ने नसा हुन्छ । त्यसैले उक्त नसामा समस्या भएमा हामीलाई रिँगटा लाग्न सक्छ ।
- आँखाको समस्याले पनि रिँगटा लाग्न सक्छ । हाम्रो रिफ्लेक्टिभ पावर असन्तुलित भएर आवश्यकभन्दा कम वा बढी भयो भने रिँगटा लाग्न सक्छ । यदि कुनै कारणले दिमागमा रगत जम्न गयो भने पनि रिँगटा लाग्न सक्छ ।
- उच्च रक्तचाप वा कम रक्तचाप हुँदा पनि दिमागमा रगतको प्रवाहमा असर पुग्छ, जसका कारण रिँगटा लाग्ने हुन्छ ।
- मुटुको धड्कन कम हुँदा वा रगतको सर्कुलेसन नियमित नहुँदा वा मुटुले रगत पम्प गर्न नसकेमा पनि हुन्छ ।
- शरीरमा ग्लुकोजको मात्रा कम भएमा वा बढी हुँदा पनि रिँगटा लाग्न सक्छ । एक्कासि धेरै तातो ठाउँमा बस्दा वा हिँड्दा पनि रिँगटा लाग्छ ।
- त्यसैगरी, खानपानमा कमी, झाडापखाला हुँदा, बान्ता, उच्च ज्वरो, धेरै गर्मीसँगै पानी कम पिउने वा बढी काम गर्दा पनि शरीरमा पानी कम भई रिँगटा लाग्छ ।
- शरीरमा कडा खालको दुखाइ भएमा पनि रिँगटा लाग्छ ।

जटिल अवस्था

टाउको दुखेर रिँगटा लागेमा, बारम्बार वा लामो अवधिसम्म रिँगटा लागिरहेमा, सुन्ने शक्ति र दृष्टिमा समस्या देखिएमा, हातखुट्टा कमजोर भएको महसुस भएमा, छाती दुख्ने, सास फेर्न गाह्रो हुने भएमा, टाउकोमा चोट लागेमा, छारेरोग, घाँटी कडा हुने समस्या भएमा तत्कालै चिकित्सकसँग परामर्श गर्नुपर्छ ।

रिँगटा लाग्नासाथ के गर्ने ?

- आराम गरेर बस्ने, हलचल नगर्ने ।
- शारीरिक अवस्था चाँडो-चाँडो परिवर्तन नगर्ने ।
- बढी चम्किलो प्रकाशमा नहेर्ने ।

रोकथाम र उपचार

शारीरिक सन्तुलनका लागि खानपानलाई सन्तुलित बनाउने । बारम्बार रिँगटा लाग्छ भने बसेर उठ्दा नजिकैको चिज समातेर उठ्ने । रिँगटा लाग्ने समस्या छ भने मेसिनरी सामग्रीको नजिक रहेर काम नगर्ने । ड्राइभिङ नगर्ने, पौडी नखेल्ने । रिँगटा लाग्ने धेरै कारण भएकाले पहिले कारण पत्ता लगाएर त्यसको उपचार गर्नुपर्छ ।

राम्रो फोटो खिच्ने तरिका

- धेरैलाई राम्रो फोटो खिच्ने रहर हुन्छ । यसका लागि फोटोग्राफीबारे आधारभूत जानकारी र निरन्तरको अभ्यास आवश्यक छ ।
- सबैभन्दा पहिले क्यामेराको सेटिङबारे आधारभूत जानकारी लिनुपर्छ । अपर्चर, सटर स्पिड, आइएसओ, कम्पोजिसन टेक्निकलगायत आधारभूत विषयमा जानकार हुनुपर्छ ।
- फोटोग्राफी एक कला हो । राम्रो फोटोग्राफर बन्नका लागि समय लाग्छ । त्यसैले निरन्तर रूपमा आफूलाई मन परेका कुराहरू खिच्नुस् । सुटिङका लागि समय छुट्याउनुस् । फरक सब्जेक्ट र लाइटिङ कन्डिसनमा फोटो खिच्ने प्रयास गर्नुस् ।
- फोटोग्राफीमा प्रकाशको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यही कारण प्राकृतिक र आर्टिफिसियल लाइटमा क्यामेरालाई कसरी कन्ट्रोल गर्ने भनेर बुझ्न जरुरी छ ।
- रुल अफ थर्डस्, लिडिङ लाइन्स, फ्रेमिङलगायत कम्पोजिसन रुलबारे ध्यानपूर्वक पढ्नुस् । विभिन्न एंगल र पर्स्पेक्टिभबाट प्रयोग गर्नुस् ।
- अरूका अगाडि आफूलाई कसरी पृथक् देखाउन सकिन्छ, यस विषयमा सधैँ सोच्नुस् ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/२९

यस फाइनान्सको शाखा कार्यालय खुरखुरे, चितवनबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईं ऋणीहरुले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ । सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाईं ऋणीहरुको अन्य चल/अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ । साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाईं ऋणीहरुबाट नै भराई लिईनेछ । तपाईं ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिहरुले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

१. ऋणीको विवरण

नाम : दिपेन्द्र महतो
बुबा : त्रिभुवन महतो
बाजे : पृथ्वी महतो
ना.प्र.नं. : १८०२/०४४
मिति : २०५८/०५/३१, जि.प्र.का. चितवन ।
ठेगाना : रत्ननगर-५, चितवन
हाल : रत्ननगर-८, चितवन ।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

नाम : सपना थनेत
बुबा : सुर्य नारायण थनेत
पति : दिपेन्द्र महतो
ससुरा : त्रिभुवन महतो
ना.प्र नं : ३९९७१
मिति : २०६१/०८/०२, नवलपरासी ।
ठेगाना : पिठौली-९, नवलपरासी ।
हाल : रत्ननगर-८, चितवन ।

नाम : त्रिभुवन महतो
बुबा : पृथ्वी महतो
बाजे : लटाही महतो
ना.प्र.नं. : १३४७
मिति : २०३६/०५/२१, जि.प्र.का.चितवन ।
ठेगाना : देवौली-३, चितवन ।
हाल : रत्ननगर-८, चितवन ।

धितो सुरक्षणको विवरण :

मालपोत कार्यालय चितवनमा दिपेन्द्र महतोको नाममा एकलौटी दर्ता कायम रहेको चितवन जिल्ला, देवौली वडा नं. ३ ख स्थित कित्ता नं. ४१५३ क्षेत्रफल १३५४.५२ वर्ग मिटर को घरजग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत..।

२. ऋणीको विवरण

नाम : मनोज महतो
बुबा : मगना महतो
बाजे : टेडाई महतो
ना.प्र.नं. :४१२३/०६०
मिति : २०६०/०१/१०, जि.प्र.का. चितवन ।
ठेगाना : कुमरोज-४, चितवन ।
हाल : खैरहनी-१, चितवन ।

व्यक्तिगत जमानी दिनेको विवरण

नाम : करुणा चौधरी
बुबा : रुदल चौधरी
पति : मनोज महतो
ससुरा : मगना महतो
ना.प्र.नं. : ३५१००५/६९,
मिति :२०६७/०४/०४, जि.प्र.का. चितवन ।
ठेगाना : खैरहनी-१३, चितवन ।
हाल : खैरहनी-१, चितवन ।

धितो सुरक्षणको विवरण :

मालपोत कार्यालय चितवनमा मनोज महतोको नाममा एकलौटी दर्ता कायम रहेको चितवन जिल्ला, हाजिपुर वडा नं. ८ ख स्थित कित्ता नं. ९२३ र ११८९ क्षेत्रफल १७७.७७ व.मि. र १६९.३२ व. मि. को घरजग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत..।

३. ऋणीको विवरण

नाम : रुद्र हुमगाई
बुबा : मुक्तिनाथ होमगाई
बाजे : कृष्ण प्रसाद होमगाई
ना.प्र.नं. : ३१-०१-७०-१२८७७
मिति : २०७०/१२/१३, जि.प्र.का. मकवानपुर ।
ठेगाना : आमभन्ज्याङ-२, मकवानपुर ।
हाल : खैरहनी-१०, चितवन ।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

नाम : मुक्तिनाथ होमगाई
बुबा : कृष्ण प्रसाद होमगाई
बाजे : वुद्धिखर होमगाई
ना.प्र.नं. : ८३९
मिति : २०४३/०९/२०, जि.प्र.का.मकवानपुर ।
ठेगाना : आमभन्ज्याङ-२, मकवानपुर ।
हाल : खैरहनी-१०, चितवन ।

नाम : लक्ष्मी माया होमगाई
पति : मुक्तिनाथ होमगाई
ससुरा : कृष्ण प्रसाद होमगाई
ना.प्र.नं. : २९७
मिति : ०४३ साल, जि.प्र.का. मकवानपुर ।
ठेगाना : आमभन्ज्याङ-२, मकवानपुर ।
हाल : खैरहनी-१०, चितवन ।

धितो सुरक्षणको विवरण

मालपोत कार्यालय खैरहनी, चितवनमा लक्ष्मी माया होमगाईको नाममा एकलौटी दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर वडा नं. ४ ख स्थित कित्ता नं. ३१५० क्षेत्रफल १९२.२८ वर्ग मिटरको जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत..।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दिक्तेल खोटाङ

बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०५/२५

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा तपसिल अनुसारको मालसामान राष्ट्रियस्तरको खुल्ला बोलपत्र खरिद प्रक्रिया e-GP को माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली आपूर्तीकर्ता/बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ । यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेब साईट http://www.rupakotmajhuwagadhimun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईट https://www.bolpatra.gov.np/egp, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको स्वास्थ्य र शिक्षा शाखामा सम्पर्क गर्न सकिनेछ ।

बोलपत्र सम्बन्धी विवरण

सि. नं.	ठेक्का नं.	बोलपत्रको विवरण	बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोल्ने मिति र समय	बोलपत्र जमानत रकम रु.	बोलपत्र फारम खरिद दस्तुर रु.	बोलपत्र मान्य अवधि
1.	01/DRMM/ NCB/G/ 2080/081	PROCUREMENT OF MEDICINES AND SURGICAL EQUIPMENTS.	२०८०.०६.२९ दिनको १२:०० बजे सम्म	२०८०.०६.२९ दिनको १७:०० बजे	८५,०००/-	३,०००/-	९० दिन
2	02/DRMM/ NCB/G/ 2080/081	PROCUREMENT OF SANITARY PADS [Quantity: 39150 Pkts.]	२०८०.०६.२९ दिनको १२:०० बजे सम्म	२०८०.०६.२९ दिनको १७:०० बजे	७०,०००/-	३,०००/-	९० दिन

बैंक विवरण	**बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागि:** Rastriya Banijya Bank, Diktel Branch, Khotang Name of Account: DIKTEL NA.PA.(GA-1-1)-AANTARIK RA Account No.: 2060100301010003	**बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागि:** Rastriya Banijya Bank, Diktel Branch, Khotang Name of Account: DIKTEL NA.PA.(GA-3)-DHARAUTI ACCOUN Account No.: 2060100303000003

प्रमुख प्रशासकीय अधिकृत

प्रधानमन्त्रीज्यू, अन्तिम मौका नगुमाउनुहोस्

प्रचण्डले यो कार्यकालमा केही गर्न खोजेजस्तो देखिएको छ, यसपटक प्राप्त मौकाको सदुपयोग गरून् र नागरिकलाई नझुक्याऊन्



● मिलन पाण्डे

समय-सापेक्ष

कुरा सशस्त्र युद्धकै बखतको हो। सेतो घोडा चढ्ने बूढा भनेर पर्वतका बखतबहादुर कुँवर चिनिन्थे। बखतबहादुर आफ्नो घोडालाई 'सेते' भन्थे। उनले निकै प्रेमले लालनपालन गरेका थिए भने कतै जान पऱ्यो भने बखतबहादुर सेतेमै सवार हुन्थे। बखतबहादुरका निम्ति सेते साधन मात्र थिएन, साथ र सहारा पनि थियो। तर, १४ कात्तिक ०६० देखि माओवादी धम्कीका कारण उनी गाउँबाट विस्थापित भई काठमाडौं बसेका थिए। त्यतिवेला उनीसित माओवादीले ६ लाख रुपैयाँ मागेको थियो। १५ असोज ०६२ मा माओवादी कार्यकर्ताले उनको घरबाट सेतेलाई कब्जा गरे। निकै आकर्षक, राम्रो र बलियो घोडा देखेपछि कार्यकर्ताले यस्तो घोडा त हाम्रो 'सुप्रिमो'ले चढ्नुपर्छ भनेर सेतेलाई रोल्पा पुऱ्याए। प्रचण्डले कार्यक्रममा जाने र पार्टीका कार्यकर्ता भेटघाट गर्ने साधनका रूपमा उनै बखतबहादुरको घोडा प्रयोग गरिरहेका थिए।

पछि एक दिन एक साप्ताहिकमा प्रचण्डले आफ्नो घोडा चढेको फोटो देखेपछि बखतबहादुरले विभिन्न दलका प्रतिनिधि, सञ्चारकर्मी र मानवअधिकारकर्मी तथा प्रचण्ड स्वयंलाई भेटी आफ्नो घोडा फर्काइदिन माग गरे। धेरै धाएपछि, रोइकराइ गरेपछि प्रचण्डको आदेशमा माओवादी कार्यकर्ताले घोडा फिर्ता गरे। प्रचण्डप्रति आक्रामक बन्दै बखतबहादुरले त्यतिवेला भनेका थिए- सर्वहारा जनताका नेता अरे, दुनियाँ सर्वसाधारणको घरखेत कब्जा गरेर सर्वहाराका नेता बन्छन्।

माओवादीको सशस्त्र युद्धका दौरानका धेरै घटना छन्, तर मलाई यो घटना निकै महत्त्वपूर्ण लाग्छ। कार्यकर्ताले राम्रो घोडा देख्दा त्यसलाई हाम्रा सुप्रिमोले चढ्नुपर्छ भनेर प्रचण्डलाई चढाउँथे। कार्यकर्ताको त्यो विश्वास, त्यो आस्थाले सामन्तवादविरुद्ध लड्दै गरेको संगठनमै सामन्तवाद हुर्कँदै थियो। राजतन्त्रविरुद्ध लड्दै गरेको संगठनमै राजा जन्मँदै थिए।

०६२ मा एसएलसी दिएर बसेका वेला म सिडी किनेर अनिल कपुरको 'नायक' फिल्म हेर्थें। चारैतिर प्रचण्डको चर्चा थियो। कस्ता होलान्, के गर्लान् भन्ने थियो। धेरै त सम्झना छैन, तर ममा पनि निकै कुतूहल थियो। मलाई पनि कताकता नेपाली राजनीतिका 'नायक' प्रचण्ड नै हुन् भन्ने लाग्थ्यो। जुँगा पनि त अनिल कपुरसँग मिल्थ्यो नि प्रचण्डको! अहिले बालेनको भन्दा त्यतिवेला प्रचण्डको क्रेज चर्को थियो। त्यसैले त पहिलो निर्वाचनमै झन्डै बहुमत दिएका थिए नेपालीले।

तर, बिस्तारै प्रचण्डको राप, ताप सेलाउँदै गयो। युद्धका वेला गरेका गल्ती, अन्याय माफी दिँदै गर्दा प्रचण्ड र माओवादीमा बिस्तारै विचलन आउन थाल्यो। माओवादी अनि प्रचण्ड पनि तीन 'म' अर्थात् मनी, मोबाइल र मोटरमा भुल्न थाले। समाचार आउन थाल्यो, माओवादीले जिप कब्जा गऱ्यो, अनि त्यो जिपमा प्रचण्ड देखिए। प्रचण्डको हातमा महँगो घडी देखिन थाल्यो। ठूलो महलमा प्रचण्ड देखिन थाले। वर्षगाँठको भोज व्यापारीको घरमा हुन थाल्यो। प्रचण्ड नै ठेकेदारको घरमा बस्न थाले। माफियासँग खान थाले। यसरी क्रान्तिकारी प्रचण्ड, पुष्पकमल भए। उनी आजभोलि, 'पूर्वक्रान्तिकारी' नेता भनेर हाँसो र रिसको पात्र बनेका छन्। प्रचण्डले कुम हल्लाउँदा पूरै कार्यकर्ताको कुम हल्लिने पार्टीमा म यहाँ माओवादीका अन्य नेताको कुरा गर्दिनँ, किनकि प्रचण्ड नबिग्रिएको भए अरू पनि बिग्रने थिएनन्।

गत १८ वर्षमा राजनीतिको केन्द्रमा कोही रहिरहे भने ती प्रचण्ड नै हुन्। सरकार र सत्तामा कोही निर्णायक व्यक्ति रहिरहे भने ती प्रचण्ड नै हुन्। तर, यसबीच प्रचण्डले पटक-पटक पाएको मौकाको सदुपयोग गर्न सकेनन्। मैले पनि बिस्तारै नायक फिल्म काल्पनिक थियो भन्ने बुझेँ र मेरा पनि अपेक्षा सकिँदै गए। नागरिकले ०७० को दोस्रो संविधानसभा निर्वाचनमै आफ्नो मत फिर्ता लिए र माओवादीलाई तेस्रो पार्टीमा खुम्च्याइदिए। त्यति वेलासम्म पनि मौका थियो, तर प्रचण्ड फेरि पनि संसदीय प्रणालीको लुप होल, 'तेस्रो निर्णायक शक्ति' बन्नमै अग्रसर रहे।

सिद्धान्ततः माओवादी अर्थात् प्रचण्डले गत ०७९ को प्रतिनिधिसभा निर्वाचनपछि सरकारको नेतृत्व गर्नु हुँदैनथ्यो। कांग्रेससँग मिलेर भोट मागेपछि एमालेसँग मिल्नु हुँदैनथ्यो। तर, प्रचण्डको निर्णायक खेलाडी बन्ने र कांग्रेस, एमालेलाई खेलाउने रणनीतिले गर्दा चुनावको भोलिपल्टै मतदातालाई धोका दिए।

यति हुँदाहुँदै पनि, देख्दादेख्दै र बुझ्दाबुझ्दै पनि मलगायत धेरैले प्रचण्डलाई यो कार्यकालमा समर्थन गरेका थिए। यसको कारण थियो, अब नेपाल नयाँ चरणमा पुग्नुपर्छ। नयाँ चरणमा पुग्न हामीलाई स्थायित्व चाहिन्छ। त्यो स्थायित्व संविधान बलियो भएर मात्र प्राप्त हुन सक्छ। संविधान बलियो बनाउन पनि प्रचण्ड हार्नु हुन्न। पात्र र प्रणाली कुनै न कुनै रूपमा जोडिन्छ नै। यदि प्रचण्ड असफल भए राष्ट्रिय राजनीतिको दिशा नै परिवर्तन हुन सक्छ भन्ने हामीलाई डर थियो, छ। छिमेकमा चलेको उग्र राष्ट्रवाद र धर्मको राजनीतिको हावा नेपालमा सल्किनु हुन्न। त्यसका निम्ति प्रचण्ड सफल हुनुपर्छ।



यो, संविधान सफल हुनुपर्छ र देश र नागरिकको अवस्था परिवर्तनको दिशामा अघि बढ्नुपर्छ। त्यसैले, धेरैले प्रचण्डलाई विगत भुलेर समर्थन गरेका थिए। यो कार्यकालको सुरुवातमा प्रचण्डले केही गर्न खोजेकोजस्तो पनि देखिएको छ। नक्कली भुटानी शरणार्थी काण्ड, ललितानिवास काण्ड, सुन काण्डमा प्रचण्ड सरकार 'एक्सन'मा गएको पनि हो। तर, लुम्बिनी विकास कोषका उपाध्यक्षमा डा. ल्हारक्याल लामाको नियुक्ति, भुटानी शरणार्थी प्रकरणमा काम गरिरहेका प्रहरीको सरुवा, माओवादीतर्फ अनुसन्धान सोझिँदा प्रचण्डका काँपेका हात हेर्दा उनले फेरि नागरिकलाई झुक्याए कि क्या हो भन्ने पर्न गएको छ।

> प्रचण्डले आफ्नो अन्तिम मौकाको सदुपयोग गरून्। नागरिकमा आशाको सञ्चार गरून्। सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य सेवाको क्षेत्रमा काम गरून् र क्रान्तिकारी नेताको छवि फेरि प्राप्त गरून्।

प्रचण्डले नागरिकलाई त झुक्याउँदै छन्, तर मलाई उनले कलिलो उमेरमा बन्दुक बोकेर युद्धमा होमिएकालाई झुक्याएको देख्दा भने रिस उठ्छ। सशस्त्र युद्धमा होमिनुअघि माओवादीले तत्कालीन प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको ४० बुँदे दस्ताबेज प्रचण्डले ०६३ पछि पढे कि पढेनन्, थाहा भएन, तर कलिलो उमेरमै युद्धमा होमिएकाहरूले भने उनी प्रत्येकचोटि प्रधानमन्त्री बन्दा पढ्दा हुन्। अनि उनीहरूको मनमा के आउँदो हो? नेपालको राजनीतिको इतिहासमा प्रचण्डले जुन मौका पाए त्यो कसैले पनि पाएको छैन।

४० मध्ये कति बुँदा लागू गर्न प्रचण्डले ओली र देउवासँग 'बार्गेनिङ' गरे थाहा छैन। कतै पढ्न पाएको छैन। तर, अब प्रचण्डले ४० बुँदामध्ये यी दुई बुँदा प्रत्येक दिन बिहान उठेर जप्नुपर्छ। बुँदा नं. २९ अर्थात् 'सबैलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्छ। रोजगारी नपाउन्जेल बेरोजगार भत्ताको व्यवस्था गरिनुपर्छ।' अनि, बुँदा नं. ३५ अर्थात् 'सबैलाई निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्छ। शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरणको अन्त्य गरिनुपर्छ।'

व्यापारीकरण अन्त्य गरिनुपर्छ भन्दा विद्यालय शिक्षा विधेयक भर्खरै संसद्मा दर्ता भयो। तर, केही दिनअघि मन्त्रिपरिषद्ले पारित गऱ्यो भनिएको विधेयकभन्दा फरक र निजी विद्यालयले चाहेको विधेयक आएको छ। केही दिनमै किन विधेयक परिवर्तन भयो? यसको पछाडिको उत्तरले भने हामीमा रहेको थोरै आशालाई पनि मार्छ। प्रचण्ड बिस्तारै नेताबाट सौदागर अनि सौदागरबाट व्यापारी नै बन्दै छन् कि भन्ने डर लाग्छ। डर अस्वाभाविक छैन, हिजो भारतलाई गाली गरेर क्रान्तिकारी बनेका प्रचण्ड आज भारतका लागि नै 'कम्फर्टेबल' सरकार बनाउन लागिपरेको चर्चा जो छ। प्रचण्डको जीवनशैली र राजनीति मात्र होइन, सिद्धान्तमा समेत परिवर्तन आएको छ।

'तपाईं यसो यज्ञतिर, होइन धार्मिक कर्मतिर, अनि गुरुजीहरूको तिर, गएको देखिन्छ नि त! फोटो आउँछ।' करिब दुई वर्षपहिले पत्रकार सुधीर शर्माले 'पूर्वक्रान्तिकारी' नेता पुष्पकमल दाहाल 'प्रचण्ड'लाई एउटा कार्यक्रममा प्रश्न गरेका थिए।

उत्तरमा प्रचण्डले भने, 'अब हेर्नुहोस्, मैले अघि भने नि, परिस्थितिअनुसार हुन्छ भनेर। जे भन्या थिएँ त्यही हो। भोट चाहिन्छ, जहाँ पनि जानैपऱ्यो नि!'

सो संवादलाई त्यहीँ बसेर नियालिराख्दा हाँसोको तापले गुन्जिएको हलमा मेरो मनमा भने चिसो पसिरहेको थियो। आज पनि मलाई त्यो बहस सम्झँदा 'अप्ठ्यारो' लाग्छ। हिजो आफ्नो टाउकाको मूल्य तोक्दासमेत पर्वाह नगरी राजनीतिमा होमिने 'क्रान्तिकारी' नेतासमेत आज भोटका लागि जहाँ पनि किन धाउनुपरिरहेको छ? जे पनि किन बोल्नुपरिरहेको छ? ज्यानभन्दा मत वा पद किन महत्त्वपूर्ण भयो? आज उनी मोदीलाई खुसी बनाउन गेरु वस्त्रसमेत पहिरिएर लम्पसार पर्न किन तयार छन्?

यद्यपि, प्रचण्डले आफ्नो अन्तिम मौकाको सदुपयोग गरून्। नागरिकमा आशाको सञ्चार गरून्। सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य सेवाको क्षेत्रमा काम गरून् र क्रान्तिकारी नेताको छवि फेरि प्राप्त गरून् भन्ने शुभेच्छा छ। तर, उनी चुके भने उनले ल्याएको भनेर लिने गरेको 'क्रेडिट व्यवस्था'मै प्रश्न उठ्नेछ। सायद, व्यवस्था नै गिजोलिनेछ। प्रचण्डमै पनि प्रश्न उठ्नेछ, र प्रचण्ड नेपाली राजनीति, देशको ३० वर्ष बरबाद पार्ने नेतामा दरिन सक्छन्। एउटा पूरै पुस्तालाई बरबाद पार्ने नेता ठहरिन सक्छन्।

प्रचण्डले मैले गणतन्त्र ल्याएँ भनेर मात्र अब उनको राजनीति टिक्दैन। अहिलेसम्म नागरिकले प्रश्न सोधेका छैनन् र उनले यो भन्न पाइरहेका छन्। तर, अब पनि यही गाना बजाइरहे, अब कोही पनि नाच्नेवाला छैन। अरूभन्दा प्रचण्डले गणतन्त्र ल्याएकोमा क्रेडिट लिन सक्लान्, तर गणतन्त्र प्रचण्डले ल्याएका होइनन्, नेपाली जनताले ल्याएका हुन्। सयजना पनि कार्यकर्ता रत्नपार्कमा उतार्न नसकेको कांग्रेस, एमाले र थाकिसकेको माओवादीले गणतन्त्र ल्याएका होइनन्। जनता सडकमा आएपछि, कांग्रेस-एमालेले झन्डा बोकेका हुन्। संयोग मिलेको हो। अनि, राजतन्त्र ढाल्ने क्रेडिट कसैलाई जान्छ भने त्यो स्वयं तत्कालीन राजा ज्ञानेन्द्रलाई नै जान्छ, अरूलाई जाँदैन।

जब म भोटको राजनीतिका निम्ति आफ्नो आदर्श, राजनीतिक मर्म र धर्म बिर्सने नेतृत्व सम्झन्छु, मलाई एउटा पंक्ति बडो याद आउँछ- 'संसार बदल्छु भन्थ्यो, आफैँ बदलिएछ।' यो गीतको ब्रान्ड एम्बेसडर प्रचण्ड नबनून्।

एउटा प्रसंग जोडौँ। एउटा मुसा पासोमा राखेको मिठाई देखेर खान जान्छ। मिठाई खान्छ पनि। तर, त्यो पासोबाट उम्केर निस्कन सक्दैन। आज प्रचण्ड त्यही पासोमा परेको अनुभूति हुँदै छ। उनी उम्कन सक्छन् वा सक्दैनन्, त्यो भने हेर्न बाँकी नै छ। उनी उम्किऊन्, सफल होऊन्, शुभकामना छ।

(पाण्डे विवेकशील साझा पार्टीका नेता हुन्)

@MilanPandey

---

३ प्रश्न

शिक्षाविद्
डा. तुलसी थपलियाले



सरकारले विद्यालय शिक्षासम्बन्धी नयाँ विधेयक ल्याउन गरेको पहललाई कसरी हेर्नुभएको छ?

यो विधेयक धेरै पहिल्यै आउनुपर्थ्यो। यसलाई विभिन्न स्वार्थ समूहको बलियो स्वार्थले अहिलेसम्म रोकेको थियो। र, अझै नरोक्ला भन्न सकिन्न। तर, विवाद भए पनि, स्वार्थ समूह हाबी भए पनि सरकार र दलहरूले आँट गरे भने विधेयक ल्याउन सकिन्छ। र, ल्याउनु पनि पर्छ।

विधेयकमा शिक्षकलाई राजनीतिबाट टाढा राख्ने प्रस्ताव गरिएको रहेछ? यो कति सम्भव होला?

सरकार र राजनीतिक दलले चाहने हो भने यो असम्भव व्यवस्था होइन। विश्वका कैयौँ मुलुकमा यस्तो व्यवस्था छ। त्यहाँ शिक्षकलाई राजनीतिमा लाग्न प्रतिबन्ध लगाइएको छ। शिक्षकले दलगत राजनीतिमा भन्दा पनि पेसागत हकहितका एजेन्डामा आधारित संगठनमा संगठित भई ट्रेड युनियन अधिकारको उपभोग गर्नुपर्छ। तर, राजनीतिक दलहरू स्वयं बढीभन्दा बढी शिक्षक आफ्नो दलगत राजनीतिमा संगठित भइदिऊन् भन्ने चाहन्छन्।

अहिलेको अवस्थामा एसइई खारेजीको व्यवस्था कति जायज हो?

यसमा एकमत देखिएको छैन। आधारभूत तहको कक्षा ८ मा र माविं तहको कक्षा १२ मा परीक्षाको व्यवस्था गरिसकेपछि कक्षा १० मा अर्को थप परीक्षा राख्नु आवश्यक छैन भन्ने मत पनि देखिन्छ। तर, कक्षा ९ र १० तथा ११ र १२ को पाठ्यक्रम बिल्कुलै अलग प्रकृतिका भएको र विद्यालयको नियमित आन्तरिक मूल्यांकन विधि कमजोर भएको अवस्थामा बाह्य मूल्यांकन जरुरी हुन्छ। त्यसैले, तत्कालका लागि एसइई कायम राख्दा नै ठिक हुन्छ।

प्रेरक प्रसंग

बुद्ध र ज्ञानको खेती

धेरै वर्ष पहिलेको घटना हो। त्यतिखेर बुद्ध पहिलोचोटि वर्तमान नेपालको राजधानी काठमाडौं अर्थात् तत्कालीन 'नेपाल' राज्यमा पुगेका थिए। बुद्ध नेपाल राज्यमा पुग्दा यहाँ किराँतवंशी राजाको शासन चलिरहेको थियो।



बुद्ध हरेक बिहान भिक्षाटनका लागि निस्किन्थे। साथमा उनका केही निकट भिक्षुहरू पनि हुन्थे। तत्कालीन नेपालका सबैजसो नागरिक खेती-किसानीबाटै आफ्नो गुजारा चलाउँथे। बुद्ध एकजना किसानको द्वारमा पुगे र भिक्षाका लागि आग्रह गरे। किसान बाहिर निस्किए। उनले केही सन्तहरूलाई हातमा भिक्षापात्र लिएर आफ्नो ढोकासामु उभिइरहेको देखे। किसानले भने- हे सन्तहरू हो, म एउटा किसान हुँ। म निकै कठोर परिश्रम गरेर धर्तीबाट अन्न उब्जाउँछु। अनि, कुनै परिश्रम नगर्ने तपाईंहरूलाई म किन भिक्षादान गरूँ?

किसानको प्रश्न सुनेपछि बुद्ध मुसुक्क मुस्कुराए र शान्त स्वरमा जवाफ दिए- महोदय, म पनि त एक किसान नै हुँ। तपाईं खेतबारीमा खाद्यान्नको खेती गर्नुहुन्छ। म ज्ञानको खेती गर्छु। आत्मा नै मेरो खेतबारी हो। म आफ्नो ज्ञानको हलोद्वारा खेतबारी जोत्छु। त्यसमा श्रद्धाको बीज रोप्छु। अनि, साधना र तपस्याको जलद्वारा त्यसलाई अभिसिञ्चित गर्छु। सत्य र अहिंसाका औजारद्वारा तिनको नियमित गोडमेल गर्छु। यदि तपाईंले आफ्नो खेतीबाट केही अन्न मलाई भिक्षामा दिनुभयो भने म पनि आफ्नो खेतीको केही भाग तपाईंलाई भिक्षाका रूपमा दान गर्न सक्छु।

चुपचाप बुद्धका गहन कुरा सुनिरहेका किसान बुद्धको भनाइबाट निकै प्रभावित भए। उनले तत्कालै बुद्धको शिष्य बन्ने निर्णय गरे। बुद्धले पनि उनलाई सहर्ष आफ्ना शिष्य बनाए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विधेयकमा सकारात्मक व्यवस्था

सरकारले विद्यालय शिक्षासम्बन्धी नयाँ विधेयकमा शिक्षकलाई राजनीतिमा लगाम लगाउने प्रयास गरेको रहेछ। यसलाई सकारात्मक व्यवस्था मान्नुपर्छ। विद्यालयका कक्षाकोठाभित्र शैक्षिक क्रियाकलापमा व्यस्त हुनुपर्ने शिक्षकले जब राजनीतिक दलको झोला बोक्न थाल्छ, तब पठनपाठन अस्तव्यस्त हुन पुग्छ। शिक्षकले राजनीतिक दलप्रति आस्था राख्नै पाउँदैन चाहिँ भन्न मिल्दैन। किनकि, शिक्षक राजनीतिक विचारधाराबाट खासै टाढा हुन सक्दैन। तर, राजनीतिक दलको भ्रातृ संगठनको झोला बोकेर दौडादौड गरिरहने व्यक्ति भने शिक्षक हुन सक्दैन। शिक्षकहरूका लागि एक ट्रेड युनियन आवश्यक छ। तर, त्यो कुनै एक विचारधारा बोक्ने शिक्षकको राजनीतिक संगठन होइन, पेसागत हकहितका मुद्दा उठाउने पेसागत संगठन हुनुपर्छ। हाम्रा शिक्षकले राजनीतिक दलका झोला बोक्न छाडे भने कक्षाकोठाभित्रको पठनपाठनमा सुधार आउने निश्चित छ। त्यसैले, विधेयकका अन्य कतिपय प्रावधान हास्यास्पद र अनुचित भए पनि योचाहिँ एकदमै सकारात्मक छ। राजनीतिक दलका झोला बोकेर दौडिरहने शिक्षक संगठनहरूबाट यसप्रति विरोध भए पनि यस्तो व्यवस्थालाई कडाइसाथ कार्यान्वयन गराउनुपर्छ।

● **शशीवन्दना विक**, ब्रह्मटोल, काठमाडौं

एसइई खारेज नगरौं

सरकारले नयाँ शिक्षा विधेयकमा एसइई खारेज गरेर विद्यालयले नै लिने व्यवस्था गरेको रहेछ। तर, मेरो विचारमा यो व्यवस्था खारेज गर्न हुँदैन। विगतमा लेटर ग्रेडिङ पद्धति आएपछि पढ्दै नपढे पनि पास भइन्छ भन्ने गलत भाष्य समाजमा व्याप्त भयो। परिणामतः विद्यार्थीले पढ्ने ट्रेन्ड लगभग अन्त्य नै भयो भन्दा हुन्छ। अब आएर यही एसइई पनि खारेज भयो भने विद्यालयमा पठन संस्कृतिको अवसान नै हुन बेर लाग्दैन। त्यसैले, यो व्यवस्था खारेज नगरौं।

● **भुवन सिवाकोटी**
पुल्चोक, ललितपुर

किन हुन्छ ढिलासुस्ती?

'साढे दुई वर्षमा निर्माण सक्नुपर्ने हुलाकी राजमार्गको ६४ किमि सडक ६ वर्षसम्म अधुरै' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। साढे दुई वर्षमा सक्ने भनेको हुलाकी सडकको कञ्चनपुर खण्डको जम्मा ६४ किलोमिटर सडक ६ वर्ष बितिसक्दा पनि अलपत्र अवस्थामै रहनु भनेको राज्यका जिम्मेवार निकाय तथा स्थानीय, प्रदेश र संघीय सरकारको लाचारी छताछुल्ल हुनु हो। जब निश्चित समयावधि तोकेर ठेक्का लगाइन्छ भने त्यसको नियमित अनुगमन गरी ढिलाइ गर्नेलाई कारबाही गर्न केले रोक्यो? आखिर किन हुन्छ ढिलासुस्ती?

● **सुवानी विक**
नैकाप, काठमाडौं

गरे के हुँदैन रैछ यहाँ?

हृदयबाटै काम गर्ने इच्छाशक्ति राख्ने हो भने यहाँ के मात्रै हुँदैन? 'महानगरको सक्रियतामा विपन्न विद्यार्थीलाई ६६ करोडको छात्रवृत्ति' शीर्षकमा प्रकाशित समाचार पढ्दा अत्यन्तै खुसी लाग्यो। प्रत्येक विद्यालयबाट दश प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्ने जुन प्रावधान राखिएको छ, त्यसको वास्तविक मूल्यांकन भई गरिब तथा विपन्न वर्गका असल र मिहिनेती विद्यार्थीले नै छात्रवृत्ति पाएजस्तो लाग्यो। जुन कार्य आफैंमा अत्यन्त सराहनीय छ। त्यसैगरी महानगरले जुन नीतिलाई कडाइसाथ अवलम्बन गऱ्यो, त्यो नीति र नियमलाई मुलुकभरका प्रत्येक पालिकाले पनि अवलम्बन गर्न र गराउन सके मुलुकका सम्पूर्ण विद्यालयमा अध्ययन गर्ने अधिकांश बालबालिकाले पनि सहज र न्यायिक रूपमा छात्रवृत्ति प्राप्त गरी आफ्नो अध्ययनलाई अगाडि बढाउन सक्ने थिए कि? यसतर्फ पनि सम्बन्धित निकायले वेलैमा ध्यान दिई शिक्षण संस्थाहरूमा लागू गरिएका नीति, नियम कार्यान्वयन भएका छन् या छैनन् भनेर अनुगमन गर्ने प्रावधान राख्ने हो भने दूरदराजमा रहेका बालबालिकाले पनि शिक्षामा न्यायोचित अवसर पाउन सक्ने थिए कि?

● **नारायणप्रसाद न्यौपाने**, बुढानीलकण्ठ-४, काठमाडौं
neupanenp024@gmail.com

जी-२० को महत्त्व पुनर्स्थापित भएको छ

मौजुदा विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्न प्रमुख उदीयमान शक्ति समावेश हुनैपर्छ भन्ने सन्देश नयाँदिल्ली शिखर सम्मेलनले दिएको छ



देश/विदेश

● जिम ओनिल

हालै भएको ब्रिक्स (ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सम्मिलित मुलुकको संगठन) को शिखर सम्मेलनमा यी राष्ट्रले आफ्नो सदस्यता विस्तार गर्ने निर्णयका सन्दर्भमा मैले ब्रिक्स, जी-७, युरोपेली संघलगायत संगठनसँग विश्वका मुद्दालाई प्रभावकारी रूपमा सम्बोधन गर्ने विश्वसनीयता वा क्षमता छैन भनेर तर्क गरेको थिएँ। वास्तवमा मेरो आलोचनाले विश्वका १९ ठूला अर्थतन्त्र र युरोपियन युनियन सम्मिलित जी-२० को महत्त्वलाई जोड दिन्छ। मैले जी-२० लाई नै विश्वव्यापी चुनौतीको वास्तविक विश्वव्यापी समाधान प्रदान गर्न सक्षम एक मात्र वैध मञ्चका रूपमा लिन्छु। गतसाता भारतको नयाँदिल्लीमा भएको जी-२० शिखर सम्मेलनपछि आएको संयुक्त घोषणाले मेरो दलिललाई बलियो बनाएको छ। जी-२० अर्थतन्त्रका मुलुकको संयुक्त घोषणामा सदस्य राष्ट्रले आपसमा रहेका महत्त्वपूर्ण भिन्नताका बाबजुद विभिन्न मुद्दा समाधान गर्न सहमत भएका छन्। यसले शंकाको घेरामा रहेको जी-२० को महत्त्वलाई पुनर्स्थापित गरेको छ। हामीले अन्तिम घोषणाको अनुमोदनका लागि अग्रसर भएर पहलकदमी लिने भारत र अमेरिकाको प्रशंसा गर्नुपर्छ। नयाँदिल्ली घोषणाले जलवायु परिवर्तन, विश्व बैंकमा सुधार, संक्रामक रोग नियन्त्रण, आर्थिक स्थिरता, युक्रेन द्वन्द्व र अन्य विश्वव्यापी समस्याको सामना गर्न थप एकताबद्ध प्रयासको सुरुवात दर्साउन सक्छ। उसो त यी एजेन्डा राष्ट्रपतिद्वय भ्लादिमिर पुटिन र सी जिनपिङको उपस्थितिविना तय गरिएका थिए तथापि उपस्थित रुसी र चिनियाँ प्रतिनिधिले आआफ्नो सरकारको पूर्वस्वीकृतिविना यी एजेन्डालाई समर्थन गर्ने थिएनन्।

धेरैले सीले चीनको लामो समयदेखिका प्रतिद्वन्द्वीमध्ये एक भारत र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको उपेक्षा गर्न शिखर सम्मेलनमा सहभागिता नजनाएको भन्ने अनुमान गरेका थिए। प्रधानमन्त्री मोदीले जुनसुकै कारणले भए पनि जी-२० संयुक्त घोषणामा पहलकदमी लिएर हालैको ब्रिक्स सम्मेलनको महत्त्वलाई कम गराएका छन्। स्मरण रहोस्, सो ब्रिक्स सम्मेलनलाई धेरैले चीनको विजयका रूपमा हेरेका थिए।

मैले गत महिना भारत-चीन एकताको अभाव नयाँ ब्रिक्सका लागि ठूलो अवरोध हुनेछ भनेको थिएँ। अब जी-२० शिखर सम्मेलनमा सीको अनुपस्थितिले दुई मुलुकबीचको विभाजनलाई गहिरो बनाएको छ। यदि सीले हामीजस्ता टिप्पणीकारलाई अन्यथा हो भनेर देखाउन चाहन्छन् भने उनले मोदीलाई सम्पर्क गर्न आवश्यक छ। समस्या एवं मुद्दालाई थाती राख्ने हो भने जी-२० बैठकले मोदीलाई सम्मेलनको यो महिनामा स्पष्ट विजेता बनाएको छ। धारणाले निश्चय नै महत्त्व राख्छ र अहिले सीको तुलनामा मोदी एक दूरदर्शी राजनीतिज्ञ देखिन्छन्।

यसबाहेक जी-२० ले अर्को सूक्ष्म तर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ, अर्थात् अफ्रिकी संघलाई समावेश गरेर जी-२० लाई जी-२१ बनाएको छ।

यस सफलतालले मोदीलाई स्पष्ट कूटनीतिक विजय दिलाएको छ, जसले उनलाई दक्षिणी गोलार्धको नेताका रूपमा आफ्नो छवि निर्माण गर्ने मौका दिएको छ। जी-२० मा अफ्रिकी संघलाई समावेश गर्ने निर्णयले इजिप्ट, इथियोपियाजस्ता अफ्रिकी मुलुकलाई समेट्ने तर नाइजेरियाजस्ता मुलुकलाई छुटाउने ब्रिक्सको असंगत निर्णयलाई उदांगो पारेको छ। अहिलेको महत्त्वपूर्ण प्रश्न भनेको अफ्रिकन युनियनले स्थायी सदस्यता हासिल गरेपछि आफूलाई थप प्रभावकारी शक्ति देखाउन सक्छ कि सक्दैन भन्ने हो।



तस्बिर : सञ्जीव बर्मा/हिन्दुस्तान टाइम्स

ब्रिक्स बैठकयता मैले कैयौँ यस्ता मानिससँग कुरा गरेको छु, जो विशेषतः एकताका मामिलामा जी-७ जी-२० भन्दा बढी प्रभावकारी समूह हो भन्ने विश्वास गर्छन्। उदाहरणका रूपमा युक्रेनमा रुसको द्वन्द्वमा जी-७ ले लिएको अडान प्रस्तुत गरिन्छ। तर, मेरो यसमा भिन्न दृष्टिकोण छ। उसो त जी-२० को घोषणाले युक्रेनको प्राथमिकतालाई पूर्णतया जोड नदिए पनि यसले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सीमाको उल्लंघनविरुद्ध पर्याप्त रूपमा स्पष्ट सन्देश दिएको छ। घोषणाले पुटिनलाई आफ्ना सम्भावित ब्रिक्स सहयोगीबाट समर्थन पाइएला भनेर अपेक्षा गर्नु निरर्थक हुनेछ भन्ने पनि देखाएको छ। महत्त्वपूर्ण कुरो के छ भने जी-२० घोषणाले पश्चिमा देश वा नेतालाई युक्रेन युद्धको कडा निन्दा गर्नमा रोक लगाएको छैन। रहयो युक्रेनलाई लिएर गरिने चिन्ता। जसरी जी-२० अर्थतन्त्र, जलवायु परिवर्तन, सार्वजनिक स्वास्थ्य र अन्य धेरै मुद्दा जस्ता विश्वव्यापी मामिलाका लागि अत्यन्त महत्त्वपूर्ण सामूहिक आवाज हो, त्यसरी युक्रेन मामिलामा नेटोले निर्णायक प्रभाव राख्छ। जी-७ नेताको विश्वव्यापी प्रभाव कायम राख्ने महत्त्वाकांक्षाका बाबजुद मौजुदा अवस्थाले महत्त्वाकांक्षालाई साकार हुन दिँदैन। मौजुदा विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्न प्रमुख उदीयमान शक्ति समावेश हुनैपर्छ भन्ने सन्देश नयाँदिल्ली शिखर सम्मेलनले दिएको छ।

जी-२० निकै बृहत् र बोझिलो भएकाले प्रभावकारी नहुने भन्ने तर्क निश्चय नै आउँछन्। यस सन्दर्भमा ब्रिक (पछि ब्रिक्स भयो) संक्षेप शब्द पहिलोपटक प्रस्तुत गर्दा मैले सन् २००१ मा व्यक्त गरेको मत दोहोऱ्याउँछु। यदि युरोजोन सदस्य देशले साँच्चै आफ्नो सामूहिक परियोजनाप्रति प्रतिबद्धता देखाउन चाहन्छन् भने यी सदस्यले व्यक्तिगत प्रतिनिधि राख्नुको सट्टा जी-२० जस्ता अन्तर्राष्ट्रिय सम्मेलनमा एकजना प्रतिनिधि मात्र पठाउनुपर्छ। यो दृष्टिकोणले एउटा बलियो उदाहरण निर्माण गर्दै युरोजोन समूहलाई सुव्यवस्थित बनाउनेछ। यदि ब्रिक्सलगायत अन्य समूहले पनि यसलाई पछ्याए भने यसले विश्वव्यापी शासकीय गठबन्धनको गठन गर्ने मार्ग प्रशस्त गर्नेछ।

(ओनिल गोल्डम्यान स्याक्स एसेट मेनेजमेन्टका पूर्वप्रमुख हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मस्कोसँगको सम्बन्ध विस्तारलाई किमले आफ्नो वर्षौंदेखि भोगिरहेको एक्लोपनलाई पार लगाउने एक विकल्पको रूपमा हेरे का छन् । उत्तर कोरियाली नेताहरूले लामो समयदेखि विश्व नेताहरूसँगको आमने-सामने भेटघाटलाई देशभित्र अन्तर्राष्ट्रिय महत्त्वको परिघटनाका रूपमा प्रस्तुत गर्ने गरेका छन् ।

किम-पुटिन भेटको अर्थ



उत्तर कोरियाली नेता किम जोङ उनले मस्को भ्रमणका क्रममा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग शिखर वार्ता गरे । वार्ताका क्रममा उत्तर कोरियाली नेताले रुसी राष्ट्रपति पुटिनलाई 'पूर्ण र निःसर्त समर्थन' गर्ने वाचा गरे । पश्चिमबाट टाढिएका यी दुई नेताले युक्रेनमा जारी रुसी युद्धका लागि गोलाबारुद आपूर्ति गर्ने सम्झौता गर्न सक्ने आकलन गरिए पनि वार्ताको विवरण सार्वजनिक गरिएको छैन । किमको भ्रमणले दुई देशबीचको गहिरो सहयोगलाई जोड दिएको छ । अमेरिकी अधिकारीले युक्रेन युद्धका लागि रुसी शस्त्र भण्डार रित्तिँदै गएकाले रुसले उत्तर कोरियाबाट हतियार र गोलाबारुद किन्न खोजिरहेको आरोप लगाएका छन् । बदलामा उत्तर कोरियाले सम्भवतः खाद्यान्न तथा ऊर्जा ढुवानी र अत्याधुनिक हतियार निर्माणसम्बन्धी प्रविधिको स्थानान्तरण चाहेको विज्ञहरूले आकलन गरेका छन् ।

सन् २०२० को जनवरीमा कोभिड महामारीको सन्दर्भमा उत्तर कोरियाले आफ्नो सिमाना बन्द गरेपछि पुटिनसँग भेट्नका लागि किमले पहिलो विदेश भ्रमण गरे । तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग किमको आणविक कूटनीति समाप्त भएको दुई महिनापछि किम र पुटिनबीच पछिल्लोपटक अप्रिल २०१९ मा भेट भएको थियो ।

उत्तर कोरियाबाट के चाहन्छ रुस ?

गत वर्षदेखि अमेरिकी अधिकारीले उत्तर कोरियाले रुसलाई तोपका गोला, रकेट र अन्य हतियार उपलब्ध गराउँदै आएको शंका गरेका छन् । उत्तर कोरियाले रुसलाई दिएका प्रायः हतियार सोभियतकालीन हुनेछन्, जुन कोरियाली युद्धकालमा सोभियत संघले उत्तर कोरियालाई दिएको थियो । अमेरिकी अधिकारीका अनुसार रुसी रक्षामन्त्री सर्गेई सोइगुले जुलाईमा प्योङ्याङको भ्रमण गरेका थिए । त्यस भ्रमणमा सोइगुले किमलाई गोलाबारुद सहयोगको आग्रह गरेको बताइन्छ ।

'रुसलाई युद्ध आपूर्तिको तत्काल आवश्यकता छ । नभए, एक युद्धरत शक्तिशाली देशका रक्षामन्त्री उत्तर कोरियाजस्तो सानो देशलाई यति महत्त्व दिएर भ्रमण गर्न नपर्ने हो,' कोरियाली राष्ट्रिय एकीकरणका लागि सियोलको कोरिया इन्स्टिच्युटका पूर्वप्रमुख किम ताइउले भने । ताइउका अनुसार सोइगु सन् १९९१ मा सोभियत संघको विघटनपछि उत्तर कोरियाको भ्रमण गर्ने पहिलो रुसी रक्षामन्त्री हुन् । रक्षा तथा सैन्य विश्लेषक पावेल फेल्गेनहाउरले पनि उत्तर कोरिया रुसलाई हतियार उपलब्ध गराउन सक्षम रहेको बताए । 'उत्तर कोरियाको भण्डारमा अझै पनि शीतयुद्धको समयका हतियार छन् । अधिकांश हतियार सोभियत क्यालिब्रेस नक्कल छन्, जसले गर्दा रुसलाई युद्धमोर्चामा उसका सेनाको आवश्यकता पूरा गर्न सहयोग गर्न सक्छ,' फेल्गेनहाउरले भने ।

उत्तर कोरियाबाट हतियार खरिद गर्नु संयुक्त राष्ट्रसंघको प्रस्तावको उल्लंघन हुनेछ । प्रस्तावले उत्तर कोरियासँग गरिने सबै कालका हतियार लेनदेनमाथि प्रतिबन्ध लगाएको छ । प्रस्तावलाई रुसले समर्थन गरेको थियो । तर, युक्रेन युद्धमा अन्तर्राष्ट्रिय प्रतिबन्ध र निर्यात नियन्त्रणको सामना गरिरहेका बेला रुसले उत्तर कोरिया र इरानजस्ता अरू प्रतिबन्धित देशबाट हतियार भित्र्याउने प्रयास गरिरहेको छ । उत्तर कोरियासँग हतियारको विशाल भण्डार छ । तर, उसले आफूसँग भएको हतियार ठूलो परिमाणमा रुस पठाउन सक्ने क्षमतामा भने आशंका रहेको सोलको 'आसन इन्स्टिच्युट फर पोलिसी स्टडिज'का विश्लेषक चा डु ह्योगनले भने । विशेषतः रुस र उत्तर कोरियाबीचको साँघुरो भूमिको 'लिंक(सेतु)'रहेकाले त्यहाँबाट सीमित परिणामको हतियारमा मात्र रेल यातायात मात्र पठाउन सकिने ह्योगनले बताए ।

बदलामा के चाहन्छन् किम ?

विज्ञहरूका अनुसार किमको प्राथमिकता सहायता ढुवानी, प्रतिष्ठा र सैन्य प्रविधि हुनेछ । 'यो दुवैका लागि 'विन-विन' सम्झौता हुनेछ, किनकि हतियार रित्तिँदै गएसँगै पुटिन हतियार खोजिरहेका छन् भने किमले दक्षिण कोरिया, अमेरिका र जापान गरी त्रिपक्षीय सहयोगको दबाबको सामना गरिरहेका छन्,' दक्षिण कोरियाली गुप्तचर निकायद्वार सञ्चालित थिंक ट्यांक इन्स्टिच्युट फर नेसनल सेक्युरिटी स्ट्रेटेजीका पूर्वनिर्देशक नाम सुङ-वुक भन्छन्, 'उनीहरूको आवश्यकता अहिले एक-अर्कासँगको सम्बन्धबाट पूर्ति हुन सक्छ ।'

महामारीको समयमा सिमाना बन्द हुँदा उत्तर कोरियालाई गम्भीर आर्थिक कठिनाइले घेऱ्यो । किमले रुसबाट उनको देशलाई अत्यन्त आवश्यक परिरहेको खाद्यान्न र ऊर्जाको आपूर्ति खोज्ने सम्भावना छ । योन्सेई युनिभर्सिटी इन्स्टिच्युट फर उत्तर कोरियाली स्टडिजका रिसर्च फेलो बोङ यंगसिकले प्योङ्याङ र मस्कोबीच खाद्यान्न सहायता सम्झौता हुन सक्ने बताए । 'यी देशहरूलाई हतियार आदानप्रदान तथा व्यापारलाई अन्तिम रूप दिनका लागि शिखर बैठक आवश्यक छ भन्ने तथ्यको अर्थ त्यहाँ समझदारीमा

> उत्तर कोरियाबाट हतियार खरिद गर्नु संयुक्त राष्ट्रसंघको प्रस्तावको उल्लंघन हुनेछ । प्रस्तावलाई रुसले समर्थन गरेको थियो । युक्रेन युद्धपछि आफैं अन्तर्राष्ट्रिय प्रतिबन्ध र निर्यात नियन्त्रणको सामना गरिरहेको रुसले उत्तर कोरिया र इरानजस्ता अरू प्रतिबन्धित देशबाट हतियार भित्र्याउने प्रयास गरिरहेको छ ।

आउनुपर्ने विषय धेरै छन् र सरकारको उच्च तहमा सहमत हुनुपर्छ,' यंगसिकले भने ।

'सम्झौताका लागि दुवै पक्ष गम्भीर छ । सबैभन्दा सम्भावित परिदृश्य रुसले उत्तर कोरियालाई खाद्यान्न सहायता प्रदान गर्नेछ भने उत्तर कोरियाले रुसलाई हतियार प्रदान गर्नेछ,' यंगसिकले भने । किमले सम्भवतः मस्कोसँगको सम्बन्ध विस्तारलाई देशले आफ्नो वर्षौंदेखि भोगिरहेको एक्लोपनलाई पार लगाउने एक विकल्पको रूपमा हेर्नेछन् । उत्तर कोरियाली नेताहरूले लामो समयदेखि विश्व नेताहरूसँगको आमने-सामने भेटघाटलाई देशभित्र अन्तर्राष्ट्रिय महत्त्वको परिघटनाका रूपमा प्रस्तुत गर्ने गरेका छन् ।

किमले शक्तिशाली लामो दूरीको क्षेप्यास्त्र, हाइपरसोनिक ब्यालिस्टिक हतियार, आणविक शक्तिमा चल्ने पनडुब्बी र जासुसी उपग्रहजस्ता उच्च प्रविधियुक्त हतियार प्रणाली निर्माण गर्ने आफ्नो योजनालाई समर्थन गर्न रुसी प्रविधि पनि खोजिरहेको सिउलस्थित कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका विश्लेषक होङ मिनले भने । तथापि रुस उसको संकटग्रस्त छिमेकी मुलुक उत्तर कोरियालाई परमाणु हतियार र आइसिबिएमसम्बन्धी उन्नत प्रविधि प्रदान गर्न इच्छुक छ वा छैन भन्ने स्पष्ट नभएको चाले बताए । चीनजस्ता प्रमुख साझेदारलाई समेत रुसले उसका सबैभन्दा महत्त्वपूर्ण हतियार प्रविधि साझा नगर्ने गरेको इतिहास रहेको चाले बताए ।

दुई देश कति नजिक हुन सक्छन् ?

यो पनि अस्पष्ट छ कि किम र पुटिनको सैन्य सहयोग कहिलेसम्म चलिरहन्छ । तर, दुई देशबीचको न्यानो सम्बन्धको संकेतले समेत अमेरिका र दक्षिण कोरियाजस्ता प्रतिद्वन्द्वीलाई चिन्तित बनाउनेछ । रुसले युक्रेनी प्रत्याक्रमणलाई पूर्ण रूपमा दबाउँदै युद्धलाई लम्ब्याउन खोज्नेछ । उत्तर कोरियाले दक्षिण कोरिया र जापानसँगको सैन्य गठबन्धनलाई सुदृढ पार्ने अमेरिकी कदमको विरोध गर्न मिसाइल परीक्षणको गति विस्तार गरिरहेको छ ।

रुसी रक्षामन्त्री सोइगुले रुस र उत्तर कोरियाले द्विपक्षीय सैन्य अभ्यासको सम्भावनाबारे विचार गरिरहेको बताएका थिए । सोइगुले चीनलाई समावेश गर्ने त्रिपक्षीय प्रशिक्षण अभ्यासको प्रस्ताव गरेको देखिएको दक्षिण कोरियाको जासुसी एजेन्सीले सांसदहरूलाई जानकारी गराएको थियो । यदि त्यस्तो कुनै सैन्य अभ्यास भयो भने त्यो सन् १९५०-५३ बीच चलेको कोरियाली युद्धको अन्त्यपछि कुनै विदेशी देशसँग उत्तरको पहिलो संयुक्त सैन्य अभ्यास हुनेछ । अन्यथा हालसम्म ऊ आफ्नो आधिकारिक 'आत्मनिर्भरता(जुछे)' दर्शनअनुसार विदेशी सेनासँग तालिम लिन त्यति इच्छुक रहँदैन ।

'तत्काल मस्को र प्योङ्याङबीचको सम्बन्ध मजबुत भएको देखिन्छ । दुवै पक्षले एक-अर्कालाई प्रदान गर्ने विषय छन् । दुवै पक्ष पश्चिमी दबाब र प्रतिबन्धमा छन्, तसर्थ उनीहरू प्राकृतिक समर्थक देखिन्छन्,' रक्षा तथा सैन्य विश्लेषक फेलगेनहउरले भने । संस्थानका पूर्वनिर्देशक किम ताइउले दक्षिण कोरिया-अमेरिका-जापान सुरक्षा सहयोग विस्तारले किम जोङ उनलाई त्यो वर्जित तोड्न र रुस र चीनसँग पहिलोपटक अभ्यास गर्न उत्प्रेरित गर्न सक्ने बताए । तर, हाल कोरिया विश्वविद्यालयमा प्राध्यापक रहेका नामले उत्तर कोरियाले यो प्रस्ताव स्वीकार नगर्ने बताए, किनकि यसले उत्तर कोरियालाई चीन र रसियामाथि अझ बढी निर्भर गराउन सक्छ ।

सोलको इवा वुमन्स युनिभर्सिटीका प्राध्यापक पार्क वन गोनले किम कूटनीतिले अमेरिकाप्रति अवज्ञा प्रदर्शन गर्नुबाहेक के हुन सक्छ भनेर भविष्यवाणी गर्न धेरै हतारो हुने बताए । 'जुनसुकै अवस्थामा उत्तर कोरिया र रुसले उनीहरूसँगै काम गरिरहेका छन् भनेर देखाउन आवश्यक छ । उनीहरूले यो सहयोग अगाडि बढाइरहेका छन्,' पार्कले भने, 'त्यहाँ प्रस्ट रूपमा सहयोगका व्यावहारिक क्षेत्र छन् र उनीहरूले अमेरिकालाई देखाउन चाहने केही प्रतीकात्मक पक्ष पनि छन् ।'

-अलजजिराबाट

ताइवानको कमजोरी स्याटेलाइट सञ्चारमा परनिर्भरता



• जेसुन सु एचएसयू



• रिचर्ड वाइ.के.चेन

(प्रोजेक्ट सिन्डिकेटका स्तम्भकार जेसन सु हार्वर्ड केनेडी स्कुलका फेलो हुन् । सेवानिवृत्त एडमिरल रिचर्ड वाई. के. चेन ताइवान राष्ट्रिय रक्षा मन्त्रालयका पूर्व उपमन्त्री र ताइवानी नौसेनाका पूर्वप्रमुख हुन्)

ताइवानमा इन्टरनेट कटअफको खतरा बढेको छ । यो कुरा यसै वर्षको सुरुवातमा मात्सु टापुको एक महिना लामो आउटेजले स्पष्ट पारिसकेको छ । सम्भावित चिनियाँ आक्रमण वा लामो नाकाबन्दीबाट आफूलाई जोगाउन ताइवानले एलन मस्कको स्टारलिंकको सेवा लिनुको सट्टा आफ्नै उपग्रहीय सञ्चार क्षमतालाई बलियो बनाउन लाग्नुपर्छ ।

ताइवानका लागि इन्टरनेट कनेक्टिभिटी भलै कमजोर नै किन नहोस् सञ्जीवनी रेखा हो । ताइपेईमा हालैमा सेना, प्रविधि उद्योग, प्राज्ञिक क्षेत्र र सरकारका विज्ञहरूसहित आयोजित पछिल्लो युद्धाभ्यासले चिनियाँ नाकाबन्दीको स्थितिमा यो टापु विशेषगरी सञ्चार सम्पर्क विच्छेदनको जोखिममा पर्ने देखाएको छ ।



जब फेब्रुअरीमा चिनियाँ जलसेनाका जहाजले ताइवानलाई मात्सुसँग जोड्ने पानीमुनि बिछ्याइएका दुइटा तार काटिदिए, ताइवानको डिजिटल पूर्वाधारमाथिको खतरा उतिखेरै उजागर भएको हो । चिनियाँ तटमा अवस्थित भए पनि सो सानो द्वीपमाला ताइवानी भूमि हो । महिनौं लामो कटौतीका कारण त्यहाँका बासिन्दा इन्टरनेटको पहुँचबाट वञ्चित भए साथै यसले रणनीतिक सैन्य अड्डा रहेको मात्सुलाई आक्रमणका लागि मार्ग प्रशस्त गरिदियो । इन्टरनेटका तारको यो क्षतिले ताइवानको पश्चिमी तटमा डाटा सेन्टर राखेको अमेरिकी टेक जायन्ट गुगलको कमजोरीलाई पनि उजागर गरेको छ ।

> हाल पानीमुनि बिछ्याइएका १५ वटा तारले ताइवानलाई विश्वव्यापी दूरसञ्चारसँग जोडेको छ । यसमा हुन सक्ने क्षतिले टापुलाई विश्वबाट अलगथलग पारिदिन सक्छ, जसको परिणाम विश्व अर्थतन्त्र र वित्तीय बजारमा पनि पर्न सक्छ ।

हाल १५ वटा पानीमुनि बिछ्याइएका तारले ताइवानलाई विश्वव्यापी दूरसञ्चारसँग जोडेको छ । चिनियाँ आक्रमण वा नाकाबन्दीले यो टापुलाई विश्वबाट अलगथलग पारिदिन सक्छ, जसको परिणाम विश्व अर्थतन्त्र र वित्तीय बजारमा पनि पर्न सक्छ । यसखाले दुष्परिणामले संयुक्त राज्य अमेरिका र जापानलगायत अमेरिकाका क्षेत्रीय सहयोगीको सुरक्षालाई समेत खतरामा पार्न सक्छ । यसर्थ, ताइवानी सरकारले आफ्नो सञ्चार क्षमतालाई सुदृढ बनाउन र बलियो र भरपर्दो इन्टरनेट कनेक्टिभिटीको सुनिश्चिततामा ध्यान केन्द्रित गर्नुपर्छ ।

यसको एउटा सम्भावित समाधान एलन मस्कको रकेट कम्पनी स्पेसएक्सद्वारा सञ्चालित मोबाइल स्याटेलाइट-इन्टरनेट प्रणाली 'स्टारलिंक'को सेवा लिने हुन सक्छ । कतिपयले मस्क, जो ट्विटर (अहिले एक्स भनिन्छ) का पनि मालिक हुन्, उनलाई इन्टरनेट दुनियाँको सबैभन्दा शक्तिशाली व्यक्ति भनेर वर्णन गर्छन्, केहीले चाहिँ अत्यन्त अविश्वसनीय व्यक्तिको रूपमा वर्णन गर्छन् । मस्कको व्यापारिक साम्राज्यको एउटा प्रमुख हिस्सा रहेको स्टारलिंकले आफ्ना पृथ्वीको तल्लो कक्षमा रहेका चार हजार पाँच सयभन्दा बढी उपग्रहमार्फत विश्वव्यापी रूपमा इन्टरनेट कनेक्टिभिटी प्रदान गर्छ ।

रुसले युक्रेनमा आक्रमण गरेलगत्तै मस्कले आफ्ना स्याटेलाइटलाई सो देशमा निःशुल्क प्रसारण गर्न अनुमति दिएका थिए भने किभको सरकारलाई हजारौं स्टारलिंक टर्मिनलहरू सित्तैमा दिएका थिए, जसले युक्रेनको दूरसञ्चार पूर्वाधारमा रुसी क्षतिको न्यूनीकरणमा महत गरेको थियो । त्यसयता, स्टारलिंक युक्रेनी सेनाको एक अत्यावश्यक उपकरण बनेको छ, जसले उसलाई रुसको ताजा सैन्य गतिविधिबारे खुफिया जानकारी संकलन गर्न र नेटो साझेदारहरूसँग सुरक्षित रूपमा संवाद गर्न सक्षम बनाएको छ ।

मस्कलाई युद्धको सुरुमा नायकको रूपमा हेरिएको थियो, तर युक्रेनी सरकारका नेताहरू उनको सनकको अधीनस्त छन् । गत वर्ष मस्कले रुसी जहाजमा युक्रेनी ड्रोन आक्रमणलाई रोक्न क्रिमिया तटनजिकै स्टारलिंकलाई अवरुद्ध बनाउन लगाएका थिए अनि तत्कालीन उपप्रधानमन्त्री माइखाइलो फेडोरोभलाई लेखेको एक सन्देशमा 'देश धेरै टाढा गएर रणनीतिक पराजय निम्त्याएको' तर्क गरेका थिए ।

मस्कको स्टारलिंक प्रयोग गरेर इन्टरनेटमा पहुँच प्राप्त गर्ने र बाहिरी संसारसँग जोडिने कुरा ताइवानका लागि समस्याग्रस्त साबित हुन सक्छ । पहिलो, स्टारलिंकमा मात्र भर पर्नुको अर्थ कुनै पनि प्रणालीगत असफलता वा डेटाको क्षति अपरिवर्तनीय हुन सक्छ । दोस्रो, मस्कले स्पष्ट रूपमा नै आफूलाई 'चीन समर्थक'को रूपमा चिनाएका छन् । उनले ताइवानलाई हङकङजस्तै जनवादी गणतन्त्र चीनको 'विशेष प्रशासनिक क्षेत्र'बन्न सुझाब दिइसकेका छन् । तेस्रो, चीनमा मस्कको ठूलो व्यापारिक चासो छ । मस्कको विद्युतीय सवारी कम्पनी टेस्लाको चीनमा सबैभन्दा ठूलो म्यानुफ्याक्चरिङ केन्द्र छ । साथै चीन विश्वको सबैभन्दा ठूलो इभी बजार पनि हो ।

यी कुरालाई ध्यानमा राख्दा चीन र ताइवानबीच सैन्य द्वन्द्वको स्थितिमा, मस्कले चीनका मागहरू स्वीकार गर्दैनन् भन्ने कुनै ग्यारेन्टी छैन । डाटा प्रवाह र डाटा भण्डारणसहित डाटामा मुलुकको सार्वभौम नियन्त्रणविना ताइवानको राष्ट्रिय सुरक्षा खतरामा पर्नेछ । ताइवान, जो पहिले नै सेमिकन्डक्टरको आपूर्ति शृंखलामा एक वैश्विक नेता हो, उसले आफूलाई सुरक्षित राख्न उपग्रह सञ्चार एवं प्रविधिमा स्वदेशी क्षमता विकास गर्न आवश्यक छ । स्रोतहरूलाई एकीकृत र समायोजित गरेर ताइवानी सरकारले सार्वजनिक-निजी साझेदारीका प्रयास स्थापना गर्न र तिनमा नियन्त्रण कायम राख्न सक्छ, जुन युद्धको स्थितिमा द्रुत रूपमा क्षमता बढाउन सक्षम हुनेछ । यी स्टार्ट-अपलाई डिफेन्स कन्ट्याक्टरसँग काम गर्न सजिलो होस् भनेर ताइवानी सरकारले खरिद प्रक्रियालाई पनि व्यवस्थित गर्नुपर्छ ।


ताइवानको राष्ट्रिय विकास कोषले भूउपग्रह प्रणाली र महत्त्वपूर्ण सञ्चार पूर्वाधारमा लगानी गर्दा रक्षा मन्त्रालय र डिजिटल मामिला मन्त्रालयले जापान, दक्षिण कोरिया, फिलिपिन्स र अष्ट्रेलिया जस्ता साझेदारहरूसँग प्रतिरक्षा प्रणाली स्थापना गर्नतर्फ काम गर्नुपर्छ । ताइवानको स्पेस एजेन्सीलाई गुप्तचरी आदानप्रदानमा लगाउनुपर्छ । ताइवानले निर्बाध ब्याकअप कभरेज सुनिश्चित गर्न कम्तीमा १२० उपग्रहहरू प्रक्षेपण गर्न आवश्यक छ । तर नीति निर्माताहरू समय मागका विरुद्ध दौडिरहेका छन । उनिहरूले आफ्ना सहयोगीहरूको लाभ उठाउनुपर्छ ।

अमेरिकी सरकारले 'चिप्स एक्ट' र 'नेसनल डिफेन्स अथोराइजेसन एक्ट'ले प्रदान गरेको केही रकम ताइवानको उपग्रह संचार प्रविधि र सम्बन्धित सेमीकन्डक्टर चिप्स प्रविधिको विकासमा छुट्याउने तर्फ विचार गर्नुपर्छ । यसबाहेक, आफ्नो इन्डो-प्यासिफिक रणनीतिको एक हिस्साका रूपमा, अमेरिकाले समुह गठन, प्रविधिको मानक र उच्चस्तरको आदनप्रदानमार्फत् यस्तो गठबन्धन स्थापनाको नेतृत्व गर्नुपर्छ । ताइवानको अवस्था युक्रेनको जस्तो छैन । रूससँग युक्रेनले लामो सीमा साझा गर्छ जबकि ताइवान चीनबाट जलडमरूमध्येको कुख्यात कठोर समुद्री रेखाले अलग छ । यसबाहेक, ताइवानले आफ्नो ऊर्जाको ९० प्रतिशत भन्दा बढी हिस्सा आयात गर्छ । यसको अर्थ नाकाबन्दीले यो टापुको अर्थव्यवस्थालाई द्रुत गतिमा ठप्प बनाउन सक्छ । साथै यसका छिमेकी र हिन्द-प्रशान्त क्षेत्रको सुरक्षालाई अझ बढी खतरामा पार्न सक्छ ।

यसकारण, ताइवानको इन्टरनेट कनेक्टिभिटीको अवरोध सजिलै विश्वव्यापी संकटमा परिणत हुन सक्छ । ताइवान जलडमरुमा तनाव बढ्दै जाँदा यो टापुको सुरक्षा साझा भूराजनीतिक चिन्ताको विषय बनिरहेको छ । चीनलाई परास्त गर्न सम्भव नहुन सक्छ, तर उसलाई रोक्न पक्कै सकिन्छ । यसका लागि, ताइवान र उसका सहयोगीहरूले आजदेखि नै लगानी सुरु गर्नुपर्छ ताकि यो द्वीपको बाहिरी संसारसँगको सम्बन्ध सबैभन्दा कठिन घडीमा पनि मजबुत रहोस् ।

-प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् २००८ : 'लेम्यान ब्रदर' नामक वित्तीय सेवा प्रदायक फर्मले 'टाट पल्टिएको' निवेदन दर्ता गऱ्यो । सो फर्म टाट पल्टिएसँगै एकपछि अर्को घटनाले सन् १९२९ पछिकै ठूलो विश्वव्यापी वित्तीय संकट आएको थियो ।

सन् १८२१ : ल्याटिन अमेरिकी देशहरू कोस्टारिका, अल सल्भाडोर, ग्वाटेमाला, होन्डुरस र निकारागुवाले स्पेनिस उपनिवेशबाट स्वतन्त्र भएको घोषणा गरे ।

सन् १९१७ : फोर्ब्स पत्रिका आजकै दिन स्थापना भएको थियो ।

सन् १९२८ : स्कटिस वैज्ञानिक एलेक्जेन्डर फ्लेमिङले एन्टिबायोटिक औषधि पेनिसिलिन पत्ता लगाए ।

सन् १९३५ : जर्मनीले देशका यहुदीहरूलाई नागरिकताबाट विमुख गर्ने र स्वस्तिकलाई देशको आधिकारिक चिह्न बनाउने कानुन ल्यायो ।

सन् १९५० : कोरियाली द्वन्द्वका क्रममा अमेरिकी नौसेना दक्षिण कोरिया पुग्यो ।

सन् १९७१ : प्रभावशाली वातावरणवादी समूह 'ग्रिनपिस' आजकै दिन स्थापना भएको थियो ।

सन् १९८१ : स्यान्ड्रा डे ओ'कोनोर अमेरिकी सिनेटको न्यायिक समितिबाट स्वीकृत भएसँगै देशको सर्वोच्च अदालतकी पहिली महिला न्यायाधीश बनिन् ।

सन् १९८३ : इजरायली प्रधानमन्त्री मेनचेम बेगिनले देशको प्रधानमन्त्री पदबाट राजीनामा दिए ।

सन् १९८४ : बेलायतका राजा चार्ल्स तृतीयका दोस्रा छोरा राजकुमार ह्यारीको आजकै दिन जन्म भएको थियो । उनी अहिले बेलायत राजगद्दीका चौथो वरीयताका हकदार हुन् ।

सन् १९९७ : गुगल डट कम डोमेन नाम दर्ता भयो ।

सन् २०२१ : अमेरिका, बेलायत र अस्ट्रेलियाबीच त्रिपक्षीय सुरक्षा साझेदारी 'ओकस'को घोषणा भयो । यो साझेदारी प्रशान्त महासागरमा चीनको बढ्दो प्रभावलाई चुनौती दिन बनाइएको विश्वास गरिन्छ ।

सन् २०२२ : टेनिस खेल इतिहासकै महान् खेलाडीमध्ये एक मानिने रोजर फेडेररले ४१ वर्षको उमेरमा व्यावसायिक खेलजीवनबाट सन्न्यासको घोषणा गरे ।

लिबिया बाढीमा मर्नेको संख्या पाँच हजार नाघ्यो, २० हजार नाघ्न सक्ने



बाढीअघि

बाढीपछि

त्रिपोली / लिबियामा 'ड्यानियल' नामक आँधीसँगै परेको मुसलधारे वर्षाले दुईवटा बाँध भत्काउँदा निम्तिएको भीषण बाढीका कारण ज्यान गुमाउनेको संख्या बिहीबारसम्म पाँच हजार तीन सय पुगेको छ । अझै दर्सौं हजार बेपत्ता भएका छन् भने ५० हजारभन्दा बढी विस्थापित भएका छन् । बाढीबाट सर्वाधिक प्रभावित पूर्वी सहर डेर्नामा कम्तीमा ३० हजार लिबियाली घरबारविहीन भएको आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय संगठन (आइओएम)ले जनाएको छ । नब्बे हजार जनसंख्या भएको डेर्नामा अहिले जताततै शव मात्र छरिएको देखिने उद्धारमा संलग्नहरूले मिडियालाई बताए । सामाजिक संघसंस्थाले पनि शव व्यवस्थापनमा चुनौतीको सामना गरिरहेका छन् । बाढीले भत्काएका सडकका चेप र खोंच तथा समुद्री किनारमा पुऱ्याएका शव निकाल्ने काम भइरहेको छ । लिबियाका दुवै प्रतिद्वन्द्वी सरकारले बाढीपीडितका लागि राहत सामग्री परिचालनमा समन्वय गरिरहेका छन् भने इजिप्ट, ट्युनिसिया, इटली, स्पेन र टर्कीलगायत देशबाट उद्धार टोली त्रिपोली आइपुगेका छन् ।

> नब्बे हजार जनसंख्या भएको डेर्नामा अहिले जताततै शव मात्र छरिएको देखिने उद्धारमा संलग्नहरूले मिडियालाई बताए

उद्धारकर्मीका अनुसार अहिले डेर्नामा बाढीको विनाशबाहेक केही देखिँदैन । लिबियामा सक्रिय दुई सरकारमध्ये अन्तर्राष्ट्रिय मान्यता प्राप्त लिबियाको अन्तरिम सरकारले पाँच हजार तीन सयजनाले ज्यान गुमाएको बताए पनि पूर्वी क्षेत्रको सरकारका अधिकारीले आठ हजारभन्दा बढीको मृत्यु भएको बताएका छन् । हालसम्म तीन हजार एक सय ९० जनाको अन्त्येष्टि गरिएको छ । सरकारी अधिकारीहरूले डेर्नाको पश्चिम र बेनगाजीको पूर्वमा रहेको तटीय सहर टोक्राको बाँध पनि भत्किन सक्ने चेतावनी दिँदै तटीय क्षेत्र र आसपासका बासिन्दालाई तत्काल ती स्थानबाट सुरक्षित ठाउँमा सर्न आग्रह गरेको बताएका छन् । खोज र उद्धारलाई अझ तीव्र गतिमा सञ्चालन गर्न नसकिएको उल्लेख गर्दै अब जीवित मानिस फेला पार्न कठिन हुने उनी बताउँछन् ।

पूर्वी लिबियाको बन्दरगाह सहर डेर्नाका प्रमुख अब्दुलमेनम अल-गैथीधचले बाढीमा परी १८ हजारदेखि २० हजार मानिसको मृत्यु भएको हुन सक्ने आशंका जताए । दुईवटा बाँध फुट्दा डेर्ना नगर र आसपासका जिल्लाका बासिन्दाको तथ्यांकमा आधारित भएर उनले त्यति धेरै लिबियालीले ज्यान गुमाएको हुन सक्ने बताएका हुन् ।

भूमि र कृषि सुधारका लागि किसानी बाटो

उत्पादनको प्रमुख साधन भूमि, त्यसमा कसरी उत्पादन गर्ने भन्ने निर्णय र नियन्त्रण किसानसँग हुने अभ्यास नै किसानी बाटो हो



अर्थ संवाद

• विश्वास नेपाली

केही महिना पहिले गोलभेँडाको मूल्य एकाएक बढ्यो । पाँच रुपैयाँ केजीमा पनि बिक्री नभई फाल्नुपर्ने नियत भोगेका नेपाली किसान आफैँले केही महिनाको अन्तरालमै १४० रुपैयाँसम्म तिरेर गोलभेँडा खान बाध्य हुनुपऱ्यो । भारतीय बजारमा गोलभेँडाको माग एकाएक बढेपछि नेपाली उत्पादन भारत निर्यात हुन थाल्यो । त्यसको प्रत्यक्ष मार नेपाली उपभोक्तामा पर्न गयो । बजारको माग र आपूर्तिको प्रभावकारी ज्ञान नहुँदा धेरै उत्पादन गर्ने र फाल्नुपर्ने अवस्था व्यहोर्नु किसानको नियती बन्दै आएको छ ।

नेपालीहरूको दैनिक भान्सामा पाक्ने अधिकांश चामल भारतबाट आयात गरिन्छ । केही समय पहिले भारत सरकारले चामल निर्यातमा रोक लगाउने भन्यो । यस्तो समाचार बाहिरिएको भोलिपल्टै कृत्रिम अभाव गराइयो र चामलको अधिक मूल्य बढाइयो । अहिले चर्को मूल्य तिरेर नेपाली उपभोक्ता चामल खरिद गर्न बाध्य छन् । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको विवरणअनुसार आर्थिक वर्ष (आव) ०७७/७८ मा ५० अर्ब ७७ करोड रुपैयाँको १३ लाख ३४ हजार मेट्रिक टन र आव ०७८/७९ मा ४५ अर्ब ५७ करोड रुपैयाँको ११ लाख ३० हजार मेट्रिक टन चामल/धान आयात भएको देखिन्छ । बर्सेनि चामल खरिदमा ठूलो रकम बाहिरिन्छ । यतिसम्म त ठिकै थियो, तर चामल आयात नै रोकिने हो भने भोकमरीको सामना गर्नुपर्ने दिन नआउला भन्न सकिन्न ।

अहिले बजारमा प्याज अभावको चर्चा छ । प्याजका लागि पनि नेपाली बजार भारतनिर्भर हुनुपर्ने रहेछ । भारतले प्याज निर्यातमा ४० प्रतिशतसम्म भन्सार महसुल लगाउने भनेपछि नेपाली बजारमा अहिले प्याज देखिनै छाड्यो । व्यापारीले रातारात कृत्रिम अभाव गराए र अचाक्ली मूल्य बढाए । एक तथ्यांकअनुसार कालीमाटी बजारमा दैनिक १०० मेट्रिक टनसम्म प्याज आउने र त्यहाँबाट बजारमा जाने हुँदोरहेछ । यसैबीच, भारतबाट फेरि अर्को समाचार आएको छ, चिनी निर्यातमा रोकको । भारतमा उखुको उत्पादनमा कमी आएपछि चिनी निर्यात गर्न नसक्ने बताइएको छ । यस वर्ष भारी वर्षात्का कारण भारतमा उखु उत्पादनमा ह्रास आएको समाचार आएका छन् । बिहानदेखि बेलुकीसम्म चिया खाने र चिनीको अधिक प्रयोग गर्ने बानी बसिसकेका नेपालीले अब अर्को अभाव सामना गर्नुपर्ने दिन पनि नजिकै आउँदै छ ।

यी त भए प्रतिनिधि घटना । नेपाली बजारमा वैदेशिक आयातको सूची लामो छ । दैनिक भान्सामा पाक्ने खाद्यान्न, नुनदेखि सुन, लत्ताकपडा, नेपालीको प्रिय वस्तु बनिसकेको मोबाइल, चढ्ने सवारीसाधन आदि सबै विदेशबाट नै आयात हुन्छन्, हामी फगत उपभोक्ता । ती निर्यात गर्ने देशमा कुनै खालको संकट आयो वा उत्पादनमा ह्रास आयो भने त्यसको प्रत्यक्ष असर पर्ने नै छ । पछिल्लो समय चलिरहेको रुस र युक्रेनको युद्धले पनि त्यो देखाइसकेको छ । चामल, मकै, गहुँ, स्याउ, आलु, मुसुरो, प्याज, मासुजन्य सामग्री विदेशबाट बर्सेनि अर्बौं रुपैयाँको आयात हुन्छ । आव ०७९/८० को प्रथम ११ महिनाको विवरण हेर्दा नेपालमा खाद्यान्न (अन्न) आयातको हिस्सा ५२.६५ अर्ब देखिन्छ । भारत, चीन, इन्डोनेसिया, युएई, अर्जेन्टिना, मलेसिया, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, युक्रेन, कतार, थाइल्यान्ड, ओमान, बेल्जियम र साउदी अरेबियाबाट खाद्यान्नलगायतका वस्तु आयात भइरहेको रेकर्डबाट देखिन्छ । नेपालको कृषि किसानमुखी छैन, न त नेपाली उत्पादन आफ्नो जनसंख्यालाई धान्न पुग्ने नै छ । यसको एउटा कारण खेती गर्ने किसानसँग जमिनको हिस्सा नहुनु हो । जमिन भएकासँग अति नै थोरै छ । अधिकांश मानिस अति नै न्यून आकारको जमिनमा खेतीपाती र घरवास गरी संघर्षशील जीविका चलाइरहेका छन् भने अधिकांश मानिस भूमिहीन र श्रमिक छन् । बर्सेनि श्रमशक्ति भारतलगायतका विभिन्न खाडी मुलुकमा जाने गरेको तथ्यांक ठूलै छ । खासगरी भूमिको असमान वितरण प्रणाली, जमिनको स्वामित्वको लडाइँका कारण खेती गर्ने किसानसँग जमिनको स्वामित्व छैन । भएकाहरूले पनि विदेशबाट आयात हुने कृषि सामग्रीसँग प्रतिस्पर्धा गर्न सक्ने वस्तु उत्पादन गर्ने सामर्थ्य राख्न सक्दैनन् । विविध कारणले गर्दा नेपाली उत्पादनको लागत मूल्य बढी पर्न जान्छ ।

हिजोआज हाइब्रिड बिउको जमाना छ । रैथाने बिउ मासियो । अधिकांश बिउ आयात हुन्छन् । मलखाद, विषादी, औषधि, मेसिन औजारहरू पनि विदेशबाट नै आयात गरिन्छन् । श्रमशक्तिको दैनिक ज्याला पनि बढ्दो छ । जसले गर्दा उत्पादन र लागत मूल्य हिसाब हेर्दा घाटा देखिन्छ । साना र न्यून आकारको जमिनमा खेतीपाती गर्ने किसानले त झन् बढी घाटा व्यहोर्नुपरेको पीडा सुनाउँछन् । राज्यले कृषि उत्पादनमा खास प्रभावकारी कदम चाल्न सकेको देखिँदैन । संघीयतापछिको अभ्यासमा पनि यो विषय टड्कारो बन्दै आएको छ । कृषिमा सरकारी नारा 'क्रान्तिकारी' र 'वैज्ञानिक' तर व्यवहारमा किसानमैत्री नभइदिँदा उत्पादनप्रतिको आकर्षण घट्दो देखिन्छ । त्यसको तितो यथार्थ भनेको हरेक वर्ष नेपाललेआयातमा अर्बौं रुपैयाँ बाहिर पठाउनु हो । अनि हामी कुराचाहिँ समाजवादी अर्थव्यवस्थाको गरिरहेका हुन्छौं । अभ्यास र बोली मिल्दो छ त ?

राज्यको प्राथमिकताले किसानलाई छुन सकेको छैन । भूमिहीनलाई छुन सकेन । उत्पादन गर्ने ज्ञान र सीप भएकाहरूसँग जमिन छैन । राज्यको अनुदान उनीहरूसम्म पुग्दैन । बीचमा बस्ने कार्यकर्ता र झोलामा व्यवसाय भएकाले अनुदान लुटिरहेका छन् । त्यसैले सात दशक पहिलेदेखिम एउटै मुद्दा उठ्दै आइरहेको छ, भूमिसुधार । तर, यो मुद्दा अहिलेसम्म पनि सार्थक कार्यान्वयन हुन सकेन । यदि नेपालमा भूमिसुधार हुँदो हो त कृषि उत्पादन बढ्ने, गरिबी घट्ने र अहिले भइरहेको बढ्दो कृषिजन्य आयातमा कमी आई नेपाली बजार र उपभोक्ताले विभिन्न खालको अभाव र महँगीको मार खेप्नुपर्ने थिएन कि ? रोजगारी बढ्ने र सायद बढ्दो युवा पलायनमा केही कमी आउँथ्यो कि ?

उच्चस्तरीय भूमिसुधार आयोग, २०६८ को प्रतिवेदनमा सुझाइएको छ- जमिन प्रकृतिप्रदत्त भएकाले यो अन्तरविरोधको हल गर्न भूमिमा जोत्नेको अधिकार सुनिश्चित हुनुपर्छ र अनुपस्थित भू-स्वामीलाई जमिनबाट अलग गर्नुपर्छ । साथै, उक्त प्रतिवेदनमा अहिलेकै स्थितिमा पनि खेती भएको, बाँझो र थप खेतीयोग्य बनाउन सकिने जमिन वास्तविक कृषि परिवारमा समान वितरण गर्ने हो भने प्रत्येक परिवारलाई करिब एक हेक्टर (१.५ बिघा वा २० रोपनी) जमिन पुग्ने उल्लेख गरिएको छ ।

वर्तमान सरकारले साझा न्यूनतम कार्यक्रम घोषणा गर्दा कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गरी गरिबी निवारण गर्न कृषि फार्म, कन्ट्र्याक्ट खेती र सहकारी खेतीमा जोड दिने बताएको थियो । साथै, कृषिमा अनुदानको व्यवस्था गर्ने, कृषि उत्पादनको क्षेत्रमा आवश्यक मल, उन्नत बिउबिजन, प्राविधिक शिक्षा, सिँचाइलगायतका सेवा सुविधा सहज रूपमा उपलब्ध गराउनका लागि किसान कार्डको व्यवस्था, कृषि बिमा व्यवस्था गरी प्राकृतिक प्रकोपबाट हुने बालीनालीको जोखिम न्यूनीकरण, र बसोवासको व्यवस्था तथा विगतका भूमिसम्बन्धी आयोगका प्रतिवेदनहरूसमेतलाई आधार मानी वैज्ञानिक भूमिसुधार गर्ने उल्लेख गरेको थियो ।

स्थानीय, प्रदेश र संघीय सरकारले हरेक वर्ष घोषणा गर्ने नीति तथा कार्यक्रममा खाद्यान्नमा आत्मनिर्भर हुने/गर्ने भनेको देख्दै र सुन्दै आएका छौं । तर, घोषणाअनुसार कार्यक्रम नबन्ने र कार्यान्वयनमा नजाने समस्याले गर्दा खाद्य सुरक्षाको दृष्टिकोणले नेपाली समाज पछि पर्दै गएको छ । आजकल त कृषिमा कर्पोरेटाइजेसन, वैदेशिक लगानी आदि कुरा पनि उठिरहेका छन् । नेपाली परिवेशमा यो सुहाउँदो छैन । त्यसैले राज्यले अब किसानी बाटोबाट भूमि र कृषिको सुधारबारे सोच्न जरुरी छ । संसद्मा यो विषयमा बहस उठ्नुपर्छ । राज्यका निकायले किसानको समस्या समाधान गरी नेपाली किसानमुखी नीति ल्याउन र हरेक समस्याको समाधान किसानी बाटोबाट नै अघि बढाउन जरुरी छ ।



> राज्यको प्राथमिकताले किसान र भूमिहीनलाई छुन सकेन । उत्पादन गर्ने ज्ञान र सीप भएकासँग जमिन छैन भने त्यहाँसम्म अनुदान पुग्दैन । बीचमा बस्ने कार्यकर्ता र झोलामा व्यवसाय भएकाले अनुदान लुटिरहेका छन् ।

कृषि बजार र कृषि उत्पादन खरिदको सुनिश्चितता गर्ने भनेको थियो । यसबाहेक भूमिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि वैज्ञानिक भू-उपयोग नीति प्रभावकारी रूपमा लागू गर्ने, पुस्तौँदेखि बसोवास गरेका स्ववासीको समस्या समाधान, कृषि मजदुर, मुक्त कमैया, हलिया र भूमिहीन किसानको आर्थिक, सामाजिक उत्थान

किसानी बाटो भन्नाले भूमिसुधार कसरी गर्ने ? कसलाई कति भूमि चाहिन्छ ? भूमिको अव्यावहारिक वितरण प्रणालीलाई के कसरी मिलाउने ? खेती नगर्ने, तर जमिनको ठूलो हिस्सा ओगटी बसेकाहरूको जमिनको व्यवस्थापन र उपयोग कसरी गर्ने ? यस्तै, के उत्पादन गर्ने ? कसरी उत्पादन गर्ने ? कति उत्पादन गर्ने ? उत्पादन गरेको वस्तुको सुरक्षित भण्डारण कसरी गर्ने ? मूल्य कति र कसरी निर्धारण गर्ने ? बजारीकरणको च्यानल (मूल्य शृंखला) कस्तो बनाउने ? कसरी चलाउने ? के-केमा अनुदान चाहिने वा नचाहिने ? यी विषयमा किसानले नै बृहत् छलफल गरी योजना बनाउने र कार्यान्वयनको अभ्यास गर्नुपर्छ । र, राज्यका निकायले त्यसको अनुमोदन गरी कार्यान्वयनमा सहयोग गर्नुपर्छ ।

भूमि र कृषिलाई कर्पोरेट अर्थात् कम्पनीमार्फत व्यावसायिक नबनाउने, यसलाई किसानी बाटोबाट अघि बढाउने हुनुपर्छ । कर्पोरेटाइजेसन गरियो भने अहिलेजस्तै विभिन्न बहानामा कृत्रिम अभाव गरिने, मूल्य बढाउने, मूल्य बढी आउने ठाउँमा बेच्ने र गरिब र किसानले खान पनि नपाउने समस्या आउन सक्छ । सिपालु किसान सबै श्रमिकमा परिणत गराइन्छन् । त्यसैले दीर्घकालीन योजनाका साथ किसानलाई नै यी क्षेत्रको जिम्मेवारी दिएर अघि बढ्नुपर्छ । उत्पादनको प्रमुख साधन भूमि र त्यसमा के-कति र कसरी उत्पादन गर्ने भन्ने निर्णय र नियन्त्रण किसानसँग हुने र अभ्यास गरिनु किसानी बाटो हो, अबको बहस र यात्रा त्यही कोणबाट हुनु जरुरी छ । नत्र भने भविष्यमा थप समस्या व्यहोर्नुपर्ने हुन्छ । आजसम्म राज्यबाट नीति तथा कार्यक्रम, योजनाहरू जति बनाइए र घोषणा गरिए, ती प्रभावकारी रूपमा कार्यान्वयनमा आएको देखिएन । भूमि र कृषिको अन्योन्याश्रित सम्बन्ध रहन्छ । भूमिविना कृषि उत्पादनको कल्पना गर्न सकिन्न । त्यसैले राज्यले जतिसक्दो चाँडो एकपटक भूमिसुधार कार्यक्रम लागू गरी जमिन वितरण गर्ने र खेती गर्ने किसानलाई उत्प्रेरित गरी उत्पादनमा आत्मनिर्भर हुने दिशामा जानुपर्छ ।

अंक र अर्थ

साउनमा संकलित राजस्व



राजस्व शीर्षक	साउनको लक्ष्य	गत साउनको संकलन	चालू आव साउनको संकलन
भन्सार महसुल	२३ अर्ब २ करोड ३३ लाख	१३ अर्ब ८६ करोड ८० लाख	१४ अर्ब ६५ करोड १९ लाख
मूल्य अभिवृद्धि कर	२५ अर्ब ८२ करोड ४९ लाख	२४ अर्ब ९१ करोड ३७ लाख	२३ अर्ब ८६ करोड ७० लाख
अन्तःशुल्क	१३ अर्ब ४७ करोड ९३ लाख	११ अर्ब ८४ करोड ६९ लाख	११ अर्ब ३ करोड १० लाख
शिक्षा सेवा शुल्क	२० करोड ३२ लाख	१५ करोड ३३ लाख	२८ करोड ९६ लाख
आयकर	२६ अर्ब १८ करोड १६ लाख	१९ अर्ब ८५ करोड ६६ लाख	२० अर्ब ३३ करोड ५७ लाख
गैरकर	१० अर्ब ८६ करोड १ लाख	९ अर्ब ८ करोड ३९ लाख	९ अर्ब ६९ करोड ८९ लाख
कुल राजस्व	९९ अर्ब ५७ करोड २५ लाख	७९ अर्ब ७२ करोड २५ लाख	७८ अर्ब ८७ करोड ४१ लाख

स्रोत : अर्थ मन्त्रालय

बिजनेस @



गोकर्णराज अवस्थी, महानिर्देशक, एफएनसिसिआई

खेतदेखि खाडीमा, यो कृषि उत्पादन खाडीमा बेच्न सहयोग पुऱ्याउने योजना हो । प्रांगारिक पहाड, यो बसाइसराइँले उजाड भएका पहाडमा उच्च मूल्यवृद्धि हुने खेती गर्ने योजना हो । बजेटमा सुझाव दिएको सरकारले रुचि देखाएन, योजना त राम्रै छ नि हैन ?



अर्चना थापा, लेखक

सर्वसाधारणका लागि चिकित्सा सेवा अति महँगो भएकाले शुल्क तिरेअनुसारको अपेक्षा हुनु स्वाभाविक हो । जनआक्रोशको मुख्य असन्तुष्टि चर्को शुल्क हो । तर, हिंस्रक भएर चिकित्सकमाथि हिंसा गर्नु गलत हो । धेरैजसो प्रहरी त ढिलो आउने र मूकदर्शक हुन्छन् ।



किरण श्रेष्ठ, प्रकाशक, नेपालय

बाले भनेको र मैले जीवनको मान्यता बनाएको यो वाक्यसँगै उनलाई सम्झिएँ- 'त्यस्तो व्यापार कहिल्यै नगर्नु, जसको ग्राहक आफ्नो सन्तान होस् भन्ने चाहँदैनौं ।' उनको यो वाक्यलाई ज्ञानसरह शिरोपर गरेको छु ।

अर्थ जानकारी

के कुनै एकजना कर्मचारीले चाहेमा प्रणालीमा जग्गाको कित्ता तथा जग्गाधनी विवरण छुट इन्ट्री, खारेज वा संशोधन गर्न सक्छ ?

एकजना कर्मचारी (प्रयोगकर्ता) ले मात्र चाहेमा प्रणालीमा जग्गाको कित्ता तथा जग्गाधनी विवरण छुट, इन्ट्री, खारेज वा संशोधन गर्न सक्दैन । यो कार्यका लागि प्रणालीमा व्यवस्था भएको 'विद्युतीय अभिलेख संशोधन' मोडुलबाट गर्नका लागि सर्भिस डेस्क र एडमिनको भूमिका भएका एक-एकजना गरी कम्तीमा दुईजनाको आवश्यकता पर्छ । एउटै कर्मचारीलाई दुवै भूमिका दिएको खण्डमा भने गर्न सकिन्छ । तर, सकेसम्म एउटै कर्मचारीलाई दुवै भूमिका दिनुहुँदैन । एउटैलाई दुवै भूमिका दिनुपर्ने अवस्था भए कार्यालय प्रमुखबाट सो प्रयोगकर्ताले प्रणालीमा गरेका कार्यहरू नियमित अनुगमन हुन आवश्यक छ ।



- भूमि व्यवस्था तथा अभिलेख विभाग

पश्चिमा मिडियाको खेदाइमा चीनको आर्थिक संकट

चीनको अर्थतन्त्र मन्दीबाट गुज्रिरहेको छ, निर्यात, घरजग्गाजस्ता कारोबारमा संकुचन आएको छ, तर मिडियाले भनेझैं पतन भने भइहालेको छैन

सन् २०३० सम्म चीन अर्थतन्त्रमा अमेरिकाभन्दा पनि अगाडि निस्कने प्रक्षेपण गरिएको थियो । त्यसो भए प्रश्न उठ्छ, आखिर के भइरहेको छ ? के साँच्चिकै चीनको हालत यति खराब बनिसक्यो, जति पश्चिमा मिडियाले लेखेका छन् ?

हिजोआज चीनको आलोचना नभएको कमै सुनिन्छ । पश्चिमा मिडियाले लगातार चीनविरुद्ध नकारात्मक समाचार, लेख र टिप्पणी छाप्ने कामलाई तीव्रता दिएका छन् । फाइनान्सियल टाइम्सदेखि द इकोनोमिस्ट, द वाल स्ट्रिट जर्नल आदिले प्रत्येक हप्ताजसो चीनप्रतिको नकारात्मक सामग्री प्रकाशित गरेका छन् । यी सामग्रीमा चीनको संकटलाई मुख्य विषय बनाइएको छ ।

ब्लुमबर्गको हालसालैको रिपोर्टअनुसार चीनले सायदै अमेरिकी अर्थतन्त्रलाई पछि पार्न सक्ने उल्लेख छ । तर, यसअघि सन् २०३० सम्म चीन अर्थतन्त्रमा अमेरिकाभन्दा पनि अगाडि निस्कने प्रक्षेपण भएका थिए । त्यसो भए प्रश्न उठ्छ, आखिर के भइरहेको छ ? के साँच्चिकै चीनको हालत यति खराब बनिसक्यो, जति पश्चिमा मिडियाले लेखेका छन् ? के चीन अर्को जापान हो, जसले ब्यालेन्स सिटको मन्दी या कर्जाका कारण एक या दुई दशक यत्तिकै खेर फालिदिन्छ ? या फेरि यो पश्चिमाको मात्रै कामना हो ?

यो भनिरहनुपर्दैन, चीनको अर्थतन्त्र संकटमा छ । उसका समस्या अचल सम्पत्ति क्षेत्रवरिपरि छ । यो क्षेत्रको चीनको समृद्धिको महत्वपूर्ण हिस्सा हो । चिनियाँ अर्थतन्त्रमा यस क्षेत्रको योगदान करिब ३० प्रतिशत छ । भारतमा वार्षिक रूपमा साढे तीन लाखदेखि चार लाखसम्म अपार्टमेन्ट बिक्री हुन्छन् । तर, चीनमा भने यो तथ्यांक एक करोडभन्दा माथि छ । चिनियाँ अर्थतन्त्रको आकारको अनुमान यसबाट सहजै लगाउन सकिन्छ । यही कारणले चीन विश्वमै उपभोक्ता सामानको सर्वाधिक ठूलो उपभोक्ता हो । र, उसको कर्जा कुल गार्हस्थ्य उत्पादनको तीन सय प्रतिशतभन्दा बढी छ । चीन केवल फ्रान्स र जापानभन्दा पछाडि छ, कर्जामा ।

चीनको सम्पत्ति क्षेत्र संकटमा हुँदा त्यसको प्रत्यक्ष प्रभाव आर्थिक वृद्धिमा परिरहेको छ । जसले गर्दा अर्थतन्त्रका विभिन्न क्षेत्रमा समस्या पैदा हुँदै गएका छन् । अप्रिल महिनामा घरजग्गा बिक्रीमा गिरावट आउन थालेपछि सन् २०१९



पछिल्लो पाँच वर्षमा चिनियाँ बैंकहरूको प्रदर्शन अमेरिकी बैंकभन्दा राम्रो छ । कोभिडअघिकै स्तरमा कारोबार गरेका छन् । यसलाई हेर्दा आर्थिक पतनको कुनै संकेत देखिँदैन ।

को स्तर ५०-६० प्रतिशतमा पुगेको छ । यो उच्च गिरावट उपभोक्तामा आँट र साहस नहुँदा आएको हो । उपभोक्ताहरूले विकासकर्ताले समयमा परियोजना सम्पन्न गर्ने क्षमतामा मात्रै संशय गरेका छैनन्, अर्थतन्त्रको अवस्थाप्रति पनि भरोसा छैन ।

चीनमा युवा बेरोजगारी दर २० प्रतिशतभन्दा माथि छ । यस्तै, तलबमा वृद्धि पनि न्यून नै छ । राष्ट्रपति सी जिनपिङले नेतृत्व गरेको सरकारले घरजग्गा कारोबार सट्टेबाजका लागि नभई बसोवासका लागि गर्नुपर्ने भन्दै आइरहेको छ ।

कमजोर मागका कारण मूल्यमा गिरावट बढ्दो छ । आवास मूल्यमा मासिक नौ प्रतिशतको गिरावट आइसकेको छ । तथापि, स्थिर हुने कुनै शुभ संकेत देखिएको छैन । कम कर्जा, बिक्रीमा गिरावट र उच्च मूल्यले पनि नयाँ परियोजना सुरु गर्न सक्ने अवस्था छैन । सन् २०१९ को तुलनामा यो वर्ष नयाँ निर्माण ४० प्रतिशत मात्रै छ ।

यसैगरी, चीनमा सम्पत्ति विकासकर्ता (एसेस्ट्स डेभलपर) पनि चर्को दबाबमा छन् । विदेशी अनुदान जारी गर्ने ५० विकासकर्तामध्ये ३४ ले पहिल्यै कुनै न कुनै तरिकाले कर्जा पुनर्गठन गरिसकेका छन् । एभरग्रान्डे र कन्ट्री गार्डन टाट पल्टिएको कुरा लुकाएर लुक्दैन । चीनसम्बन्धी हरेक नकारात्मक चर्चा घरजग्गा कारोबारको मूल्यमा आएको गिरावटसँग जोडिन्छ । यस्तो अवस्थामा अचल सम्पत्ति क्षेत्रमा स्थिरताविना अर्थतन्त्रमा निरन्तर सुधार आउने अपेक्षा गर्न सकिँदैन ।

सम्पत्ति क्षेत्रको मन्दीबाहेक चीनको निर्यातको अवस्था पनि खराब छ । यसको सम्बन्ध भूराजनीतिक चिन्ता, आपूर्ति शृंखलाको विविधता र पश्चिममा आएको मन्दीसँग छ । यसरी हेर्दा चीन तत्काल निर्यातजन्य समस्याबाट निस्कन मुस्किल छ ।

बजार सरकारबाट नीतिगत समर्थन चाहन्छ । साथै, सरकारले सम्पत्ति विकासकर्तालाई उकासी आवासको मागलाई बढावा देओस् भन्ने पनि चाहन्छ । यसबारे सरकारले केही कदम त उठाएको छ, तर बजारको कामना थप ठोस कदमको हो । यसैगरी, चिनियाँ अधिकारीहरू सम्पत्ति क्षेत्रमा अर्थतन्त्रको परनिर्भरता कम गर्न प्रतिबद्ध छन् । चरणबद्ध रूपमा सन्तुलित गर्न पनि चाहन्छन् ।

आर्थिक पतनको संकेत : पश्चिमा मिडिया चीनको गम्भीर अवस्था चित्रण गरी खुसी किन छन् ? यो बुझ्न कुनै ज्योतिषी भइरहनुपर्दैन । पश्चिमा मिडियाले त चीनमा नगदको प्रयोग अस्थायी भएको र वर्षौंदेखि आवश्यकभन्दा बढी लगानीको स्थिति बनेको टिप्पणी पनि गरेका छन् । तर, व्याख्या गरिएझैं बजारमा मन्दीको प्रभाव त्यति धेरै भने छैन । उदाहरणका लागि बैंकलाई लिन सकिन्छ । पछिल्ला पाँच वर्षमा चिनियाँ बैंकहरूको प्रदर्शन अमेरिकी बैंकभन्दा राम्रो छ । कोभिडअघिकै स्तरमा कारोबार गरेका छन् । यसलाई हेर्दा आर्थिक पतनको कुनै संकेत देखिँदैन । यसैगरी, दीर्घकालीन सरकारी अनुदानले पनि यही संकेत गर्छ । कोभिडपछि चीनले जारी गरेको सरकारी ऋणपत्रको प्रदर्शन पनि अमेरिकी ट्रेजरीभन्दा राम्रो थियो । साथै, चीनको प्रतिफल पनि स्थिर नै छ ।

कतिसम्म भने वस्तु (कमोडिटी)को क्षेत्रमा चीन ठूलो खरिदकर्ता हो । त्यहाँ पनि संकटको संकेत छैन । चीनको अर्थतन्त्रको अवस्था खराब छ भन्ने सन्देशसँग यो विषय मेल खाएको देखिँदैन । यसैगरी, चीन विलासी ब्रान्डको पनि प्रमुख खरिदकर्ता हो । त्यहाँ पनि सेयरको मूल्यमा खासै कमी आएको देखिँदैन । हो, चीनको अर्थतन्त्र मन्दीबाट गुज्रिरहेको छ । तर, पश्चिमा मिडियाले भनेझैं पतन पनि भइहालेको छैन ।

- बिजनेस स्ट्यान्डर्ड

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २९ भदौ ०८०

विद्युत् व्यापार, प्रसारण र वितरण निजी क्षेत्रलाई खुला, तर उत्पादनमै कडाइ

लाइसेन्स अवधि १० वर्ष घटाइयो, निजी क्षेत्र आफैँले पहिचान गरेर आयोजना बनाउन नपाउने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले निजी क्षेत्रलाई विद्युत् व्यापार, प्रसारण र वितरण गर्न दिने प्रस्तावसहित 'विद्युत् विधेयक, २०८०' संघीय संसद्मा पेस गरेको छ। मन्त्रिपरिषद्बाट स्वीकृत उक्त विधेयक ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतले बुधबार संघीय संसद्मा दर्ता गरेका हुन्। उक्त विधेयकअनुसार निजी क्षेत्रले सरकारबाट अनुमति लिएर प्रसारणलाइन निर्माण तथा सञ्चालन गर्न तथा विद्युत् वितरण पनि गर्न सक्नेछन्। साथै, स्वदेशी तथा अन्तरदेशीय विद्युत् व्यापार पनि गर्न सक्नेछन्। विधेयकअनुसार विद्युत् प्रसारण, वितरण र व्यापार गर्ने लाइसेन्सको अवधि २५ वर्षको हुनेछ।

हाल विद्युत् व्यापार, वितरण र प्रसारणमा सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणको एकाधिकार छ। यो प्रस्तावसहित विधेयक पारित भएमा प्राधिकरणको एकाधिकार तोडिनेछ।

निजी क्षेत्रले पहिलादेखि विद्युत् व्यापार, वितरण र प्रसारणको जिम्मा दिन माग गर्दै आएका थिए। तर, प्रचलित कानुनमा व्यवस्था नहुदाँ सरकाले त्यो सम्बोधन गर्न सकेको थिएन। सरकारले गरेको यो प्रस्ताव स्वागतयोग्य भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का उपमहासचिव प्रकाश दुलालले बताए। 'हामीले पहिलादेखि नै व्यापार, प्रसारण र वितरणको पनि अनुमति दिन माग गरेका थियौँ। त्यो माग ऐनमार्फत नै सम्बोधन हुँदै छ। त्यो स्वागतयोग्य छ,' उनले भने, 'यसको सफल कार्यान्वयन हुनुपर्छ।'

यद्यपि, सरकारले पनि यसअघि पनि निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने गरी दुईपटक संसद्मा विद्युत् विधेयक दर्ता गरेको थियो। यसअघि ०५८ र ०७७ मा संसद्मा दर्ता भएको विधेयकमा यो प्रस्ताव थियो। तर, संसदीय प्रक्रियाबाट दुवैपटक उक्त विधेयक पारित भएन। साथै, गत असोजमा अध्यादेश नै ल्याएर निजी क्षेत्रलाई विद्युत् व्यापारमा खुला गर्ने तयारी गरिए पनि राष्ट्रपति कार्यालयबाट प्रमाणीकरण भएन। सोही कारण अहिले विद्युत् व्यापारसँगै प्रसारण र वितरणमा समेत निजी क्षेत्रलाई खुला गर्ने प्रस्तावसहित विधेयक संसद्मा दर्ता हुँदै गर्दा पनि विश्वस्त नभएको इप्पान उपाध्यक्ष आशिष गर्गले बताए। 'यसअघि पनि दुईपटक संसद्मा विधेयक दर्ता भएको थियो। तर, पारित भएन। अध्यादेश ल्याउँदासमेत भएन। यसपालि पनि त्यस्तो नहोला भन्न सकिन्न,' उनले भने, 'तसर्थ, सरकारले यसलाई उच्च प्राथमिकतामा राख्नुपर्छ। होइन भने अर्को विकल्पमा खोज्नुपर्छ। किनकि, विद्युत् व्यापारका लागि निजी क्षेत्र ऐन नै कुरेर बस्ने अवस्थामा छैन।'



■ तीनवटै तहका सरकारले लाइसेन्स दिन सक्ने

विधेयकमा अब तीनवटै तहका सरकारले जलविद्युत् आयोजनाको लाइसेन्स दिन सक्नेछन्। अहिले संघीय सरकारले नै आयोजनाको लाइसेन्स दिँदै आएको छ। तर, अब पाँच मेगावाटसम्मको आयोजनाको लाइसेन्स स्थानीय तहले दिन सक्नेछ। यसैगरी, प्रदेशस्तर आयोजनाको प्रदेश सरकार र ठूला आयोजनाको केन्द्रीय सरकारले लाइसेन्स दिनेछ। दुई वा सोभन्दा स्थानीय तहको सीमामा पर्ने पाँच मेगावाटसम्मका आयोजनाको लाइसेन्स प्रदेश सरकारले दिने व्यवस्था गरिएको छ। दुईभन्दा बढी प्रदेशको सिमानामा पर्ने आयोजनाको लाइसेन्स भने केन्द्रीय सरकारले नै दिने व्यवस्था गरिएको छ। तर, स्थानीय र प्रदेश सरकारको अनुरोधमा सरकारले जतिसुकै जडित क्षमताका आयोजनाको पनि विकास र सञ्चालन गर्न सक्नेछ।

■ खुला प्रतिस्पर्धाबाट लाइसेन्स दिने

सरकारले निजी क्षेत्रलाई विद्युत् उत्पादनमा भने कडाइ गरेको छ। यसअघि निजी क्षेत्रले आफैँ आयोजना पहिचान, सर्वेक्षण र डिजाइन गरी निर्माण गर्न सक्ने व्यवस्था थियो। तर, अब निजी क्षेत्र आफैँले पहिचान गरेर आयोजना बनाउन सक्नेछैनन्। किनकि, विधेयकमा खुला प्रतिस्पर्धाबाट आयोजनाको लाइसेन्स दिने व्यवस्था छ। त्यसका लागि सरकारले नै आयोजनाको पहिचान र सर्वेक्षण गर्नेछ। पछि प्रतिस्पर्धाबाट लाइसेन्स दिनेछ। साथै, लाइसेन्सको अवधिसमेत घटाइएको छ। यसले विद्युत् उत्पादनमा असर गर्ने निजी क्षेत्रको भनाइ छ।

'सरकारले निजी क्षेत्रलाई व्यापार, प्रसारण र वितरणमा खुला गर्‍यो। तर, उत्पादनमै कडाइ गरिएपछि त्यसको औचित्य भएन,' इप्पान उपमहासचिव दुलालले भने, 'तसर्थ, नयाँ विद्युत् ऐन आउँदै छ भनेर खुसी हुनुपर्ने अवस्था छैन। सरकारले विद्युत् उत्पादनमा समेत निजी क्षेत्रलाई खुला पहुँच दिनुपर्छ।'

■ निजी क्षेत्रलाई उत्पादनमा कडाइ

विधेयकअनुसार अब सरकारले नै पहिचान र अध्ययन गरेर आयोजनाको सूची तयार गरेर खुला प्रतिस्पर्धा आह्वान गर्नेछ। तर, सरकारले ५१ प्रतिशतभन्दा बढी सरकारी सेयर स्वामित्व भएका संस्थालाई प्रतिस्पर्धा नगराई आयोजनाको लाइसेन्स दिन सक्नेछ। साथै, तीन तहका सरकार आफैँले वा संयुक्त लगानीमा पनि आयोजना बनाउने निर्णय गर्न सक्नेछन्। यसले सरकारले छनोट गरेर बाँकी रहेका आयोजना मात्रै निजी क्षेत्रले बनाउन पाउने देखिन्छ।

यो नीतिले आयोजनाको लागत बढ्ने र समयमा नबन्ने समस्या आउने पनि सरोकारवाला बताउछन्। महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनअनुसार निजी क्षेत्रका आयोजनाहरूको लागत प्रतिमेगावाट १३ करोड ४३ लाखदेखि १९ करोड हाराहारी छ। तर, सरकारी आयोजनाको लागत प्रतिमेगावाट ४९ करोडसम्म पुगेको छ। यस्तै, आयोजना सरकारलाई निःशुल्क हस्तान्तरण गर्ने अवधि पनि घटाइएको छ। हाल जलाशययुक्त आयोजनाको लाइसेन्स अवधि ५५ वर्ष र अन्य आयोजनाको लाइसेन्स अवधि ५० वर्ष (नवीकरणसहित) हुने व्यवस्था छ। हाल सरकारले आयोजनाहरूलाई ३५ वर्ष अवधिको लाइसेन्स दिएको छ। नवीकरणसहित त्यसको अवधि ५० वर्षसम्म पुर्‍याउन सकिन्छ। तर, प्रस्तावित विद्युत् ऐनमा भने जलाशयुक्त आयोजनाको ४५ वर्ष र अन्य आयोजनाको ४० वर्ष लाइसेन्स अवधि तोकिएको छ। त्यसमा नवीकरणको सुविधा भने तोकिएको छैन। यसरी प्रस्तावित ऐनले आयोजना सरकारलाई बुझाउने अवधि नै १० वर्ष घटाएको छ, यसले पनि ऊर्जामा लगानी गर्न निजी क्षेत्रलाई निरुत्साहित गरेको व्यवसायी बताउँछन्।

■ खुला प्रतिपस्र्धाबाट पिपिए

विधेयकले विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुला प्रतिस्पर्धाबाट गर्न सक्ने नीति पनि ल्याएको छ। अहिले पिपिएदर निश्चित छ। जलाशययुक्त आयोजनाका लागि प्रतियुनिट हिउँदमा १२.४० रुपैयाँ र बर्खामा ७.१० रपैयाँ तोकिएको छ। अन्य जलविद्युत् आयोजनाको पिपिएदर भने प्रतियुनिट हिउँदमा ८.४० रुपैयाँ र बर्खामा ४.८० रपैयाँ तोकिएको छ। सोलार प्लान्टको पिपिए भने प्रतियुनिट अधिकतम ५.९४ रुपैयाँको सीमामा गर्न सकिन्छ।

■ प्राधिकरण पाँच वर्षमा टुक्रिनुपर्ने

विधेयकमा अब एउटा संस्थाले एउटा (विद्युत् उत्पादन, प्रसारण र वितरणमध्ये एक) मात्रै काम गर्न पाउने प्रस्ताव पनि गरिएको छ। यदि अहिले कुनै संस्थाले यी तीनवटै काम गरिरहेको भए पनि नयाँ ऐन लागू भएको पाँच वर्षमा उत्पादन, प्रसारण र वितरणका लागि छुट्टाछुट्टै संस्था स्थापना गर्नुपर्नेछ। हाल नेपाल विद्युत् प्राधिकरणले यी तीनवटै काम गर्दै आएको छ, त्यसअनुसार यो ऐन प्रारम्भ भएको पाँच वर्षभित्र प्राधिकरण खण्डीकरण हुनुपर्नेछ।

एक वर्षमा थपिए सात सय ४१ झोलुंगे पुल

देशभर झोलुंगे पुलको संख्या ११ हजार १०२

काठमाडौं/ गत आर्थिक ०७९/८० मा देशभर सात सय ४१ वटा झोलुंगे पुल निर्माण भएका छन्। सरकारले गत आवमा देशभर सात सय ३० झोलुंगे पुल बनाउने लक्ष्य राखेको थियो। यो अघिल्लो आव ०७८/७९ को तुलनामा २५ प्रतिशतले बढी हो। सो आवमा नेपालभर पाँच सय ९४ वटा पुल बनेका थिए। यससँगै देशभर झोलुंगे पुलको संख्या ११ हजार एक सय दुई पुगेको छ। स्थानीय पूर्वाधार विकास विभागबाट प्राप्त गत आवको तथ्यांकले यस्तो देखाएको हो।

यस्तै, गत आवमा सयवटा नयाँ झोलुंगे पुल निर्माणका लागि ठेक्का व्यवस्थापन भएको छ। साथै, आठ सय झोलुंगे पुलका लागि डिपिआर तयार भएको छ। डिपिआर तयार भएका पुलको निर्माण कार्य पनि अघि बढाउने काम भइरहेको विभागको भनाइ छ। यसैगरी, झोलुंगे पुल निर्माणका लागि आवश्यक लट्ठा तथा बुल डग ग्रिप खरिद गर्ने टेन्डर पनि अघि बढाएको विभागको तथ्यांकमा उल्लेख छ।

पूर्वसहरी विकासमन्त्री विक्रम पाण्डेले गत माघमा पदभार ग्रहण गर्दै हरेक आधा घन्टाको फरकमा झोलुंगे पुल निर्माण गर्ने निर्णय गरेका थिए। देशभर भएका सबै तुइन विस्थापन गरेर झोलुंगे पुल बनाउने उनको निर्णय थियो। तर, नेपालमा कति झोलुंगे पुल चाहिन्छ भन्ने विषयमा अहिलेसम्म खास अध्ययन भइसकेको छैन। नेपालमा थुप्रै खोलानाला, नदी छन्। यस्तो अवस्थामा सर्वसाधारणको पैदल यात्रा सहज र सुरक्षित बनाउन झोलुंगे पुलको महत्त्व छ। तर, नेपालमा कति झोलुंगे पुल वा मान्छे हिँड्ने पुल चाहिन्छ भन्ने विषयमा अझै अध्ययन भएको छैन।

साथै, नेपालमा यति संख्यामा मान्छे हिँड्ने पुल चाहिन्छ भनेर पनि अनुमान गरिएको छैन। हालसम्म स्थानीयको मागअनुसार झोलुंगे पुल बनाइँदै आइएको छ। त्यो अवस्थामा तत्कालीन मन्त्री पाण्डेले आधा घन्टासम्म पैदल यात्राको फरकमा झोलुंगे पुल बनाउने निर्णय गरेका थिए। अहिले त्यसका लागि आवश्यक विवरण संकलन गर्ने काम भइरहेको विभागको भनाइ छ। सम्भवतः त्यसका लागि २५ सयदेखि तीन हजारसम्म नयाँ झोलुंगे पुल आवश्यक पर्ने बताइएको छ। यद्यपि, यसका लागि आवश्यक अध्ययन भइरहेको विभागको भनाइ छ।

तर, विभागले भत्केका तथा प्रयोग गर्न नसक्ने अवस्थामा पुगेका झोलुंगे पुलबारे पनि अध्ययन नगरेको देखिएको छ। धेरै वर्षपहिले बनेका पुल अहिले प्रयोग नगर्ने अवस्थामा पुगेका छन्। कतिपय झोलुंगे पुलहरू बाढीले समेत बगाएको पाइन्छ। तर, विभागले त्यस सम्बन्धमा कुनै पनि अध्ययन गरेको देखिएको छैन। फलस्वरूप त्यसको ठाउँमा नयाँ पुल बनाउने काम अन्योलमा परेको सरोकारवाला बताउँछन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

मधेश सरकारको आर्थिक कारोबार दुई महिनादेखि ठप्प

जनकपुरधाम/ सफ्टवेयरमा समस्या देखिएपछि दुई महिनादेखि मधेश प्रदेश सरकारको आर्थिक कारोबार ठप्प रहेको छ। संघीय सरकारले प्रदेशलाई उपलब्ध गराउने बजेट प्रदेश सरकारको आर्थिक कारोबार गर्ने सफ्टवेयर प्रोभिन्स लाइन मिनिस्ट्री बजेटरी सिस्टममा नदेखाएपछि मधेश प्रदेश सरकारको चालू आवको आर्थिक कारोबार ठप्प हुन पुगेको छ। संघीय सरकारले लाइन मिनिस्ट्री बजेटरी इन्फर्मेसन सिस्टम (एलएम)मार्फत प्रदेश सरकारहरूको प्रोभिन्स लाइन मिनिस्ट्री बजेटरी स्टिममा बजेट पठाउने गर्छ। प्रदेशले प्रदेश लेखा नियन्त्रक कार्यालयको टिएसए सफ्टवेयरमार्फत विभिन्न मन्त्रालय तथा मन्त्रालयमातहत रहेका कार्यालयलाई निकास दिने गर्छन्।

अर्थ मन्त्रालयका एक कर्मचारीका अनुसार संघीय सरकारको एलएमबिआइएस, प्रदेश सरकारको पिएलएमबिआइएस र प्रदेश लेखा नियन्त्रक कार्यालयका टिएसए सिस्टम एक-आपसमा जोडिएको हुन्छ। यसरी संघीय सरकारले पठाएको पैसा प्रदेश सरकारको सिस्टममा देखिएपछि प्रदेश लेखा नियन्त्रक कार्यालयले सोही आधारमा मन्त्रालयको भुक्तानी आदेशअनुसार रकम निकासा दिने गर्छन्। तर, तीन निकाय जोडिएको सफ्टवेयरमा समस्या देखिएकाले आर्थिक कारोबार ठप्प हुन पुगेको मधेश प्रदेशको अर्थ मन्त्रालयले जनाएको छ।

यसरी सफ्टवेयरमा समस्या आएपछि मधेश प्रदेशका कर्मचारीले साउनदेखि तलबसहितका सेवा-सुविधा पाउन सकेका छैनन्। मन्त्रालयका दैनिक कार्यमा खर्च हुने रकमको पनि भुक्तानी हुन सकेको छैन। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका एक कर्मचारीले भने, 'मन्त्रालयमा हुने दैनिक खर्च सवारी इन्धन, फोटोकपी पेपरदेखि विभिन्न आर्थिक कारोबार उधारोमा हुने गरेको छ।' संघीय र स्थानीय नभई प्रदेश सरकारलाई मात्रै सफ्टवेयरको समस्या रहेको ती कर्मचारीले बताए। मधेश प्रदेशका लेखा नियन्त्रक कार्यालयका प्रवक्ता मनोज झाले सफ्टवेयरमा समस्या देखिएकाले भुक्तानीहरू ठप्प रहेको स्वीकार गरे। उनले भने, 'त्यसलाई ठीक गर्ने काम भइरहेको छ।' सिस्टम ठीक नभएकाले प्रदेश सरकारको बजेट खर्चको कुनै हिसाब नलेखिएको उनले बताए।

घरजग्गाको मूल्यवृद्धि मापन रोकियो

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले घरजग्गाको मूल्य सर्वेक्षण स्थगित गरेको छ। घरजग्गाको मूल्य सूचकांक निर्माण गर्ने उद्देश्य राखिएको यस्तो सर्वेक्षण रोकिएको हो। नेपालमा घरजग्गाको मूल्य निर्धारण व्यवस्थित नभएकाले मूल्यमा अस्वाभाविक उतारचढाव आउने कारण सूचकांक तयार गर्न कठिन भएको नेपाल राष्ट्र बैंकका आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठले बताए। घरजग्गा मूल्य सूचकांक तयार गर्ने वस्तु तथा सेवाको मूल्य सूचकांकजस्तो सहज नहुने उनको भनाइ छ। उनले भने, 'नेपालमा घरजग्गाको मूल्य निर्धारण व्यवस्थित नभएकाले मूल्यमा अस्वाभाविक उतारचढाव देखियो। यसले गर्दा सूचकांक तयार गर्न कठिन भइरहेको छ।'

खासगरी घरजग्गाको बजारमा एकरूपता नहुने र मूल्यमा पनि अत्यधिक मोलमोलाइ हुनुका साथै मूल्य निर्धारणमा कुनै स्तरीय विधिसमेत नभएको उनको भनाइ छ। कतिपय अवस्थामा पुँजीगत लाभकरका कारण वास्तविक मूल्यभन्दा न्यून मूल्यमा कारोबार हुने गरेकाले घरजग्गाको मूल्य सूचकांक निर्माण कठिनाइ बन्दै गइरहेको छ। घरजग्गाको कारोबार नियमित नहुने र मूल्यमा समेत स्थान, क्षेत्रफल तथा उपलब्ध सुविधाले असर गर्ने उनले बताए।

राष्ट्र बैंकले ०७८ मा भव्य कार्यक्रममार्फत पहिलोपटक यो सर्वेक्षण सार्वजनिक गरेको थियो। राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले यस्तो प्रतिवेदन प्रत्येक त्रैमासमा सार्वजनिक गर्ने घोषणासमेत गरेका थिए। तर, जग्गाको मूल्यमा अस्वाभाविक उतारचढावको तथ्य आउन थालेपछि केन्द्रीय बैंकले प्रतिवेदन प्रकाशन नै स्थगित गरेको छ।

केन्द्रीय बैंकले वाणिज्य बैंकको मूल्यांकन र मालपोत कार्यालयको मूल्यलाई आधार बनाएर मूल्य सर्वेक्षण ल्याएको थियो। त्यसलाई थप प्रभावकारी बनाउन घरजग्गा व्यवसायीबाट समेत मूल्य लिने प्रयासमा राष्ट्र बैंक थियो। तर, चलनचल्तीको मूल्यमै ठूलो अन्तर देखिएपछि केन्द्रीय बैंकले तत्कालका लागि यो सर्वेक्षण अगाडि बढाउन सकेको छैन। नेपालमा पहिलोपटक घरजग्गा मूल्य सर्वेक्षण गरिएको हुँदा अन्य देशले जस्तो जग्गाको क्षेत्र, आकार, मुख्य सडकसम्मको पहुँच, बाटोको साइज, मोहडा, व्यापारिक तथा आवासीयजस्ता पक्षलाई सूचकांकमा समावेश गर्न सकेको थिएन। त्यसमा पनि सहरी क्षेत्रको मात्रै समेट्दा देशभरको घरजग्गाको मूल्यलाई समेट्न सकेन। भारतीय रिजर्भ बैंकले २०१०-११ लाई आधार मानेर त्रैमासिक रूपमा घरजग्गाको मूल्य सूचकांक सार्वजनिक गर्दै आएको छ। उक्त बैंकले भारतका १० मुख्य सहरलाई नमुनाका रूपमा लिएर घरजग्गाको सूचकांक सार्वजनिक गर्दै आएको छ।

केन्द्रीय बैंकले आर्थिक वर्ष ०७८/७९ र ०७९/८० को पहिलो दुई त्रैमासमा मूल्यवृद्धि अपेक्षा सर्वेक्षण गरेको थियो। तर, बजारमा त्यसको गलत अर्थ लगाएर मूल्यवृद्धि बढ्ने जोखिम बढेपछि केन्द्रीय बैंक यस्तो सर्वेक्षणबाट पछि हट्ने देखिएको छ। गत आर्थिक वर्षको दोस्रो त्रैमासयता राष्ट्र बैंकले सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरेको छैन। राष्ट्र बैंकले मूल्यवृद्धिलाई लक्षित सीमाभित्र राख्न यस्तो सर्वेक्षणको पनि सहायता लिने प्रयास गरेको थियो। संसारका धेरै केन्द्रीय बैंकहरूले मूल्यवृद्धिको अपेक्षा सर्वेक्षण गरिरहेका हुन्छन्। यसमा मानिसहरूको बुझाइमा भविष्यमा कतिसम्म महँगी पुग्छ भन्ने सर्वेक्षणमार्फत तथ्यांक संकलन गरिन्छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०५/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकवाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु वुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

थारमारे शाखा, सल्यान

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
ढकन प्रसाद शर्मा ना.प्र.नं. ३९३३ जारी मिति २०५५/०३/०२ जि.प्र.का. सल्यान बाबुको नाम : गणेश प्रसाद जैसी बाजेको नाम : खडानन्द जैसी स्थायी ठेगाना : वडागाउ - ७, सल्यान **कर्जा शीर्षक : आवधिक कर्जा**	**भवानी गौतम** ना.प्र.नं. ४३५(०२८)/५१० जारी मिति २०५९/०४/०५ जि.प्र.का. रुकुम बाबुको नाम : डम्बर गौतम पतिको नाम : ढकन प्रसाद शर्मा ससुराको नाम : गणेश प्रसाद जैसी स्थायी ठेगाना : विज्येश्वरी - ३, रुकुम

शहिद चोक शाखा, चितवन

ऋणीको विवरण	
१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १३४७०२/०७१/०७२ अन्तर्गत मिति २०७१/१२/३० मा दर्ता कायम भएको **सफल पोल्ट्री ब्रिडिङ्ग फार्म प्रा. लि.** कम्पनी दर्ता ठेगाना : भरतपुर म.न.पा - ५, वेलचोक, चितवन स्थायी लेखा नं. ६०२४९७८०८ **संचालक : पवन नेपाल** ना.प्र.नं. ४८६०० जारी मिति २०५५/०९/०६ जि.प्र.का. स्याङ्गजा बाबुको नाम : खेम नारायण दोरंगा बाजेको नाम : भुवानी शंकर दोरंगा स्थायी ठेगाना : ठूलाडिहि - ८, स्याङ्गजा **कर्जाको शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा डिमाण्ड कर्जा**	**शर्मिला पौडेल** ना.प्र.नं. ८४०१५ जारी मिति २०६२/०९/०८ जि.प्र.का. स्याङ्गजा बाबुको नाम : रामचन्द्र पौडेल पतिको नाम : पवन नेपाल ससुराको नाम : खेम नारायण दोरंगा स्थायी ठेगाना : आरुखर्क - ८, स्याङ्गजा

ज्ञानेश्वर शाखा, काठमाडौं

ऋणीको विवरण	
१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा, प्रा.फ.र.नं. ७०२६३/०६१/६२ अन्तर्गत मिति २०६२/०२/१३ मा दर्ता कायम भएको **सन इन्टरनेशनल ट्रेडर्स** फर्म दर्ता ठेगाना : का.म.न.पा - २१ लगन, काठमाडौं स्थायी लेखा नं. ३०१८१२१३७ मिति २०६२/०२/१७ **प्रोप्राइटर : प्रदिप सिहं** **कर्जाको शिर्षक : सवारी साधन डिमाण्ड, ओभरड्राफ्ट तथा ट्रष्ट रिसिप्ट कर्जा**	**२) प्रदिप सिंह** ना.प्र.नं. १५२ जारी मिति २०४४/०४/०३ जि.प्र.का. काठमाडौं बाबुको नाम : पुरुषोत्तम नारायण सिंह बाजेको नाम : बेखा नारायण सिंह स्थायी ठेगाना : लगनटोल - २१, काठमाडौं **कर्जाको शिर्षक : घर कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

श्रीमती सुश्री सुधिरा श्रेष्ठ
ना.प्र.नं. ४५३९० मिति २०४६/०४/१६ जि.प्रा.का ललितपुर
बाबुको नाम : लक्ष्मी राज श्रेष्ठ
पतिको नाम : प्रदिप सिंहत
ससुराको नाम : पुरुषोत्तम नारायण सिंह
स्थायी ठेगाना : ललितपुर म.न.पा. - १४ ललितपुर

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

मानव संसाधन विकास योजना बनाउँदै सरकार

काम र अध्ययनका लागि बिदेसिनेको संख्या उच्चदरमा बढ्न थालेपछि सरकारले मानव संसाधन विकास योजना बनाउन थालेको हो

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले देशभित्रै अध्ययन र रोजगारीको अवसर दिन मानव संसाधन विकास योजना बनाइने भएको छ। रोजगारी र अध्ययन गर्न बिदेसिनेको संख्या उच्चदरमा बढ्न थालेपछि त्यसलाई न्यूनीकरण गर्न सरकारले योजना बनाउने भएको हो।

राष्ट्रिय योजना आयोगले उपलब्ध जनशक्ति, रोजगारको माग, रोजगारदाताको माग, श्रम बजारमा थपिने जनसंख्या, त्यसको खपतको अवस्थालगायत विविध विषयमा अध्ययन गरिरहेको छ। मुख्य गरी रोजगारदाताले खोजेजस्तो जनशक्ति नपाउने र जनशक्तिले आफूअनुकूल रोजगारी (काम) नपाउने अवस्था किन आइरहेको छ भनेर अध्ययन भइरहेको आयोगका सदस्य डा. रामकुमार फुँयालले बताए।

प्रधानमन्त्री नेतृत्वको राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)को हालै सम्पन्न बैठकले मानव संसाधन विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने निर्णय गरेको हो। एनडेकले तीन महिनाभित्र योजना तर्जुमा गरी पेस गर्न राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा समिति गठन गर्ने निर्णयसमेत गरेको छ।



राष्ट्रिय एकीकृत रोजगार प्रणाली खडा गर्दै छौं

● **डा. रामकुमार फुँयाल**, सदस्य, राष्ट्रिय योजना आयोग

देशलाई कति र कस्ता जनशक्ति चाहिने हो ? रोजगारदाताले कस्ता जनशक्ति चाहेका छन् ? अनि जनशक्तिले आफूअनुकूल किन काम पाइरहेका छैनन् ? यस्ता थुप्रै विषयमा अध्ययन गर्नुपर्नेछ। जनगणना र श्रम सर्वेक्षणले मात्रै सबै तथ्य दिँदो रहेनछ। त्यसैले जनसंख्याको फ्रेमवर्कभित्र काम, क्षमता, अवसर र श्रमबजारको विश्लेषण गर्नसमेत आवश्यक छ। युवाहरू काम पाइएन भनेर विदेश जाने अनि उद्योग एवं व्यावसायिक प्रतिष्ठानले जनशक्ति पाइएन भनेर चिन्ता गर्ने अवस्था देखिएको छ। यस्ता विविध आयामको अध्ययन र विश्लेषण गरेर मानव संसाधन विकास योजना बनाउने भनेर हामी लागेका छौं। राष्ट्रिय एकीकृत रोजगार प्रणालीको संरचना बनाएको छ। सुरुमा अध्ययन गर्नेछौं र त्यसपछि योजना बनाएर अघि बढ्नेछौं। संविधानले दिएको रोजगारको मौलिक हकको प्रत्याभूति दिलाउनेछौं।

'मुलुकमा बर्सेनि उपलब्ध जनशक्तिको व्यवस्थापन गर्न, वैदेशिक रोजगारीमा जाने जनशक्तिलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न, वैदेशिक अध्ययनमा जाने विद्यार्थीको संख्या बढ्दै गएकाले देशभित्रै अध्ययन एवं रोजगारीको अवसर उपलब्ध गराउन कार्यान्वयनयोग्य मानव संसाधन विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन एक समिति गठन गरिनेछ,' एनडेकको निर्णयमा उल्लेख छ, 'समितिले यस सम्बन्धमा भएका यसअघिका प्रतिवेदनसमेतका आधारमा थप अध्ययन गर्नुपर्ने भए सोसमेत गरी समग्र मानव संसाधन विकास योजना तयार गरी तीन महिनाभित्र पेस गर्नुपर्नेछ।'

पछिल्ला दुई आर्थिक वर्षमा मात्रै वैदेशिक रोजगार, अध्ययनलगायतका नाममा २५ लाख हाराहारी नेपाली बिदेसिएको अनुमान गरिएको छ। खासगरी सक्रिय जनसंख्या यसरी बिदेसिँदा स्वदेशमा माग घटेर आन्तरिक अर्थतन्त्रमै समस्या सिर्जना भएको विश्लेषणसमेत गरिएको छ। 'एकातिर युवाहरू अवसर नपाएको भन्दै बिदेसिएका छन् भने अर्कातिर हाम्रा उद्योग व्यवसाय प्रतिष्ठानले जनशक्ति पाएनौं भनिरहेका छन्, यहाँ ठूलो ग्याप दिएको छ,' फुँयालले भने, 'यो ग्याप चिर्ने गरी मानव संसाधन विकास गर्नुपर्नेछ, त्यसका लागि अध्ययन थालिएको हो।'

बिदेसिनेको ग्राफ उच्च वृद्धि

पछिल्लो दुई वर्षमा मात्रै वैदेशिक रोजगारीका लागि १४ लाख युवा बिदेसिएका छन्। वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार यस अवधिमा १२ लाख ८० हजार एक सय ६२ पुरुष र एक लाख २१ हजार दुई सय ६२ महिला विदेश भासिएका छन्। नेपालमा रोजगारीको अवसर नभएकै कारण बाध्य भएर युवाशक्ति विदेश पलायन हुनेक्रम बढेको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए।

आर्थिक वर्ष ०७९/८० मा मात्रै एक लाख १० हजार विद्यार्थी अध्ययनका लागि बिदेसिएका छन्। यस आवमा अध्ययनका लागि मात्रै एक खर्ब ४२ करोड बाहिरिएको छ, जुन अघिल्लो आवको भन्दा झन्डै दोब्बरले बढी हो। अघिल्लो आव ०७८/७९ मा अध्ययनका लागि ६७ अर्ब ७० करोड रुपैयाँ बाहिरिएको थियो।

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	**रमेश पाण्डे (क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ६ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१, शंखमुल बाबु : हिमलाल पाण्डे बाजे : थानेश्वर पाण्डे	**सविता पराजुली** स्थायी ठेगाना : रुपन्देही जिल्ला, केराबारी गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१, शंखमुल बाबु : डोलराज पराजुली ससुरा : हिमलाल पाण्डे पति : रमेश पाण्डे
	धितोको विवरण	
	डोलराज पराजुलीकी छोरी, हिमलाल पाण्डेकी बुहारी, रमेश पाण्डेकी पत्नी, रुपन्देही जिल्ला, केराबारी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१, शंखमुल बस्ने सविता पराजुलीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर म. गा.वि.स. वडा नं. ५ (हाल : चन्द्रपुर न.पा. वडा नं. ०८) स्थित कित्ता नं. १५४६ को क्षेत्रफल ०-१२-०-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।	

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
२)	**मो. अब्दुल गफुर राईन (क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : सिरहा जिल्ला, सीतापुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७ बाबु : फौदार मियाँ बाजे : पलट मियाँ	**वसीमा खातुन** स्थायी ठेगाना : सिरहा जिल्ला, सीतापुर प्र. ध. गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७ बाबु : दाहु मियाँ ससुरा : फौदार मियाँ पति : मो. अब्दुल गफुर राईन
	धितोको विवरण	
	सवारी मोडल : Jeep Compass Longitude "O" | च्यासिस नं. : MCAAJPBY3JFA33018*5J | ईन्जिन नं. : 4022459 सवारी दर्ता नं. : बा २० च ७११४	

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
३)	१) नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग (वाणिज्य व्यवसाय व्यवसथापा तथा नियमन शाखा) प्रा.फ.र.नं १४७७७७/०७५/७६, समुन्द्रपार आयात निर्यात अन्तर्गत मिति: २०७६/२/०६ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं २४ स्थित **मिरर इन्टरनेशनल** **प्रोप्राइटर तथा जमानिकर्ता : कल्याणी श्रेष्ठ**	१) नर बहादुर श्रेष्ठको नाती, गणेश बहादुर श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. २२ बस्ने नारायण प्रकाश श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, सितापाईला गा.वि.स वडा नं. १ (हाल नागार्जुन न.पा वडा नं. ४) स्थित कित्ता नं. ३१२ र ३१५ को क्षेत्रफल क्रमश: ९१.३५ र ७०८.३३ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) नर बहादुर श्रेष्ठको नाती, गणेश बहादुर श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. २२ बस्ने नारायण प्रकाश श्रेष्ठको नाममा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.३ स्थित कित्ता नं. २९३, को क्षेत्रफल ११५.७३ (ब.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३)मिरर इन्टरनेशनलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताको विवरण

१) नारायण प्रकाश श्रेष्ठ ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२२ बाजे : नर बहादुर श्रेष्ठ बाबु : गणेश बहादुर श्रेष्ठ	**२) सुधिर श्रेष्ठ** ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२४ बाजे : गणेश बहादुर श्रेष्ठ बाबु : नारायण प्रकाश श्रेष्ठ	**३) युधिर श्रेष्ठ** ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२४ बाजे : गणेश बहादुर श्रेष्ठ बाबु : नारायण प्रकाश श्रेष्ठ	**४) कल्याणी श्रेष्ठ** ठेगाना : काठमाण्डौ जिल्ला, का.म.पा. वडा नं. २४ बाबु : डम्ब बहादुर श्रेष्ठ ससुरा : गणेश बहादुर श्रेष्ठ पति : नारायण प्रकाश श्रेष्ठ

ऋणीको विवरण	धितोको विवरण
२) नारायण प्रकाश श्रेष्ठ ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२२ बाजे : नर बहादुर श्रेष्ठ बाबु : गणेश बहादुर श्रेष्ठ	नर बहादुर श्रेष्ठको नाती, गणेश बहादुर श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. २२ बस्ने नारायण प्रकाश श्रेष्ठको नाममा भूमिसुधा तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.३ स्थित कित्ता नं. २९३, को क्षेत्रफल ११५.७३ (ब.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताको विवरण

१) कल्याणी श्रेष्ठ ठेगाना : काठमाण्डौ जिल्ला, का.म.पा. वडा नं. २४ बाबु : डम्ब बहादुर श्रेष्ठ ससुरा : गणेश बहादुर श्रेष्ठ पति : नारायण प्रकाश श्रेष्ठ	**२) सुधिर श्रेष्ठ** ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२४ बाजे : गणेश बहादुर श्रेष्ठ बाबु : नारायण प्रकाश श्रेष्ठ	**३) युधिर श्रेष्ठ** ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२४ बाजे : गणेश बहादुर श्रेष्ठ बाबु : नारायण प्रकाश श्रेष्ठ

ऋणीको विवरण	धितोको विवरण
३) सुधिर श्रेष्ठ ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२४ बाजे : नर बहादुर श्रेष्ठ बाबु : गणेश बहादुर श्रेष्ठ	नर बहादुर श्रेष्ठको नाती, गणेश बहादुर श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. २२ बस्ने नारायण प्रकाश श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, सितापाईला गा.वि.स वडा नं. १ (हाल नागार्जुन न.पा वडा नं. ४) स्थित कित्ता नं. ३१२ र ३१५, को क्षेत्रफल ९१.३५ र ७०८.३३ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताको विवरण

१) कल्याणी श्रेष्ठ ठेगाना : काठमाण्डौ जिल्ला, का.म.पा. वडा नं. २४ बाबु : डम्ब बहादुर श्रेष्ठ ससुरा : गणेश बहादुर श्रेष्ठ पति : नारायण प्रकाश श्रेष्ठ	**२) नारायण प्रकाश श्रेष्ठ** ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२२ बाजे : नर बहादुर श्रेष्ठ बाबु : गणेश बहादुर श्रेष्ठ	**३) युधिर श्रेष्ठ** ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२४ बाजे : गणेश बहादुर श्रेष्ठ बाबु : नारायण प्रकाश श्रेष्ठ

ऋणीको विवरण	जमानीकर्ताको विवरण
४) सिल्पा प्रधान हालको ठेगाना : काठमाण्डौ जिल्ला, खड्गभद्रकाली गा.वि.स वडा नं.६ स्थायी ठेगाना : काठमाण्डौ जिल्ला, का.म.पा. वडा नं. २४ बाबु : सुनिल कुमार प्रधान ससुरा : नारायण प्रकाश श्रेष्ठ पति : सुधिर श्रेष्ठ	**सुधिर श्रेष्ठ** ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२४ बाजे : नर बहादुर श्रेष्ठ बाबु : गणेश बहादुर श्रेष्ठ
५) देवी रन्जितकार ठेगाना ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं.११ बाबु : कृष्ण कुमार रन्जितकार ससुरा : नारायण प्रकाश श्रेष्ठ पति : युधिर श्रेष्ठ	**युधिर श्रेष्ठ** ठेगाना ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२४ बाजे : गणेश बहादुर श्रेष्ठ बाबु : नारायण प्रकाश श्रेष्ठ

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
४)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, गौर नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा, गौर, रौतहटमा प्रा.फ.नं. ५७११/२४७/६ कटहरीया अन्तर्गत मिति २०७४/०८/२५ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा औद्योगिक व्यवसाय ऐन २०७३ को दफा १५(१) ग र सोही ऐन दफा २ ग अनुसार साना अन्तर्गत दर्ता भएको रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ८ (हाल कटहरीया न.पा. वडा नं. ७) स्थित **बिटु पोल्ट्री फार्म** **प्रोप्राईटर तथा जमानीकर्ता : रामसिंह राय यादव**	१) जगदिश राय यादवकी छोरी, भागवत राय यादवकी बुहारी, किशोरी राय यादवकी पत्नी रौतहट जिल्ला, पिपरीया दो. गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ७ बस्ने शुशिला देवीको नाममा मालपोत कार्यालय गारुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ८ ख (हाल कटहरीया न.पा. वडा नं. ७) स्थित कित्ता नं. ७५१, ७५० र १५८ को क्षेत्रफल क्रमश : ०-०-१९, ०-१२-१७½ र ०-०-८ (विगाह) को जग्गा र बगाही गा.वि.स. वडा नं. ८ क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२४ र १०४७ को क्षेत्रफल क्रमश : ०-१-० र ०-३-१५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) बिटु पोल्ट्री फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) रामसिंह राय यादव स्थायी ठेगाना : रौतहट जिल्ला, पिपरीया दो. गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ७ बाबु : किशोरी राय यादव बाजे : भागवत राय यादव	**२) शुशिला देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, पिपरीया दो. गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ७ बाबु : जगदिश राय यादव ससुरा : भागवत राय यादव पति : किशोरी राय यादव	**३) सरिता यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, पिपरीया दो. गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ७ बाबु : राजकिशोर प्रसाद यादव ससुरा : किशोरी राय यादव पति : रामसिंह राय यादव

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तालाई चेम्बरको आग्रह

नयाँ पत्रिका



नेपाल चेम्बर अफ कमर्सले नेपालमा लगानी बढाउन चिनियाँ निजी क्षेत्रलाई आग्रह गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमणअघि चेम्बरले चिनियाँ निजी क्षेत्रसँग दुई पक्षीय आर्थिक एवं व्यापारिक सम्बन्धबारे छलफलमा उक्त आग्रह गरेको हो।

जमलको चेम्बर भवनमा आयोजित कार्यक्रममा अध्यक्ष राजेन्द्र मल्लले नेपालको जलविद्युत्, कृषि, सूचना प्रविधि, पूर्वाधार विकासलगायतका क्षेत्रमा लगानी गर्न चिनियाँ निजी क्षेत्रलाई आग्रह गरेका थिए। अध्यक्ष मल्लले भने, 'नेपाल-चीनबीचको सम्बन्ध कूटनीतिक र आर्थिक दृष्टिकोणले निकै महत्त्वपूर्ण छ। पछिल्लो समय चिनियाँ लगानी आउने क्रम पनि उच्च छ, खासगरी उत्पादन वृद्धि, रोजगारी सिर्जना गर्ने महत्त्वपूर्ण परियोजनामा लगानीका लागि आग्रह गर्दछु।'

लगानीका लागि हुने नीतिगत कठिनाइ अन्त्यका लागि सरोकारवाला सरकारी निकायमा नेपाल चेम्बर अफ कमर्सले पहल गर्ने अध्यक्ष मल्लले बताए। नेपाल-चीनबीचको व्यापार सम्झौतालाई समयसापेक्ष पुनरावलोकन गरेर व्यापार सहजीकरण गर्नुपर्नेमा उनले जोड दिए। नेपाल-चीनबीच यसअघि भएको पारवहन सम्झौताको प्रभावकारी कार्यान्वयन एवं उत्तरी छिमेकीसँगको सीमामा सुविधासम्पन्न सडक पूर्वाधार निर्माण गर्नुपर्ने उनको भनाइ थियो। अध्यक्ष मल्लले भने, 'चीनसँगको सीमामा सुविधासम्पन्न सडक पूर्वाधार निर्माण गरेर तातोपानी, केरुङजस्ता भन्सार नाकाहरूमा स्तरोन्नति गरिनुपर्छ।'

उनले भन्सार नाकाहरूमा अन्तराष्ट्रियस्तरको क्वारेन्टिन ल्याब राखेर नेपालको निर्यात वृद्धि गर्नुपर्नेमा जोड दिए। नेपालबाट चीनमा वार्षिक दुई खर्ब रुपैयाँ हाराहारीमा निर्यात सम्भावना रहेको विभिन्न अध्ययनले देखाएको भन्दै त्यसको लाभ लिनुपर्ने उनको भनाइ थियो।

प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा दुई देशबीच व्यापार सहजीकरण गर्ने विषयलाई उच्च प्राथमिकतामा राख्ने गरी चेम्बरले सुझावसमेत दिएको जनाइएको छ। चेम्बरसँगको छलफलका क्रममा चिनियाँ निजी क्षेत्रका उच्चस्तरीय प्रतिनिधिले नेपालमा लगानीका लागि भइरहेको नीतिगत कठिनाइबारे जिज्ञासा राखेका थिए। दुई मुलुकबीच आर्थिक र कूटनीतिक सम्बन्ध उच्चस्तरीय रहेको उनीहरूको भनाइ छ। हेन इनको नेतृत्वमा चिनियाँ निजी क्षेत्रको उच्चस्तरीय टोली नेपाल भ्रमणमा आएको छ।

टिभिएस नेपालको 'हरमोडमा उमंग' योजना

काठमाडौं/ नेपालका लागि टिभिएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले आउँदै गरेको चाडपर्वका लागि 'हरमोडमा उमंग' नामको योजना सार्वजनिक गरेको छ। कम्पनीले टिभिएसको मोटरसाइकल र स्कुटर खरिद गर्दा १० लाख रुपैयाँसम्म जित्ने मौका प्राप्त गर्न सक्ने योजना ल्याएको हो।

देशभर सीमित समयावधिका लागि सञ्चालन गरिएको योजनामा मोटरसाइकल वा स्कुटर नकिन्दै पनि एक लाख रुपैयाँ जित्न सक्ने तथा खरिद गरेपछि १० लाख रुपैयाँसम्म जित्ने मौका रहेको कम्पनीले जनाएको छ। हरेक महिना शतप्रतिशत क्यासब्याक जित्ने अवसर पनि योजनामा रहेको तथा १० लाख रुपैयाँको पुरस्कार भने बम्पर पुरस्कारका रूपमा रहेको जनाइएको छ।

साथै, कम्पनीले एक्चेन्जमा १० हजार रुपैयाँसम्म थप भ्यालुएसन तथा शून्य प्रतिशत ब्याजदर र २५ प्रतिशत डाउनपेमेन्टमा बाइक तथा स्कुटर घर लैजान सकिने सुविधा पनि दिएको जनाएको छ। त्यसैगरी, जीवनभरका लागि वारेन्टी सुविधा पनि दिइने कम्पनीले बताएको छ। विजेताहरूको घोषणा महिनाको पहिलो मंगलबार लक्की ड्रमार्फत साँझ पाँच बजे जगदम्बा मोटर्सको आधिकारिक फेसबुक पेजमा प्रत्यक्ष प्रसारण गरिने कम्पनीले जनाएको छ। जगदम्बा मोटर्सले देशभरमा एक सय ४० भन्दा बढी डिलरमार्फत बलियो बिक्री तथा बिक्रीपछिको सेवा प्रदान गरिरहेको जनाएको छ।

लक्ष्मी भ्यालु फन्ड २ नेप्सेमा सूचीकृत

काठमाडौं/ लक्ष्मी भ्यालु फन्ड २ को एकाइ नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत भएको छ। फन्डको आठ करोड एकाइ नेप्सेमा सूचीकृत भएको हो।

लक्ष्मी म्युचुअल फन्डअन्तर्गत सञ्चालन हुने यस फन्डले गत पाँच साउनदेखि १९ साउनसम्म सर्वसाधारणका लागि प्रतिएकाइ १० रुपैयाँका दरले निष्कासन तथा बिक्री खुला गरेको थियो। नेप्सेमा एलभिएफ आइआई नामबाट फन्डको एकाइ ३१ भदौदेखि दोस्रो बजारमा कारोबार हुने जनाइएको छ। कोष प्रवर्द्धक लक्ष्मी सनराइज बैंक लिमिटेड रहेको यस फन्डको योजना व्यवस्थापक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड रहेको उल्लेख छ।

नेपालगन्जमा आयसरको ग्राहक भेला



काठमाडौं/ आयसर ३०१५ जे एचएसडी ग्राहक भेटघाट कार्यक्रम नेपालगन्जमा सम्पन्न भएको छ। कम्पनीले ५० जनाभन्दा बढी ग्राहकको सहभागितामा उनीहरूले उक्त मोडेलका गाडीका फिचर र सकारात्मक पक्षबारे प्रतिक्रिया लिन भेलाको आयोजना गरिएको हो।

भेलाका सहभागीमार्फत गाडीको इन्जिनको क्षमता, माइलेज र सुरक्षा सुविधाका स्तरजस्ता प्रभावकारी फिचरबारे जान्न पाएको नेपालका लागि आधिकारिक वितरक बतास एमएडब्लूले जनाएको छ। कम्पनीका प्रडक्ट म्यानेजर ठाकुरकुमार गाहले नेपालगन्जका ग्राहकको सकारात्मक प्रतिक्रियाबाट उत्साहित भएको बताए। यसले आयसरका उत्पादनप्रतिको विश्वास झल्काएको उनको भनाइ थियो।

प्रिमियम नेक्स्ट जेनेरेसन लेबल उत्पादन रहेको उक्त मोडेलको गाडीबाट तुलात्मक रूपमा ५ देखि ८ प्रतिशत अतिरिक्त माइलेज पाउनुका साथै लामो यात्रामा रेस्टका लागि गाडी भित्रिन सिल्पर क्याबिन रहेको उनले जानकारी दिए। साथै, यो गाडीले २७ प्रतिशत उकालोमा १०.३ टन भार सहजै बहन गर्न सक्ने उनको भनाइ छ।

भाटभटेनीमा मञ्जुश्रीको छुट अफर

काठमाडौं/ मञ्जुश्री फाइनान्स लिमिटेड र भाटभटेनी सुपर मार्केटको सहकार्यमा बुबाको मुख हेर्ने दिन, हरितालिका तिज र संविधान दिवसको पावन अवसर पारेर असोज ३ गतेसम्मका लागि विशेष छुट अफर सुरु भएको छ।

भाटभटेनी सुपर मार्केटमा एक हजारभन्दा माथिको बिल भुक्तानी गर्दा मञ्जुश्रीको मोबाइल बैंकिङ एपमार्फत बिल भुक्तानी गरेमा एक सय ५० देखि तीन सय ५० रुपैयाँसम्म छुट पाउने अफर सुरु भएको हो। यो सुविधा उपयोग गरी सबै ग्राहक लाभान्वित हुने फाइनान्सले विश्वास लिएको छ। हाल फाइनान्सले नयाँ बानेश्वरको केन्द्रीय कार्यालयसहित २६ शाखामार्फत नेपालका प्रमुख सहरमा सेवा पुऱ्याउँदै आएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय ट्राफिक चोक, बुटवलको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०५/२९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय ट्राफिक चोक, बुटवलबाट तपसीलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा तथा सोमा लाग्ने ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखदिएको तपसीलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परीमाणमा बिक्री गर्न १५ दिने लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन: लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात मिति २०८० असोज ०५ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायको शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ।

तपसील

ऋणीको विवरण:
नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग, वाणिज्य कार्यालय भैरहवा, रुपन्देहीमा रजिष्ट्रेसन ऐन २०१४ अन्तर्गत मिति २०६९/०५/२६ मा प्र.फा.र.नं. २९१२६/०६९ कायम भई करदाता सेवा कार्यालय भैरहवाबाट मिति २०६९/०५/२६ मा स्थायी लेखा नम्बर नं. ३०५४६८८२८ भएको ॐ **शान्ती ट्रेडर्स** (प्रोप्राईटर हरिचरन यादवको बुहारी, महेन्द्र यादवको पत्नी रुपन्देही जिल्ला, पोखरभिन्डी न.पा./गा.पा. वडा नं. ३ बस्ने **विन्दु यादव**, ना.प्र.प.नं. १७०१०, जारी मिति २०५८/१२/२२, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।

व्यक्तिगत जमानीकर्ताको विवरण:
१. हरिचरन यादवको छोरा, विन्दु यादवको पति रुपन्देही जिल्ला, पोखरभिन्डी न.पा./गा.पा. वडा नं. ०३ बस्ने **महेन्द्र यादव** (ना.प्र.प.नं. २३९३८, जारी मिति २०४९/०५/१२, जिल्ला प्रशासन कार्यालय रुपन्देही।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **विन्दु यादव**को नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९/घ स्थित कि.नं. ६१५ को क्षेत्रफल ०-८-६ (बि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगालगायत समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सात) दिन अर्थात २०८० असोज ०४ गते** भित्र बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लि.को शाखा कार्यालय ट्राफिक चोक, बुटवलबाट रु.५००/तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफूले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षर मा लेखिएको हुनुपर्नेछ र आफूले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि. मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो वाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात मिति २०८० असोज ०५ गते १२:०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा बोलपत्र खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिने छ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बांकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखीएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ।

बोलपत्र खोलिने मिति २०८० असोज ०५ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय ट्राफिक चोक, बुटवल फोन नं. ०७१-५३६६३०

सिटिजन्स बैंकका ग्राहकलाई अपोलो हस्पिटलमा छुट



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका ग्राहकले भारतको अपोलो हस्पिटलस इन्टरप्राइजेज लिमिटेडअन्तर्गतका अस्पतालहरूमा उपचार गर्दा छुट पाउने भएका छन्। बैंकका ग्राहकलाई छुट दिने सम्बन्धमा बैंक र अपोलोबीच समझदारी भएको हो।

समझदारीअनुसार बैंकका कार्डवाहक ग्राहकलाई अस्पतालको सेवा शुल्कमा १० प्रतिशतसम्म छुट दिने जनाइएको छ। यो छुट सुविधा अपोलो हस्पिटल्स इन्टरप्राइजेजको भारतका विभिन्न नौ स्थानमा रहेका हस्पिटलका नेटवर्कमा लागू हुने उल्लेख छ। समझदारीपत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल तथा अपोलोका इन्टरनेसनल बिजनेसतर्फका भाइस प्रेसिडेन्ट डा. कात्तिक अनन्थरामनले हस्ताक्षर गरेको बैंकले जनाएको छ।

सिटिजन्स बैंकको भारतमा रहेका हस्पिटल्सहरूसँगको यो दोस्रो सम्झौता हो। यसअघि बैंकले भारतको मेदान्त-द मेडिसिटी अस्पतालसँग बैंकका कार्डवाहक ग्राहकलाई अस्पतालको सेवा शुल्कमा १५ प्रतिशतसम्म छुट दिनेसम्बन्धी समझदारी गरिसकेको जनाएको छ।

बैंकले हाल देशभरमा एक सय ८८ शाखा, एक सय ४८ एटिएम र ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

राष्ट्रिय ध्वजावाहक...

पृष्ठ १ बाट क्रमशः

स्रोतको भनाइ छ। यसबाहेक इन्जिन मर्मत, दोहामा ग्राउन्डेड हुँदा पार्किङ शुल्क र इन्जिनको भाडा शुल्क गरेर निगमले एक अर्ब ५२ करोड खर्च गरेको छ। निगम स्रोतका अनुसार ९० दिनका लागि भनेर इजरायलको एमटियू कम्पनीबाट ल्याएको इन्जिन पाँच सय ४३ दिन राख्दा भाडाबापत मात्रै ३४ करोड ८६ लाख तिर्नुपरेको छ। एकेडब्लू जहाजका दुईवटा इन्जिन मर्मत गर्दा एक अर्ब १६ करोड खर्च भएको छ। त्यस्तै, एकेडब्लू दोहामा करिब ७० दिन ग्राउन्डेड हुँदा पार्किङ शुल्क ९२ लाख तिर्नुपरेको छ।

कलसाइन ९एन-एकेडब्लु जहाज दोहामा ग्राउन्डेड हुँदा बायाँ इन्जिन र काठमाडौंमा ग्राउन्डेड हुँदा दायाँ इन्जिन मर्मत गर्नुपरेको थियो। अहिले फेरि एकेएक्स जहाज इन्जिनमै समस्या आएर ग्राउन्डेड छ। भाडामा इन्जिन ल्याउन र इन्जिन मर्मत गर्न भर्खरै एमआरओ छनोट गरिएको छ।

निगमले रोल्स रोयस कम्पनीसँग सन् २०१८ देखि इन्जिन हेल्थ मोनिटरिङ (इएचएम) सर्भिस लिइरहेको छ। हरेक महिना जहाजको इन्जिनका डाटाहरू इएचएममा पठाउने गरिन्छ। इएचएमका डाटा रोल्स रोयसले अध्ययन गरेर निगमलाई प्रतिवेदन पठाउँछ। यदि कुनै इन्जिनमा समस्या आउँदै छ भने निगमलाई ५-६ महिनाअघि नै सूचना प्राप्त हुने गरेको स्रोत बताउँछ। 'जहाजको इन्जिन बिग्रिन लागेको सूचना व्यवस्थापनलाई पहिल्यै थाहा भइसकेको हुन्छ,' स्रोतले भन्यो, 'इएचएमले इन्जिनमा समस्या आउँदै छ, यति समयमा मर्मत गर्नुपर्ने हुन्छ भनेर दिएको रिपोर्टलाई बेवास्ता गर्दै इन्जिनको जोहो नगरेर निगमलाई अर्बौंको घाटा गराइयो।'

स्रोतका अनुसार यो सेवा प्रयोग गरेबापत निगमले रोल्स रोयसलाई वार्षिक १६ लाख रुपैयाँ भाडा तिर्दै आएको छ। इएचएमको रिपोर्ट हेरेर पहिल्यै इन्जिन मर्मत गर्ने एमआरओ र इन्जिन भाडामा लिने कम्पनी छनोट प्रक्रिया अगाडि बढाइएको भए तत्कालै इन्जिन मर्मतमा पठाएर भाडाको इन्जिन ल्याएर जहाज उडान गर्न सकिन्थ्यो। यो काम हप्ता-दश दिनमै फत्ते हुन्थ्यो।

तर, निगम व्यवस्थापनले इन्जिन बिग्रिएर ग्राउन्डेड भएका जहाज समयमै मर्मत गरेर उडाउन चासो दिने गरेको छैन। इन्जिन मर्मतका लागि एमआरओ तथा इन्जिन लिजमा लिने कम्पनी छनोट प्रक्रियामा ढिलाइ गरेर व्यवस्थापन 'कमिसन'को खेलमा लाग्ने गरेको निगमकै कर्मचारी संघको आरोप छ। यस विषयमा पटक-पटक मौखिक तथा लिखित रूपमा ध्यानाकर्षण गराउँदा पनि बेवास्ता गरिएको नेपाल वायुसेवा निगम कर्मचारी संघले १० भदौमा कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ।

निगम प्रवक्ता रमेश पौडेलले इन्जिन रिपेयर तथा इन्जिन लिजमा लिन छनोट गरेर सम्झौता भइसकेको हुँदा ग्राउन्डेड जहाज छिट्टै उड्ने बताए। 'इन्जिन मर्मत तथा भाडामा लिनका लागि कम्पनी छनोट भएर सम्झौता भइसकेको छ। अहिले हामीले कम्पनीसँग मेन्टेनेन्स स्लट कुरेर बसेका छौं। त्यो कन्फर्म भइसकेको छैन,' उनले भने, 'विश्वमै जहाज मर्मत गर्ने एमआरओ थोरै छन्। त्यही भएर जहाज मर्मतका लागि स्लट पाउन समय लाग्छ। त्यहाँ क्यु लाग्नुपर्छ। स्लट नपाएर ढिलाइ भएको हो। अबको चार-पाँच दिनमा जहाज इजरायल जान्छ। बिग्रिएको इन्जिन मर्मत गर्न दिएर भाडाको इन्जिन राखेर उडान सुरु गर्छौं। इन्जिन फेर्न अर्को चार-पाँच दिन लाग्ला। सेप्टेम्बर पहिलो सातामै जहाज उडाउने भनिए पनि स्लट नपाउँदा समस्या आएको हो।' निगमले एकेएक्सको इन्जिन मर्मत तथा लिजमा लिनका लागि इजरायलको एरोस्पेस इन्डस्ट्रिज (आइएआई)सँग सम्झौता गरेको छ।

निगमसँग न्यारोबडी र वाइडबडी दुवैको जगेडा इन्जिन छैन। विज्ञहरूका अनुसार निगम व्यवस्थापनले दीर्घकालीन सोच राखेर लामो समयका लागि एमआरओ नियुक्त गरेर राख्नुपर्थ्यो। ता कि ग्राउन्डेड हुनेबित्तिकै इन्जिन ल्याएर जहाज उडाउन र तत्कालै इन्जिन मर्मत गर्न दिन सकियोस्। तर, कमिसनको खेलका कारण समस्या आउनुअघि नै इन्जिन मर्मत तथा भाडामा लिन कम्पनी नियुक्तसमेत गरिँदैन। जहाज ग्राउन्डेड भएपछि पनि सार्वजनिक खरिद ऐनलाई देखाएर इन्जिन मर्मत तथा भाडामा लिने प्रक्रिया सुरु गर्न ढिलाइ गरिन्छ। जब कि नेतृत्वलाई तत्कालै प्रक्रिया अगाडि बढाएर छोटो अवधिका लागि इन्जिन भाडामा ल्याउन पाउने सुविधा रहेको स्रोत बताउँछ। लामो समयसम्म जहाज ग्राउन्डेड हुँदा निगमको उडान तालिकासमेत अस्तव्यस्त हुने गरेको छ। अहिले एकेएक्स ग्राउन्डेड हुँदा व्यस्त गन्तव्य काठमाडौं-दिल्ली सेक्टरको उडानसमेत कटौती गर्नुपरेको स्रोतको भनाइ छ। छोटो दूरी र कम यात्रु भएको ठाउँमा पनि दुई सय ७४ सिटको वाइडबडी उडाउनुपरेको छ।

१३ पुस ०७८ (२८ डिसेम्बर २०२१) मा एकेडब्लू जहाजको बायाँ इन्जिनमा समस्या देखिएर दोहामा ग्राउन्डेड भएपछि १९ फागुन ०७८ (३ मार्च २०२२) मा इजरायली कम्पनी एमटियूसँग ९० दिनका लागि प्रतिदिन दुई हजार डलर, प्रतिसाइकल दुई सय ३९ डलर र प्रतिघन्टा दुई सय ७६ डलर भाडा तिरेर इन्जिन लिने तय भएको थियो। तर, त्यो इन्जिन बन्न नै नौ महिना लाग्यो। ६ मार्चमा भाडाको इन्जिन राख्न इजरायल गएको एकेडब्लूले १२ मार्चदेखि नियमित उडान सुरु गरेको थियो। उता इजरायली कम्पनी आइएआईले इन्जिन बनाउन नै नौ महिना लगायो। त्यतिन्जेल दायाँ इन्जिनमा पनि समस्या आएर सो जहाज फेरि काठमाडौंमा ग्राउन्डेड भइसकेको थियो। उडान नभए पनि ५३ दिन भाडाको इन्जिन राखेर जहाज थन्कियो। आइएआईले मर्मत गरेको इन्जिन जडान गरेर ६२ दिनपछि मात्रै जहाजले व्यावसायिक उडान गर्न सक्यो।

जर्मनीको लुफ्थान्सा कम्पनीले दायाँ इन्जिन ८ अगस्टमा मर्मत गरेपछि एमटियूको भाडाको इन्जिन कतारमा झारेर एकेडब्लू जहाज आफ्नै इन्जिनबाट उड्न थाल्यो। तर, ३० अगस्टमा मात्रै एमटियूसँग भाडाको इन्जिनको सम्झौता खारेज गरियो। जब कि त्यसअघि नै १६ जुलाई (३१ असार)मै अर्को न्यारोबडी एकेएक्स इन्जिनमै समस्या आएर ग्राउन्डेड भइसकेको थियो।

एकेएक्स ग्राउन्डेड भएपछि निगम सञ्चालक समिति र कर्मचारी संघले कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई एकेएक्सको इन्जिन मर्मत र इन्जिन भाडामा लिने प्रक्रिया चाँडो थाल्न सुझाव दिएका थिए। इन्जिन मर्मत नहुन्जेल एमटियूको इन्जिन एकेएक्समा राखेर उडान सुरु गर्न पनि उनीहरूको सुझाव थियो। एकेडब्लू र एकेएक्समा एउटै इन्जिन प्रयोग हुन्छ। तर, कार्यकारी अध्यक्ष अधिकारीले वास्तै गरेनन्।

स्रोतले भन्यो, '९० दिनलाई भनेर ल्याएको इन्जिन करिब १८ महिनासम्म राखियो भने अझै तीन महिना समय थपेर सोही इन्जिनलाई एकेएक्समा प्रयोग गरौं भनेर सुझाव दिँदा नेतृत्वले अटेर गऱ्यो।' र, एकेएक्सको इन्जिन मर्मत र अर्को इन्जिन भाडामा लिन प्रक्रिया अगाडि बढाइयो। ८ अगस्टमा भाडाको इन्जिन दोहामा झारिएको भए पनि ३० अगस्टमा मात्र इजरायली कम्पनी एमटियूसँग सम्झौता खारेज गरिएको थियो। 'यसबाट एकातिर दैनिक दुई हजार पाँच सय डलरका दरले २३ दिनको भाडा तिरेर दोहामा त्यत्तिकै इन्जिन थन्क्याइयो, अर्कोतिर इन्जिन नहुँदा एकेएक्स जहाज त्रिभुवन विमानस्थलमा थन्किँदा उडान तालिका नै अस्तव्यस्त भइरहेको छ,' स्रोतले भन्यो। अहिले फेरि निगमले एकेएक्सका लागि इजरायलकै आइएआई कम्पनीसँग नै इन्जिन भाडामा लिने र इन्जिन मर्मत गर्न चार वर्षको सम्झौता गरेको छ।

स्रोतका अनुसार मर्मत गर्न दिएको इन्जिन चाँडै नबन्ने र अर्को इन्जिन तत्काल भाडामा ल्याउन नसक्ने स्थितिमा निगमले एमटियूको इन्जिन फिर्ता गरिदिएको भए भाडाको खर्च घट्ने थियो। तर, पटक-पटक गरी ७५ दिन उडान नै नगरी दिनको दुई हजार डलरका दरले निगमले भाडा तिर्नुपऱ्यो।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले कहिलेकाहीँ जहाज ग्राउन्डेड हुनु र निगममाथि प्रश्न उठ्नु सामान्य भएको बताए। विस्तृतमा उनले कुरा गर्न चाहेनन्। 'कहिलेकाहीँ यस्तो (जहाज ग्राउन्डेड हुने) भइहाल्छ। क्वेसन उठ्ने त भइहाल्छ नि। यस विषयमा मसँग भन्दा पनि प्रवक्ता वा इन्जिनियरिङ डाइरेक्टरसँग कुरा गर्नुस्,' उनले छोटो प्रतिक्रिया दिए।

निगम प्रवक्ता रमेश पौडेलले भने सार्वजनिक खरिद ऐनको प्रावधानका कारण पनि ढिलाइ हुने गरेको दाबी गरे। 'हाम्रो सार्वजनिक खरिद ऐनको प्रावधान नतिजामुखीभन्दा बढी प्रक्रियामुखी हुँदा ढिलासुस्ती भइरहेको हो। प्रक्रिया पुऱ्याउने समय लागिरहेको छ। सरकारी नियम, कानुन र प्रक्रियाले ढिलाइ भइरहेको छ। त्यसैले एभिएसन क्षेत्रलाई सार्वजनिक खरिद ऐनमा पनि विशेष व्यवस्था गरिदिनुपर्ने आवश्यकता छ। यस क्षेत्रमा बनाएको आफ्नै नियमले नोक्सानी गरिरहेको छ,' उनले भने।

थप सन्धि...

पृष्ठ १ बाट क्रमशः

ठहर इजलासको छ। '...नेपालको संविधान, प्रचलित कानुन, अन्तर्राष्ट्रिय कानुन तथा दुई देशबीच भएका सन्धि सम्झौताको आधारमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, स्वाभिमान, नेपाली नागरिकको हकहितको रक्षा, सिमानाको सुरक्षा र नेपालको राष्ट्रिय हितको संरक्षण प्रयोजनार्थ राजनीतिक एवं कूटनीतिक पहल गरी आवश्यकताअनुसार थप सन्धि सम्झौता गर्नुपर्ने भए गरी आपसी समानता, सम्मान र पारस्परिक हित एवं चासोका आधारमा खुला सिमाना व्यवस्थापन तथा नियमन गर्नू, गराउनू,' फैसलामा छ।

अहिलेको अवस्थामा सीमा क्षेत्र खुला राख्दा शान्ति सुरक्षामा चुनौती बढ्ने भन्दै सर्वोच्चले त्यस्ता गतिविधि रोकी प्रभावकारी सीमा व्यवस्थापन गर्न आदेश गरेको छ। '...नेपाल भारतबीच खुला सीमाना रहेको सन्दर्भमा खुला सिमानाको नियमन र व्यवस्थापन हुन नसकेको कारण सो को दुरुपयोग गरी सीमा क्षेत्रमा विभिन्न अवैध र आपराधिक गतिविधि भएको, जसले गर्दा शान्ति सुरक्षामा चुनौती बढेको देखिँदा त्यस्ता गतिविधि रोकी प्रभावकारी सीमा व्यवस्थापन गर्नू-गराउनू,' सर्वोच्चले परमादेशमा भनेको छ।

१३ चैत २०७३ मा दायर रिटमा प्रधानमन्त्रीको कार्यालय, संघीय संसद्, परराष्ट्रका साथै रक्षा मन्त्रालय, गृह, कानुन मन्त्रालयलगायतका ११ वटा निकायलाई विपक्षी बनाइएको थियो। नेपाल र भारतबीच रहेको खुला सिमानाले सुरक्षा चुनौती बढाएको भन्दै त्यसलाई नियन्त्रित गर्नुपर्ने मागसहित परेको रिटमाथि १२ वैशाख २०७८ मा सर्वोच्चले फैसला दिएको थियो।

न्यायाधीशद्वय प्रकाशमानसिंह राउत र पुरुषोत्तम भण्डारीको इजलासको फैसलामा आफ्नो देशको सीमा निर्धारण गर्ने र सीमाबाट हुने आवतजावत तथा अन्य गतिविधिलाई नियमन र व्यवस्थित गरी समग्र देश र नागरिकको जिउधन तथा सार्वजनिक सुरक्षा कायम गर्नुपर्ने सरकारको दायित्व रहेको उल्लेख छ। दुई देशबीचको सिमाना भूगोलको बाँडफाँट मात्र नभई अन्य विविध आयामबाट पनि हेरिनुपर्ने र सीमा सुरक्षित हुनुपर्ने इजलासको निष्कर्ष छ।

दुई देशबीचको सीमा विवाद दीर्घकालीन रूपमा समाधान हुनुपर्ने सर्वोच्चको ठहर छ। 'अदालतले मुद्दाको रोहबाट दुई देशबीचको सीमा विवादलाई यो वा त्यो स्थानबाट सीमांकन गर्नु वा कुनै निश्चित विधिद्वारा सीमा निर्धारण गर्नु भनी निराकरण गरिने विषय होइन। अपितु नेपालको स्वाधीनता, राष्ट्रियता, सार्वभौमसत्ताको प्रश्नसँग छिमेकी देशसँगको सीमा समस्या गाँसिएको छ,' फैसलामा छ, '..नेपाल र भारतबीचको सीमा मामिला आपसी समन्वय, सद्भाव र सकारात्मकतामा सदाका लागि समाधान गर्नुपर्दछ। दुवै देशबीच दौत्य सम्बन्ध अझ सुदृढ र प्रगाढ पार्नका लागि पनि आपसी वार्ता, विश्वास, समझदारी र समन्वयमा सीमासम्बन्धी विवाद समाधान गरिनुपर्ने हुन्छ। नेपाल-भारत उच्चस्तरीय विज्ञ सीमा कूटनीतिक मिसन परिचालन गरी सहज वातावरण सिर्जना गर्नुपर्छ।'

खुला सीमाको प्रभावकारी व्यवस्थापनका निम्ति ड्रोन, सिसिटिभीजस्ता प्रविधिको प्रयोग गर्न अदालतले सरकारलाई भनेको छ। आधिकारिक परिचयपत्र देखाई र अभिलेख राखेर मात्र सीमा वारपार गर्न, गराउन सरकारका नाममा परमादेश छ। नेपाल भारत आवतजावत गर्न निश्चित स्थलमार्गको प्रयोग गर्नुपर्ने तथा अध्यागमन र सुरक्षा निकायलाई स्थानीय भाषाको तालिम दिनुपर्ने फैसलामा छ। '...नेपालका मिचिएका सीमा क्षेत्रको स्पष्टता र सीमांकनको लागि भारतसँग कूटनीतिक रूपमा पहल गरी समझदारी कायम गरी उचित प्रक्रियाबाट पुनः विवाद उत्पन्न नहुने गरी विवादित सीमाको उचित किसिमले विवादित क्षेत्रको सीमांकन गरी विवाद समाधान गर्नू,' फैसलाको अर्को बुँदामा थप छ, 'साथै हराएका सीमास्तम्भको निर्माण, पुनर्स्थापना गर्ने र दशगजा क्षेत्र खाली गराउने कार्य विज्ञसमूहले गरिरहेको भन्ने लिखित जवाफमा उल्लेख गरेको देखिँदा उक्त कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाई सम्पन्न गरी, गराई सीमा विवाद समाधान गर्नू, गराउनू।'

नेपाल भारतबीच केही हदसम्म नियन्त्रित आवतजावत भए पनि त्यसको फाइदा उठाउँदै गलत मनसाय लिई आपराधिक तत्वले अवाञ्छित क्रियाकलाप गर्ने गरेको भन्दै यस्तो आदेश दिइएको हो। आदेशमा उल्लेख भएअनुसार नक्कली नोटको धन्दा, अपराध गरी अर्को मुलुकमा लुक्ने प्रवृत्ति, चेलीबेटी बेचबिखन, लागुऔषधजस्ता विषय नेपालका लागि बढी चुनौतीका विषय हुन्। संक्रामक रोगसमेत खुला सीमाका कारण सजिलै नेपालमा फैलिने हुँदा नाका व्यवस्थित गर्न आवश्यक रहेको ठहर इजलासको छ।

दुवै देशले दशगजालाई सीमा मान्दै वारिपारिका नागरिकलाई खुला रूपमा आवतजावत गर्न दिइरहेका छन्। यस्तो किसिमको सिमाना थोरै मात्र देशहरूबीच पाइन्छ। तर, नेपालको कानुन वा कुनै सन्धि सम्झौताले भारतसँग खुला सीमा रहनुपर्ने भनी उल्लेख नगरेका कारण सीमालाई नियमन गर्नु उचित हुने निष्कर्षमा इजलास पुगेको छ। विगतमा राजपत्रमा सूचना प्रकाशित गरी तत्कालीन अध्यागमन ऐन, राहदानी ऐनजस्ता कानुनबाट नेपाल र भारतका नागरिकको आवागमनलाई व्यवस्थित गरी नियमन गरिएको भए पनि हाल स्थलमार्गमा त्यस्तो नियमनकारी व्यवस्था नभएको फैसलामा छ। जसपछि हवाईका साथै अब स्थलमार्गमा पनि परिचयपत्र देखाउने कागजातका आधारमा मात्र आवतजावत गर्ने व्यवस्था मिलाउन परमादेश भएको हो।

प्रधानमन्त्री भोलि...


पृष्ठ १ बाट क्रमशः

साइडलाइन वार्ता गर्ने समय हुँदैन। बाइडेनले प्रतिनिधिमण्डललाई स्वागत गर्ने र तस्बिर खिचाउने कार्य मात्रै हुने गर्दछ।

न्युयोर्कमा रहँदा प्रधानमन्त्री प्रचण्डले संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यसम्बन्धी सम्मेलन तथा जलवायु महत्त्वाकांक्षा सम्मेलनमा सहभागी हुने कार्यक्रम छ। यो साइडलाइनमा हुने महत्त्वपूर्ण कार्यक्रम हो। प्रधानमन्त्री प्रचण्डले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलगायत उच्च अधिकारीहरूसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्रले जनाएको छ। प्रधानमन्त्रीको साथमा उनकी छोरी गंगा दाहाल, परराष्ट्रमन्त्री एनपी साउद, परराष्ट्रसचिव भरतराज पौड्याल, संयुक्त राष्ट्रसंघका लागि स्थायी प्रतिनिधि लोकबहादुर थापालगायत सहभागी हुनेछन्। परराष्ट्रमन्त्री साउद नेतृत्वको एउटा प्रतिनिधिमण्डल भने यसअघि नै न्युयोर्क पुगिसकेको छ।

राष्ट्रसंघीय महासभालाई सम्बोधन गरेपछि प्रधानमन्त्री प्रचण्ड न्युयोर्कबाटै चीन जाने कार्यक्रम छ। तर, परराष्ट्रले उनको चीन भ्रमणबारे अहिलेसम्म जानकारी दिएको छैन। प्रधानमन्त्री प्रचण्डलाई एसियन गेममा सहभागी हुन चीन सरकारले निमन्त्रणा पठाएको थियो। यही निमन्त्रणामा सहभागी हुने क्रममा उनले चिनियाँ राष्ट्रपति सी जिनपिङ, प्रधानमन्त्री ली छियाङलगायतसँग बेइजिङमा भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्र स्रोतले जनाएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २००६/८/१२

स्वर्गारोहणः वि.सं. २०८०/५/१७

स्व. ज्ञानुराज हमाल

यस संस्थाका व्यवस्थापक सुशिल हमालका पिता ज्ञानुराज हमालज्यूको ७३ बर्षको उमेरमा असायिक निधन भएको आज १३औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना सहित समवेदना व्यक्त गर्दछौं ।

माता पूर्ण लक्ष्मी बचत तथा ऋण सहकारी संस्था परिवार
डिल्लीबजार, काठमाडौं

बिरामी हेर्दाहेर्दै...

पृष्ठ १ बाट क्रमशः

घन्टा हराउनुभएको र बिरामी (रेजिशा)का आफन्त धेरैपटक भित्र-बाहिर गरेको देखियो,' छानबिन समितिले पेस गरेको प्रतिवेदनमा उल्लेखित निष्कर्ष उद्धृत गर्दै मन्त्री बस्नेतले भने।

बिरामीका आफन्त बच्चाको उपचार गरिदिन छटपटाएको देख्दादेख्दै चिकित्सक भने उपचार नै छाडेर गायब हुनु हदैसम्मको लापरबाही भएकाले कारबाही गर्ने उनले बताए। 'घटना हुँदा म इजिप्टमा थिएँ, खबर थाहा पाएपछि तत्काल फोन गरेर छाबिनका लागि निर्देशन दिएको थिएँ,' मन्त्री बस्नेतले भने, 'छानबिन प्रतिवेदन आइसकेको छ। एक चिकित्सक र एक सेक्युरिटी गार्डले लापरबाही गरेको देखिएको छ। लापरबाही गर्नेमाथि प्रतिवेदनका आधारमा कारबाही गर्छु।'

उच्च ज्वरो र निरन्तर बान्ता भएर थलिएकी रेजिशालाई १८ भदौको साँझ आमा रिता गोपाली र हजुरबुबा कृष्णबहादुर गोपालीले कान्तिको इमर्जेन्सीमा पुऱ्याएका थिए। उनीहरूले तत्काल उपचारको व्यवस्था मिलाइदिन पटक-पटक गुहार गरे पनि त्यहाँ खटिएका कर्मचारीले पालोमा कुराएका थिए। दुई घन्टा पालो कुर्दा पनि उपचार नपाएपछि हजुरबुबा कृष्णबहादुरको काखमै रेजिशाको प्राण गएको थियो।

जहाँ आफ्नै गाउँ...

पृष्ठ १ बाट क्रमशः

छाँगरू, तिंकर जाने चेष्टा गरे पाँच दिनको पैदल नाप्नुपर्छ। दुई वर्षअघि सुदूरपश्चिम प्रदेश सरकारले पाँच करोड खर्च गरेर नेपाली सेनामार्फत निर्माण गरिएको गोरेटो बाटोसमेत भत्किएको छ। व्याँस गाउँपालिका- १ का दुई गाउँमा एक सय १० घरपरिवारको बसोवास छ। भारतले प्रवेश अनुमति नदिए व्याँसीको ६ महिनामा हुने (कञ्चा) बसाइँसराइ गर्न आफ्नो भूमिबाट सम्भव छैन। खाद्यान्न, औषधोपचारका लागि कतै जान परे भारतीय बाटो नै हो। त्यति मात्र होइन, वडा नम्बर २, ३, ४, ५ र ६ का नागरिक भारतीय बजार र सडकमा निर्भर छन्।

भारतमाथिको परनिर्भरताले सीमामा ज्यादती र दुर्व्यवहार

भारतीय पक्षले कतिसम्म दुर्व्यवहार गर्छ भन्ने उदाहरण २० भदौको एउटा घटनालाई हेरे पुग्छ। व्याँस गाउँपालिका- १ को तिंकरमा निर्माण गरिएको सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट स्थापनाको उद्घाटनका लागि हिँडेका महाकाली नगरपालिकाका मेयर नरसिंह चैसिर, व्याँस गाउँपालिकाका अध्यक्ष मंगलसिंह धामी, विद्यार्थी नेता दीपक खातीलाई भारतीय सीमा सुरक्षा बलले व्याँस जान रोक लगाएको थियो। भारतीय प्रशासनबाट बहुयात्रा अनुमति लिएर जाँदा पनि भारतको धार्चुलाबाट १४ किलोमिटर माथि तिगरमबाट फर्काइयो।

अध्यक्ष धामी भन्छन्, '२०७४ मा वडाध्यक्षमा निर्वाचित भएयता नेपाल-भारत आवतजावत गर्दा ममाथि भारतीय सुरक्षाकर्मी एसएसबीबाट दुर्व्यवहार भएको छ। गत भदौमा व्याँस गाउँपालिकामा व्यास ऋषिको पूजापाठ गरी फर्कने क्रममा भारतीय एसएसबीले आफूसँगै ल्याएर केरकार गरेको उनले सुनाए।

एमाले दार्चुलाका अध्यक्ष तथा नौगाड गाउँपालिकाका पूर्वअध्यक्ष प्रेमसिंह धामी भारतीय बजार र भारतीय बाटोको प्रयोग गर्दैनन्। तीन वर्षअघि चुच्चे नक्सा जारी गर्नुपर्ने र भारतले भूमि फिर्ता लिनुपर्ने अन्तर्वार्ता दिएको भन्दै उनलाई पौने एक घन्टा एसएसबीले केरकार गरेको थियो।

भारतीय एसएसबीले भारतविरोधी अभिव्यक्ति दिने व्यक्तिलाई भारत आवतजावतमा निगरानी गर्ने गरेको छ। कैयौं नेपालीले भारतीय सडक प्रयोग गर्दा उनीहरूबाट गाली-गलौज खानुपर्ने अवस्था आइरहेको दीपक खाती बताउँछन्। 'हामीहरूको दिनहुँ हिँडडुल गर्ने बाटो भारतीय नै हो। नेपाल-भारत जोड्न महाकाली नदीमा दर्जनौं पुल बनेका छन्, तर नागरिकलाई विभिन्न बहानामा दुःख दिने काम भारतीय सुरक्षाकर्मीले गर्ने गरेका छन्,' उनले भने।

अतिक्रमित भूमि नक्सामा समेटियो, प्राथमिकतामा परेन पूर्वाधार विकास

भारतले ६ दशकअघिबाट अतिक्रमण गरेर राखेको कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको भूगोल समेटेर ७ जेठ ०७७ मा सरकारले नयाँ नक्सा जारी गऱ्यो। नक्सा जारी गरेपछि केही समयका लागि राज्यको ध्यान कालापानी क्षेत्रमा परेको थियो। तर, यस क्षेत्रको पूर्वाधार विकासमा राज्यको नजर पर्न सकेको छैन, छाँगरू तिंकरवासी राज्यविहीनजस्तै अवस्थामा छन्। वर्षौंदेखि भारतसँग सीमा विवाद रहेको कालापानीनजिक छ, छाँगरू अनि चीनको सीमानजिककै गाउँ हो तिंकर। भारत र चीनसँग सीमा यही क्षेत्रमा जोडिन्छ।

दार्चुलाको तिंकर जोड्ने सडक पनि सरकारको प्राथमिकतामा परेको छैन। कञ्चनपुरकको ब्रह्मदेव हुँदै दार्चुलाको तिंकर जोड्ने गरी निर्माण सुरु गरिएको सडकमा हरेक वर्ष बजेट घट्दै गएको छ। सीमापारि भारतले भने सडक निर्माणलाई प्राथमिकता दिएको छ, उसले दुई लेनको सडक निर्माण गरिरहेको छ।

भौगोलिक विकटता रहेको छाँगरू र तिंकरसम्म सडक पुऱ्याउन सरकारले ०६५ बाट दार्चुला-तिंकर सडक सुरु गरेको थियो। महाकाली करिडोरअन्तर्गत व्याँस गाउँपालिका- ३ तुसारपानीदेखि वडा नम्बर १ तिंकर भञ्ज्याङसम्मको ७९ किलोमिटर सडकखण्ड नेपाली सेनाले निर्माण गरिरहेको छ। हालसम्म १० किलोमिटर मात्रै सडक निर्माण गरिएको छ।

यो सडक अहिलेसम्म व्याँस गाउँपालिकाको दुम्लिङभन्दा माथि उक्लिन सकेको छैन। महाकाली करिडोरअन्तर्गतको यो सडकको दार्चुलामा २५ किलोमिटर ट्र्याकसमेत खुलेको छैन। मागबमोजिमको वार्षिक बजेट विनियोजन गरिएमा १० वर्षसम्म यो सडकखण्डको ट्र्याक निर्माण गरिने सेनाले जनाएको छ। तर, सरकारले सेनाले मागेभन्दा एकतिहाइ बजेट मात्रै उपलब्ध गराइरहेको छ

'जबलाई (जहिले) बजेट आउँछ, काम राम्रा गर्दैनन्। नेताहरू राम्रा छैनन्। ७५ प्रतिशत आफूले पेटमा खान्छ, २५ प्रतिशत काम गर्छन्,' तिंकरकी सकुना तिंकरीको आक्रोश छ, 'हाम्रो क्षेत्रको विकास नहुने भयो। बाटोघाटो भइदिए पनि हुन्थ्यो। हमरामाथिका मान्छेले गर्दैनन्।'

सरकारले महाकाली करिडोर सडक आयोजनामा बर्सेनि ५० प्रतिशत बजेट घटाउँदै आएको छ। आव ०७८/७९ मा एक अर्ब तीन करोड बजेट रहेकोमा ०७९/८० मा ६३ करोडमा झारिएको थयो। चालू आव ०८०/८१ मा महाकाली करिडोर सडक आयोजनामा ४३ करोड रुपैयाँ मात्रै छुट्याइएको छ। कञ्चनपुरबाट डडेल्धुरा, बैतडी हुँदै दार्चुलाको तिंकरसम्म सडक सञ्जाल बनाउने गरी महाकाली करिडोर अगाडि बढाइएको हो। करिडोरअन्तर्गत दार्चुला क्षेत्रमा सडक बनाउन गत वर्ष २५ करोड खर्च भएको महाकाली करिडोर सडक आयोजना प्रमुख लक्ष्मणदत्त जोशीले बताए।

तिंकरकी अञ्जना बोहोराको गुनासो छ, 'देशको माया त हम्लाई पनि छ, याको विकास को अर्दैनन्, जो आए पनि कालापानी कालापानी भनिराखन्छ, दुःख जनताले भोगन्छ (देशको माया हामीलाई पनि छ। यहाँको विकास चाहियो पहिले।' व्याँस गाउँपालिका- १ का मन्दोदरी बुढाथोकी परम्परागत रूपमा व्यापार हुँदै आएको तिंकर नाका खुलाउनुपर्ने माग गर्छिन्। 'गाउँमा समस्यैसमस्या छ। बाटोघाटोको हालत देखिहाल्नुभयो,' उनले भनिन्, 'नाका बन्द भएकाले चार वर्षदेखि काम पाएका छैनौं। नाका खोलिदिए व्यापार गरिखान्थ्यौं।'

तिंकरमा छैन स्वास्थ्य चौकी

व्याँस गाउँपालिका- १ तिंकरमा स्वास्थ्य चौकी छैन, औषधिका लागि पनि चार घन्टा पैदल हिँडेर छाँगरू पुग्नुपर्छ। छाँगरूमा पनि औषधि नपाए सदरमुकाम खलंगा पुग्नुपर्छ, होइन भने भारतीय सीमा क्षेत्रका बजार चहानुँपर्छ। दुई वर्षअघि तिंकरमा स्वास्थ्य चौकी भवन निर्माण सुरु भएको थियो। तर, अहिलेसम्म अधुरै छ। व्याँस गाउँपालिकाका अध्यक्ष मंगलसिंह धामीले तिंकरमा यो वर्ष स्वास्थ्य चौकी सञ्चालनमा ल्याइसक्ने दाबी गरे।

यो गाउँमा ६५ घरधुरीको बसोवास छ। योभन्दा माथि गाउँ छैन। तिंकरकै छायालेकमा नेपाल प्रहरी पनि छ। गाउँमा विद्यालय छैन। दोहोरो बस्ती भएका कारण बालबालिका सदरमुकाम खलंगा लगेर पढाउने गरिएको छ। यहाँको विद्यालय वर्षौंअघिबाटै सदरमुकाम खलंगा सारिएको छ। 'हाम्रो गाउँको विद्यालय हाल सदरमुकाम खलंगामा चलिराखेको छ। गाउँका सबैका केटाकेटी खलंगा पढ्छन्। यहाँको विद्यालय भवन अहिले जीर्ण बनेको छ,' तिंकरका राईसिंह ऐतवालले भने।

गाउँमा टेलिफोन बल्ल एनटिसेट एक थान जडान गरेर सम्पर्क हुने भएको छ। यसअघि फोन गर्न पाँच घन्टा हिँडेर छाँगरू जानुपर्ने थियो।

सुरक्षाकर्मीको उपस्थितिले राज्यको अनुभूति

कुनै वेला व्याँस गाउँपालिकाको छाँगरू र तिंकरमा वर्षमा ६ महिना मात्रै नेपाल प्रहरीको चौकी रहन्थ्यो। तर, दुई वर्षदेखि नेपाल प्रहरी र सशस्त्र प्रहरी १२ महिना छाँगरूमा बस्न थालेका छन्। ३१ वैशाख ०७७ देखि सशस्त्र प्रहरी बस्न थालेको हो। अहिले व्याँस गाउँपालिका- १ छाँगरू गागामा सशस्त्र प्रहरीको ५० नम्बर गुल्म छ भने तिंकरमा बोर्डर आउट पोस्ट स्थापना गरिएको छ।

सशस्त्र र नेपाल प्रहरीको उपस्थिति हुँदै गएपछि नागरिकले थोरै भए पनि राज्यको अनुभूति गर्न थालेको व्यास- १ तिंकरका ललितसिंह बोहोरा बताउँछन्। 'राज्यले आफ्ना संयन्त्र राख्न थालेको छ। यो क्षेत्रमा अझै भन्सार कार्यालय पनि स्थापना हुनुपर्छ,' उनले भने।

सशस्त्र प्रहरी बल नम्बर ४४ गणका गणपति (एसपी) डम्बरबहादुर विष्टले कालापानीनजिक कौवा क्षेत्रमा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट राख्न प्रक्रिया अघि बढाइसकेको बताए। सशस्त्रको मात्रै उपस्थिति गराउन सके पनि यो क्षेत्रमा हुने सीमा अपराध, वन्यजन्तु तस्करी, काठ नोक्सानी हुनबाट जोगाउन सकिन्छ। छाँगरूमा सरकारी कार्यालयको रूपमा स्वास्थ्य चौकी ६ महिनाका लागि खुल्छ भने वडाको काम सदरमुकाम खलंगाबाटै हुने गर्छ। छाँगरू र तिंकरका विद्यालय खलंगामा छन्। सीमा प्रशासन कार्यालय यो वर्षबाट छाँगरूमा सरेको छ। तर, कर्मचारी गएका छैनन्।

Heartfelt Condolence



Date of Birth
11th March 1953

Date of Demise
12th September 2023

Late Subash Chandra Nembang

I am deeply saddened by the untimely passing of my dear friend, **Subash Chandra Nembang,** who served as the Chairperson of the Constituent Assembly, former Speaker, and Vice Chairman of CPN(UML).

I had a close and personal relationship with him for over 30 years, starting from his private practice, and he remained my closest friend ever since.

We will always remember him as a great leader who played pivotal roles, such as being the Speaker during the reinstated parliament following the 2006 people's movement, and as the Chairperson of the First and Second Constituent Assembly. He had a remarkable ability to manage disputes through constructive dialogues among all parties and the people, setting an example for all.

May his departed soul rest in peace in heaven, and my heartfelt condolences go out to his family.

You will always be in my heart "**मित्र**" I



B.K. Shrestha
Chairman
Everest Bank Limited

शुक्रबार २९ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

प्रधानमन्त्री दाहालले गरे एसियाडमा सहभागी हुने खेलाडीलाई बिदाइ

६ असोजबाट चीनमा सुरु हुने १९औँ एसियन गेम्समा सहभागिता जनाउने २९ मध्ये १९ खेलका खेलाडीलाई बिदाइ गर्दै प्रधानमन्त्रीले भने- म पनि सँगै खेल हेर्नेछु ।

रमेश सुवेदी/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले १९औँ एसियन गेम्समा सहभागी हुने खेलाडी, पदाधिकारी र अफिसियललाई बिदाइ गरेका छन् । बिहीबार प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको बिदाइ कार्यक्रममा २९ मध्ये १९ खेलका खेलाडीको सहभागिता थियो । १० खेलका खेलाडी भने वैदेशिक प्रशिक्षण र प्रतियोगितामा व्यस्त रहँदा बालुवाटारमा भएको बिदाइमा सहभागी भएनन् । ६ असोजबाट चीनको होन्झाउमा सुरु हुने प्रतियोगितामा जाने खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)को संरक्षकसमेत रहेका प्रधानमन्त्रीले खादा लगाएर बिदाइ गरेका हुन् ।

एसियन गेम्समा २९ खेलबाट १२६ पुरुष र १२७ महिला खेलाडीको सहभागिता रहनेछ । उद्घाटन सत्रमा आफ्नो पनि सहभागिता रहने प्रधानमन्त्री दाहालले बताए । 'एसियाली खेलकुदमा सहभागी हुने सबैलाई हृदयदेखि नै हार्दिक शुभकामना दिन चाहन्छु । आफ्नो तर्फबाट शतप्रतिशत दिने प्रयास गर्नुहोस्,' प्रधानमन्त्री प्रचण्डले भने, 'मार्सलआर्टबाट पदकको आशा गरिएको छ । खेलाडीहरूले राम्रो गरिरहनुभएको छ ।' 'उद्घाटन सत्रमा म पनि हुनेछु । तपाईंहरूसँगै खेलको रोमाञ्चकता लिन्छु,' उनले थपे ।

सरकार आवश्यक नीति तयार गर्न, खेलमा लगानी गर्न र पूर्वाधारको विकासमा लाग्न प्रयत्नशील रहेको बताएका छन् । एसियाडमा एथलेटिक्स, जुडो, करँते र ब्याडमिन्टनमा समान आठ, बास्केटबल, पौडी, कुस्ती, ट्रायथलन र आर्चरीमा समान चार, बक्सिङमा १३, क्रिकेटमा १५ र ई-स्पोर्टस्मा २३ खेलाडी छन् ।

फेन्सिङ, टेबलटेनिस, स्क्वास, टेनिस र गल्फमा समान ६, फुटबलमा २२, ह्यान्डबलमा १६, कबड्डी, उसु र रग्बीमा समान १२, तेक्वान्दोमा ११, भलिबलमा २४ र भारोत्तोलनमा पाँच, साइक्लिङ र सुटिङमा दुई तथा ब्रेकिन डान्स र क्यानोइङमा समान एक खेलाडीको सहभागिता रहनेछ । बिदाइ कार्यक्रममा प्रधानमन्त्री दाहालसँगै युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बू, उपाध्यक्ष शिव कोइराला, सदस्यसचिव टंकलाल घिसिङ, ओलम्पिक कमिटी (एनओसी)का अध्यक्ष जीवनराम श्रेष्ठलगायत सहभागी थिए ।



बिदाइ कार्यक्रमपछि प्रधानमन्त्रीसँग सामूहिक तस्बिर खिचाउँदै खेलाडी । तस्बिर सौजन्य : राखेप

■ खेलाडीहरूसँग प्रधानमन्त्रीले भने- बक्यौता पुरस्कार रकम तत्कालै आउँछ

प्रधानमन्त्री दाहालले आज बस्ने मन्त्रिपरिषद् बैठकले खेलाडीको घोषित पुरस्कार रकम निकासा गर्ने बताएका छन् । उनले प्राविधिक तथा केही नीतिगत कारण आफैंले घोषणा गरेको पुरस्कार उपलब्ध गराउन ढिला भएको बताउँदै सबै बाधा सकिएको बताएका छन् । 'केही प्राविधिक, केही नीतिगत कारण आफैंले घोषणा गरेको पुरस्कार ढिला हुन गएकोमा दुःख व्यक्त गर्न चाहन्छु । अब सबै बाधा फुकुवा भएको छ । अर्थ मन्त्रालय हुँदै राखेपमा पुगेको छ । क्याबिनेटको बैठकसँगै खेलाडीले सबै पाउनेछन्,' प्रधानमन्त्री प्रचण्डले सम्मान कार्यक्रममा बताए । यसपछि उपस्थित खेलाडीले एकैपटक ताली बजाएका थिए । प्रधानमन्त्रीको घोषणामा धेरै खुसी हुने खेलाडी क्रिकेटका थिए ।

■ खेलकुदका लागि चीन भ्रमण उपलब्धिमूलक हुने विश्वास

प्रधानमन्त्री दाहालले खेलकुद क्षेत्रको पूर्वाधारका लागि चीन भ्रमण उपलब्धिमूलक हुने बताएका छन् । आफ्नो चीन भ्रमण खेल क्षेत्रको पूर्वाधार बनाउन उल्लेखनीय हुने बताएका हुन् । पूर्वसंस्कृति तथा पर्यटनमन्त्री एवं एनओसीका अध्यक्ष श्रेष्ठले चीन भ्रमणमा पूर्वाधार बनाउन पहल गर्नुपर्ने बताएपछि अमेरिका हुँदै चीन जाने तयारीमा रहेका प्रधानमन्त्री दाहालले सो प्रतिबद्धता जनाएका हुन् । 'आधुनिक सबै सुविधासम्पन्न रंगशाला बनाउने, कभर्डहल बनाउने या विभिन्न विधाका खेलका लागि आवश्यक पूर्वाधार बनाउने कुरामा ध्यानाकर्षण गराउनुभएको छ । यसपटक चीन भ्रमणमा खेल क्षेत्रमा केही उल्लेखनीय कामका निम्ति पहल गर्नेछु । विश्वास दिलाउन चाहन्छु,' प्रधानमन्त्रीले भने । उनले खेलकुद क्षेत्रमा रहेका राखेप सदस्यसचिव, खेलकुदमन्त्रीले खेलकुद क्षेत्रको विषयमा झकझकाउने गरेको र आफूसमेत खेलकुदप्रेमी भएको बताएका छन् ।

■ खेलाडीलाई रातो पासपोर्ट दिन माग

युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले खेलाडीको सेवासुविधा बढाउनुपर्ने र रातो पासपोर्ट उपलब्ध गराउनुपर्ने माग गरेका छन् । प्रधानमन्त्रीसमक्ष उनले भने, 'मैले खेलाडीको पीडा बुझेको छु । एयरपोर्टमा घन्टौं लाइनमा बस्नुपर्ने अवस्था छ । त्यसको अन्त्य होस् भन्न रातो पासपोर्टको माग गरेको छु । सरकारले सहयोग गर्नुपर्छ,' मन्त्री लिम्बूले भनेका छन् । उनले खेलाडीको सेवासुविधा कम भएको र सधैं चनाचिउराले पदक जित्न नसक्ने बताए । साथै, सामाजिक सुरक्षा कोषबाट खेलाडीलाई सुविधा दिनुपर्ने माग राखेका छन् ।



■ ५० हजार क्षमताको रंगशाला प्रस्ताव गर्नुपर्छ : श्रेष्ठ

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले प्रधानमन्त्री दाहाल चीन भ्रमणमा रहँदा ५० हजार दर्शक क्षमताको रंगशाला बनाउन प्रस्ताव गर्नुपर्ने बताएका छन् । उनले यसअघि पनि चीनले नेपाली खेलकुदमा धेरै सहयोग गरेको र यसपटक प्रधानमन्त्रीको भ्रमणका क्रममा प्रस्ताव भए ठूलो खेलकुद कम्प्लेक्स बन्ने बताए । 'हामी विकसित धेरै देशको तुलनामा खेल पूर्वाधारमा निकै कमजोर छौं । हुनुपर्ने पूर्वाधार नै छैन,' श्रेष्ठले भने, 'यस विषयमा प्रधानमन्त्रीज्यूले छलफल गर्नुहुन्छ भन्ने अपेक्षा छ । ५० हजार दर्शक क्षमताको रंगशाला, स्पोर्टस् कम्प्लेक्स बनाउन प्रस्ताव गऱ्यो भने सहयोग आउने सम्भावना छ,' श्रेष्ठले थपे । 'यसअघि पनि दशरथ रंगशालालगायत धेरै पूर्वाधार बनाउन चीन सकारात्मक भएको थियो । यसपटक पहल भए खेलकुद क्षेत्रको पूर्वाधार राम्रो हुनेछ ।' यस्तै, श्रेष्ठले खेलकुदपिताको नातासे प्रधानमन्त्रीबाट शुभकामना र बिदाइ पाउँदा खेलाडी खुसी र उत्साहित भएको बताए । राखेप सदस्यसचिव टंकलाल घिसिङले साउनदेखि बन्दसत्रमा रहेको र तयारी राम्रो भएको बताएका छन् । उनले पदकको सम्भावनासमेत रहेको बताएका छन् ।



खेल संक्षेप

३० भदौदेखि लामाचौर कप भलिबल

कास्की/ १०औँ संस्करणको लामाचौर कप राष्ट्रिय महिला पुरुष भलिबल प्रतियोगिता ३० भदौदेखि हुने भएको छ । १ असोजसम्म सञ्चालन हुने प्रतियोगितामा महिलातर्फ चार र पुरुषतर्फ पाँच टिमले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ । महिलातर्फ विभागीय सशस्त्र प्रहरी बलको नेपाल एपिएफ क्लब, नेपाल पुलिस क्लब, न्यु डायमन्ड युथ स्पोर्टस् क्लब र न्यु एभरेस्ट भलिबल क्लब बुटवलले प्रतिस्पर्धा गर्नेछन् । पुरुषतर्फ मणिमुकुन्द भलिबल क्लब बुटवल, एपिएफ क्लब, नेपाल पुलिस क्लब, गलकोट स्पोर्टस् क्लब बागलुङ र गण्डकी प्रदेशको टिमले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा दुवै विधाका विजेताले एक लाख ५० हजार एक सय ११, उपविजेताले एक लाख एक सय ११, तेस्रोले ५० हजार एक सय ११ रुपैयाँ पाउनेछन् ।

युवा र खेलकुद नीति कार्यशाला हुने

काठमाडौं/ नेपाली कांग्रेस बागमती प्रदेश खेलकुद तथा युवा विभागले खेलकुदको महत्त्वबारे सरोकारवालालाई बुझाउने उद्देश्यले २९ भदौमा 'युवा र खेलकुदमा नीति' कार्यशाला आयोजना गर्ने भएको छ । आयोजकले यसबाट नेपालमा खेलकुद विज्ञानको विद्यमान स्थितिको मूल्यांकन गर्ने, खेलकुद क्षेत्रमा संलग्नताका लागि आशाजनक क्षेत्रहरू पहिचान गर्ने र नेपालमा खेलकुद नीति तथा रणनीति निर्माण गर्ने लक्ष्य राखेको छ । कार्यक्रमलाई सूर्यप्रसाद उपाध्याय स्मृति प्रतिष्ठान, ललितपुर नगरपालिका, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय र सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले सहयोग गरेका छन् ।

अपी क्रिकेट कार्निभल शनिबारबाट

काठमाडौं/ अपी स्कुलको आयोजनामा हुने 'अपी क्रिकेट कार्निभल' शनिबारबाट सुरु हुने भएको छ । आयोजक अपी स्कुलले बिहीबार पत्रकार सम्मेलनमार्फत प्रतियोगिता २ असोसम्म हुने जानकारी दिएको हो । प्रतियोगिता धापासी हाइट टोखामा सञ्चालन हुनेछ । प्रतियोगितामा काठमाडौंका १२ स्कुलको सहभागिता रहनेछ । आयोजक अपी स्कुलको दुई टोली, युरो स्कुल, रेडियन्ट स्कुल, उज्ज्वल शिशु निकेतन एकेडेमी, एलआरआई, मोक्षदा स्कुल, एन्जल हर्ट, नितेन मेमोरियल, थिलिङटार हाइयर सेकेन्डरी, एभिएस र श्रीकामना बोर्डिङ स्कुलले सहभागिता जनाउने छन् । प्रतियोगितामा सहभागी हुने टोलीका खेलाडी सोही स्कुलमा कक्षा १० सम्म अध्ययनरत हुनुपर्ने आयोजकले जनाएको छ । सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ । प्रत्येक समूहमा तीन टोली रहनेछन् । समूहका शीर्ष दुई टोली क्वार्टरफाइनलमा प्रवेश गर्नेछन् । १० ओभरको खेलमा प्रत्येक टोलीका आठ खेलाडीले खेल्नेछन् ।

वडा ११ को जित

काठमाडौं/ प्रयागराजसिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगितामा बिहीबार वडा ११, १९, १५ र ८ ले जित हात पारेका छन् । लैनचौर फुटसल मैदानमा जारी प्रतियोगिताको दिनको पहिलो खेलमा वडा ११ ले वडा २९ लाई १-० ले हरायो । वडा ११ का लागि विक्रम महर्जनले निर्णायक गोल गरेका थिए । दोस्रो खेलमा वडा १९ ले वडा २ लाई पेनाल्टी सुटआउटमा ३-२ ले पराजित गर्न सफल भयो । तेस्रो खेलमा वडा १५ ले वडा ६ लाई २-० ले तथा चौथो खेलमा वडा ८ ले वडा ३१ लाई ३-२ ले हराएका हुन् । विजयी चारै टोली प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन् । शुक्रबार वडा ७ र वडा ३२, वडा १ र वडा २७, वडा २५ र वडा १७ तथा वडा २० र वडा ९ बीच खेल हुने तालिका छ ।

भेन्ट्रान्स क्रिकेट टोलीले पाकिस्तानमा खेल्ने

नयाँ पत्रिका

पाकिस्तानमा हुने 'ओभर फोर्टिज क्रिकेट ग्लोबल कप'मा नेपालले सहभागिता जनाउने भएको छ । किरणशमशेर जबराको कप्तानीमा रहेको १५ सदस्यीय टोली पाकिस्तान जाने भएको हो । १८ सेप्टेम्बरदेखि २ अक्टोबरमा हुने प्रतियोगितामा नेपालसँगै अस्ट्रेलिया, वेस्ट इन्डिज, पाकिस्तान, अमेरिका, हङकङ, युनाइटेड अरब इमिरेट्स (युएई) र क्यानडाले सहभागिता जनाउने पक्का भएको छ ।



किरणशमशेर जबरा

नेपाली टोलीमा किरणसँगै विकास सिंह, सन्तोष भण्डारी, उदयबहादुर थापा (उपकप्तान), सन्तोष भण्डारी, सजल देवकोटा, समीर क्षेत्री, रामनरेश यादव, रविन जोशी, बाबुजान अन्सारी, मुर्तुजा हवारी, सञ्जय श्रेष्ठ, विनित बास्तोला, सचिन मल्ल, सुमन उदय, खेमबहादुर थापा छन् । यसैगरी, टोलीको व्यवस्थापनमा कर्णवीर थापा क्षेत्री रहेका छन् । नेपाली टोलीको अभ्यास राम्रो भएको र नतिजा अनुकूल निकाल्ने कप्तान किरणले बताएका छन् । 'तयारी राम्रो भएको छ । नजितासमेत अनुकूल निकाल्ने विश्वास छ,' उनले भने ।

प्रतियोगितामा सबै देशबाट ४० वर्षमाथिका खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । एकदिवसीय संरचनामा हुने प्रतियोगितामा पाकिस्तानका चर्चित खेलाडी साहिद अफ्रिदी, मिसवाह उल हकजस्ता खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । राउन्ड रोविन लिग पद्धतिमा हुने प्रतियोगिताबाट शीर्ष चार टोली सेमिफाइनल प्रवेश गर्नेछन् ।

प्रतियोगिताका लागि नेपाली टोलीसँगै अम्पायरमा रवीन्द्र गुप्ता पनि पाकिस्तान जानेछन् । गुप्ताले घरेलु प्रतियोगितामा निर्णायकको भूमिका निभाउँदै आएका छन् । उनले अन्तर्राष्ट्रिय प्रतियोगिता खेलाउन आफू उत्साहित रहेको बताएका छन् ।

महिला रेफ्रीले एसियन कप खेलाउने



कतार फिफा विश्वकप खेलाइसकेकी जापानी योसिमी यामासिता पुरुष एसियन कप खेलाउने पहिलो महिला रेफ्री

एजेन्सी/ पुरुष एसियन कप फुटबलमा पहिलोपटक महिलाले निर्णायक भूमिका निभाउने भएका छन् । एसियाली फुटबल महासंघ (एएफसी)ले पहिलोपटक पुरुष एसिया कपमा महिला रेफ्रीलाई खेल खेलाउन मान्यता दिएको हो । जापानकी योसिमी यामासिता पुरुष एसियन कप खेलाउने पहिलो महिला बन्ने पक्का भएको छ । एसिया कप अर्को वर्ष कतारमा हुँदै छ । योसिमीले सन् २०२२ को कतार फिफा विश्वकप खेलाइसकेकी छिन् । दोहामा भएको फाइनल खेलमा फ्रान्सलाई हराउँदै अर्जेन्टिना च्याम्पियन भएको थियो । अर्की चार महिला रेफ्रीले पनि १२ जनवरीदेखि १० फेब्रुअरीसम्म हुने प्रतियोगिता खेलाउनेछन् । 'पहिलोपटक महिला रेफ्रीले एसियाको ठूलो प्रतियोगिता खेलाउने भएका छन्,' एएफसीले भनेको छ ।

यसपटकदेखि एएफसीले भिडियो सहायक रेफ्री (भिएआर) पनि राख्ने बताएको छ । साबिक विजेता कतारले यसपटक प्रतियोगिता आयोजना गर्दा २४ टोलीको सहभागिता रहनेछ । विश्वकपको अन्तिम १६ मा स्थान बनाएका जापान र दक्षिण कोरिया नै यसपटकको मुख्य दाबेदार हुन् । यसैगरी, एएफसीले पहिलोपटक एएफसी एसिया महिला च्याम्पियन्स लिग अर्को वर्षबाट गर्ने बताएको छ ।

■ नौ रंगशालामा खेल हुने

एएफसी एसियन कप नौ रंगशालामा हुँदै छ । विश्वकप आयोजना भएको अल बायत मैदान, लुसेल मैदान, अहमद विन अली रंगशाला, एजुकेस सिटी रंगशाला, खलिफा अन्तर्राष्ट्रिय रंगशाला, अल थुमाम रंगशालासहित जासिम विन हमाद, अब्दुल्लाह विन खालिफा र अल जानोउब मैदानमा खेल हुने कतारले जनाएको छ । विश्वकप आयोजना भएको लुसेल मैदानमा सर्वाधिक ८८ हजार दर्शक अटाउनेछन् ।

क्रिकेट संघको अधिवेशन काठमाडौंमा

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)को केन्द्रीय चुनावी साधारणसभा ५ र ६ असोजमा काठमाडौंमा हुने भएको छ । बिहीबार क्यानले सूचना निकाल्दै नयाँ बानेश्वरस्थित एभरेस्ट होटेलमा दुई दिन साधारणसभा गर्ने तालिका सार्वजनिक गरेको हो । साधारणसभाले आगामी चार वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

केन्द्रीय अधिवेशनअघि ४५ जिल्ला र सात प्रदेशको निर्वाचन भइसकेको छ । साधारणसभामा केन्द्रीय कार्यसमिति सदस्य, प्रादेशिक क्रिकेट संघ, जिल्ला क्रिकेट संघ, नेपाल अम्पायर्स तथा स्कोरर्स संघ र नेपाल क्रिकेट प्रशिक्षक संघबाट चयन भएका प्रतिनिधिहरूले भाग लिन पाउनेछन् । आगामी चारवर्षे नेतृत्वका लागि वर्तमान अध्यक्ष चतुरबहादुर चन्द नै दोहोरिने पक्कापक्की छ ।

केन्द्रीय अधिवेशनअघि ४५ जिल्ला र सात प्रदेशको निर्वाचन भइसकेको छ, आगामी चार वर्ष नेतृत्वका लागि वर्तमान अध्यक्ष चतुरबहादुर चन्द नै दोहोरिने पक्कापक्की

कोषाध्यक्ष रोशनकुमार सिंहले अध्यक्षमा उठ्ने बताएका छन् । तर, जिल्ला र प्रदेशको निर्वाचनको नतिजा आफूअनुकूल नआएपछि उनी पछि हटेको बताइन्छ । यता, चन्द भने सर्वसम्मत कार्यसमिति बनाउने प्रयासमा छन् ।

बागमती प्रदेशका चार जिल्ला चन्दलाई सहयोग गर्न तयार छन् । काठमाडौं जिल्ला क्रिकेट संघका अध्यक्ष दिवाकर घलेले क्रिकेट विकासमा सबै पक्ष मिलेर जानुपर्ने र सर्वसम्मत कार्यसमिति चयन गर्नुपर्ने जोड दिँदै आएका छन् । 'अब पनि क्रिकेटमा पक्ष र विपक्ष भनेर हुँदैन । सबैजना मिल्नुको विकल्प छैन । नेपाली क्रिकेटलाई माथिल्लो स्तरमा पुऱ्याउन सबैले हातेमालो गर्नुपर्छ,' घलेले भनेका छन् ।

क्यानले बन्दसत्रको एजेन्डा पनि सार्वजनिक गरेको छ । आर्थिक वर्ष ०७९/८० को वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने, वार्षिक लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति र संघको विधान र विविध गरी चार विषय समावेश गरिएको छ ।

Itahari Sub-Metropolitan City
Office of the Municipal Executive
Itahari, Sunsari

Invitation for Bids

First Date of Publication: 2080/05/29 (15th September 2023)

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

S. N.	Contract Identification Number	Work/ Description	Average Annual Construction Turnover	Minimum Work experience of similar size and nature	Bid Price	Bid Validity/ Security Period	Bid Security Amount (Nrs.)	Remarks
1	ITR/NCB/14 W/080/081	Construction ward office building of ward no 7, 13 and 15, Itahari, Sunsari	7,52,00,000.00	3,00,75,000.00	5,000.00	90/120 days	13,80,000.00	Single Stage Double Envelope

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com